ISLAM GATE
بوابة الإسلام الدعوية

جمعية الدعــــوة والإرشاد
وتوعية الجاليات بالأحســــاء
AL-AHSA ISLAMIC CENTER



نيبالي

# لماذا الإسلام ؟

# इस्लाम नै किन ?

تأليف فاتن صبري
ترجمة : افروز عالم مدني

# لماذا الإسلام ؟

# इस्लाम नै किन ?


**إعداد: فاتن صبري**

**लेखक: फ़ातेन सबरी**

**ترجمة: أفروز عالم المدني النيبالي**

**अनुवाद: अफरोज़ आलम मदनी नेपाली**

ⓒ جمعية الدعوة با الأحساء ، ١٤٤٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

جمعية الدعوة با الأحساء
لماذا الإسلام : باللغة النيبالية. / جمعية الدعوة با الأحساء ؛ افروز عالم نصاري .- الاحساء ، ١٤٤٣هـ

٨٥ ص ؛ ..سم

ردمك: ٣-١-٩١٧١٧-٦٠٣-٩٧٨

١- الاسلام أ.نصاري ، افروز عالم (مترجم) ب.العنوان

ديوي ٢١٠ ١٤٤٣/٢٠٤٠

رقم الإيداع: ١٤٤٣/٢٠٤٠
ردمك: ٣-١-٩١٧١٧-٦٠٣-٩٧٨

# विषय सूची


| क्र० | विषय | पृ० |
|---|---|---|
| 1 | लेखकको दुई शब्द | 5 |
| 2 | भूमिका | 8 |
| 3 | विज्ञापन माध्यम (मिडिया) का नकारात्मक प्रचारको बावजुद इस्लाम किन फैलिरहेको छ ? | 19 |
| | 1- सृष्टिकर्ता (अल्लाह) "मात्र एक" को धारणालाई इस्लामले सुनिश्चित गरेको छ । | 20 |
| | 2- इस्लामले पवित्र कुर्आनलाई हानि र कमी वृद्धिबाट सुरक्षित राखेको छ। | 21 |
| | 3- इस्लामले प्राचीन पुस्तक र नियमलाई स्वीकार र पूर्व संदेष्टाहरुको सम्मान गर्दछ। | 22 |
| | 4- इस्लामले स्वतन्त्र आस्थाको विशेष बन्दोबस्त गरी अन्य धर्म मान्नेहरुलाई संवादको लागि आमन्त्रित गरेको छ। | 23 |
| | 5- इस्लामले बुद्धि विचारको तर्कलाई प्राथमिकता दिने साथै ब्रह्माण्डमा विचार र मनन गर्नेतिर ध्यान आकर्षित गराएको छ। | 27 |
| | 6- इस्लामले मानिसलाई मूल पापको भारबाट मुक्त गरेको छ। | 33 |

| | | |
|---|---|---|
| | 7- इस्लामले नैतिक शुद्धता, शालीनता र लज्जताको आह्वान गर्दछ। | 34 |
| | 8- इस्लामले नैतिक शुद्धता, शालीनता र लज्जताको आह्वान गर्दछ । | 35 |
| | 9- इस्लाम सन्तुलन, बराबरी, मध्यमता र सहिष्णुतामा आधारित छ। | 37 |
| | 10-इस्लाममा ईश्वर अल्लाहको दयाबाट निराशा छैन। | 39 |
| | 11-इस्लामले समानता, एकता, जातीय भेदभावको विरुद्ध लडाईको आह्वान गर्दछ। | 40 |
| | 12-इस्लाम स्वतन्त्रताको धर्म हो। | 43 |
| | 13-इस्लाम न्यायको धर्म हो। | 48 |
| | 14-इस्लामले अधिकारहरुको संरक्षण गर्दछ। | 50 |
| | 15-इस्लामले समकालीन समाजिक समस्याहरुको उपचार गरेको छ | 58 |
| | 16-युद्धमा कैदीहरूको अधिकार सम्बन्धी जिनेभा सम्मेलन भन्दाबढी इस्लामको श्रेष्ठता। | 59 |
| | 17-इस्लामको वित्तीय प्रणालीले अर्थव्यवस्थालाई स्थिर गर्नमा मद्दत गर्दछ। | 60 |
| | 18-इस्लामले धन र स्वास्थ्यको संरक्षण गर्दछ। | 61 |
| | 19-महिला अधिकारमा इस्लाम संयुक्त राष्ट्र संघ भन्दा उच्च छ। | 63 |

| | | |
|---|---|---|
| | 20- इस्लाम प्रेम र सहयोगको धर्म हो। | 74 |
| | 21- इस्लाम लोक परलोक दुबै जीवनमा सौभाग्य प्राप्त गर्न एक मात्र बाटो हो। | 75 |
| 3 | पैगम्बर मुहम्मदको व्यक्तित्व प्रशंसा | 76 |
| | - नेपोलियन बोनापार्ट | 76 |
| | - महात्मा गान्धी | 76 |
| | - लामार्टिन | 77 |
| | - एडवर्ड गिब्न | 78 |
| | - बॉसवर्थ स्मिथ | 78 |
| | - एनी बिजान् | 79 |
| | - जेम्स माइकनर | 79 |
| | - माइकल हार्ट | 80 |
| | - सरोजनी नायडू | 81 |
| | - थोमास कारबेल | 82 |
| | - स्टानली ली पॉल | 82 |
| | - जर्ज बर्नार्ड शॉ | 82 |
| 4 | सारांश | 84 |

# लेखकको दुई शब्द

संसारभरको मेरो यात्राको क्रममा मैले धेरै भाषाहरू सिखें र विभिन्न संस्कृतिहरू पनि जानें। विभिन्न संस्कृति र सभ्यताहरू र विभिन्न भाषा र मानिसका विश्वासलाई हेर्दा हामी पाउँदछौं कि मूल्यता, नैतिकता र मानवताको अर्थको सम्बन्धमा केही संप्रदायहरू बीच साझा छ। हाम्रा समस्याहरू, चुनौती र महत्वकांक्षाहरू एक समान छन्। मानिसहरु भित्र मूल्यता, नैतिकता र मानवताको अर्थको सम्बन्धमा मात्र साझा रहेको छैन बरु ऐतिहासिक पृष्ठभूमि, धर्म र विश्वासमा पनि साझा रहेको छ। हामी सबै एउटै पूर्वज आदममा भेट्छौं र आदमको एउटै धर्म र विश्वास हुनुपर्छ, अनि विश्वास र धर्महरुको भिन्नता मानवबाट आएको हो, भन्ने कुरा प्रष्ट हुन्छ।

मानिसहरुको विश्वासलाई नियालेर हेर्दा थाहा हुन्छ कि अधिकांश समुदायहरु जोसँग धार्मिक सम्पदा र बिभिन्न धार्मिक प्रतीकहरु छन् अहिले पनि ब्रह्माण्डको सृष्टिकर्ताको अस्तित्वमा विश्वास गर्दछन् र अप्ठ्यारोमा परेको बेला उनिकै सहारा लिन्छन्। जसले यो पुष्टि गर्दछ कि यी धर्म र विश्वासको ऐतिहासिक उत्पत्ति एउटा प्रमाणिक र साँचो धर्मबाट भएको हो। अनि वर्तमानका मानिसहरुसँग जुन धार्मिक सम्पदा छ त्यो एकेश्वरवादको सिद्धान्त र एक ईश्वरमाथि विश्वास र उहाँकै पूजा उपासना मात्र गर्ने भन्ने कुरामा आधारित रहेको छ। र यी धर्म र पुस्तकहरूमा (ग्रन्थहरुमा) यस्ता प्रमाण र तर्कहरु छन् जसले तिनीहरूको मूल जरो र उत्पत्ति इस्लाम र एकेश्वरवादको सिद्धान्तमा मिल्छ भन्ने संकेत गर्दछन्।

सबैको मनमा जुन यो प्रश्न आउँछ कि: इस्लाम नै किन ? त उत्तर एकदम सरल छ, किनकि यो मानवजातिको पिता आदमको धर्म हो।

यस पुस्तकमा वर्णन गर्नेछु कि: किन इस्लाम नै पहिलो, सत्य र उचित धर्म हो जसबाट मानवजातिको सुरुवात भएको छ, र जसलाई धेरै समुदायले छोडे। म वर्णन गर्नेछु कि अन्य धर्महरुलाई छोडेर किन इस्लाम धर्मलाई नै मात्र -अनौठो तरिकाले- अशुद्ध र आतंकवादको आरोपबाट संलग्न गर्ने प्रयास गरिएको छ।

यस पुस्तकको उद्देश्य मानिसहरूलाई इस्लाम धर्मको बारेमा परिचय गराउनु हो। र यो एकेश्वरवादको सन्देश हो जुन ईश्वर अल्लाहले सम्पूर्ण समुदायको लागि पठाउनुभयो। र ती सबै सन्देशवाहकहरू जसलाई अल्लाहले पठाउनु भएको थियो यस आस्था र सिद्धान्तको बारेमा मानिसहरूलाई सम्झाउने प्रयास र कडा प्रयत्न गरिरहेका थिए। मानिसहरुको दिमाग, विचार र विश्वासलाई अशुद्धता र विकृतिबाट शुद्ध पार्ने र सम्पूर्ण ब्रह्माण्डको ईश्वरको सम्झना गराउने, उनीतिर प्रवृत्त हुने र उहाँसँग सीधा सम्पर्क गर्ने र उनीहरुको दिमागको अचलता, परम्परा र रीतिरिवाजहरुमा रहेको सोचाइलाई तोड्ने, र मुक्त हृदय र स्वतन्त्रताको साथ मानिसहरूलाई आविष्कार र सृजनामा प्रेरित गर्ने इस्लामको लक्ष्य रहेको छ।

यस पुस्तकले समयको अन्तरकाल साथ विभिन्न संसकृति र व्यक्तिहरू समाहित गर्ने क्रममा समकालीन घटनाहरू विकासको साथ तालमेल राख्दै, त्यसको स्थायित्व र लामो समय जारी रहने क्षमतालाई समेट्दै, इस्लामलाई बदनाम गर्ने दुर्भावनापूर्ण प्रयास र त्यस बिरूद्ध

नकारात्मक प्रचार जसले इस्लामलाई आतंकवादको रुपमा वर्णन गर्दछ यसको बाबजुद इस्लामको विशिष्टता, उत्कृष्टता र नम्रतालाई प्रष्ट पार्दछ।

दुख लाग्दो कुरो के छ भने कि धेरै मानिसहरूले इस्लाम माथि आरोप लगाउँदछन् जबकि तिनीहरूलाई यसको सिद्धान्त वा नियम वा यसले के भन्छ भन्ने कुरा थाह्य पनि हुँदैन। न त तिनीमध्ये कसैलाई कुरआनमा भएका मानिसहरूको लागि भलाई, राम्रा उपदेशहरु र तत्वदर्शिताका ज्ञानहरुको बारेमा थाह्य छ। निःसन्देह मानिसहरुको अज्ञानताले ह्यमीमाथि इस्लाम धर्मको सत्यता प्रष्ट पार्ने आवश्यकताको ठूलो जिम्मेवारी बोकाउँ छ। त्यसैले म यस्ता मानिसहरूलाई जो सत्यबाट टाढा र वन्चित छन् र जसको आँखामा पर्दा परेको छ पुनर्विचार गर्न र एक पटक कुरआन पढ्नको लागि अवसर प्रदान गर्न र त्यस माथि आदेश लगाउनु भन्दा अघि त्यसको सिद्धान्तहरू जान्न आमन्त्रित गर्दछु।

म सर्वशक्तिमान अल्लाहसित प्रार्थना गर्दछु कि यस पुस्तकलाई सत्यको खोजी गर्ने, उज्यालो दिमाग र खुल्ला ह्रदय भएको मानिसहरूका लागि उज्वल दीप बनाई देऊन्। र इस्लामको सहिष्णुता बारे परिचित गराउने सबैको लागि शान्तिको संदेश बनाई देऊन्।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

## १- भूमिका

यस पृथ्वीमा मानिस जातिको सृष्टि आदम[1] देखि संदेष्टाहरूको समापक र अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम सम्म इस्लामको संदेश यो मात्र रहेको छ कि: सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ता (अल्लाह)[2] को उपासना मात्र गर्नु, सिधा उहाँसँग सम्बन्ध जोड्नु र निष्कपटता र शुद्ध मनको साथ उहाँकै लागि उपासनालाई मात्र सिद्ध ठान्नु अनि उनितिर मात्र प्रवृत्त हुनु र उहाँले गरेको फैसिला तथा लेखेको भाग्यलाई स्वीकार गर्नु र अल्लाहले अवतरित गरेका किताब, उहाँका संदेष्टा, देवदूत तथा महाप्रलयको दिनमा विश्वास राख्नु।

---

([1]) मानिस जातिको पहिलो व्यक्ति जसको सृष्टि अल्लाहले गर्नु भयो।

([2]) मात्र एक अकेलो उपास्य र सृष्टिकर्ता जसको पत्नी वा सन्तान हुनु उहाँको महिमाको लायक छैन, जस्तो कि उहाँ कसैबाट जन्मिएको छैनन् न त उनिबाट कोहि जन्मेको छ र उहाँको समकक्ष कोहि पनि छैन। हामी मानिसजाति जो समय र स्थानमा जीवन बिताईरहेका छौं भने कारणता हाम्रो लागि कानून हो, तर अल्लाह ! जसले समय र स्थानको सृजना गरेका छन्, उहाँ आफ्नो महिमाको आवश्यकता अनुसार समय र स्थान दुबैसंग सम्बन्धित हरेक कुराबाट महान हुनुहुन्छ, तसर्थ हामीले यो सोच्नु कि उहाँ दुबैमध्ये कुनै एकमा घेरिएका छन् भने यो हाम्रो गलती हो। उनि अल्लाह नै हुन् जसले कारणता कानूनको सृजना गरेका छन् र जसले यस कानूनलाई बनायो उसैलाई कानूनको अधीन मान्न सकिदैन, त्यसैले अल्लाह परिवर्तन हुँदैनन्। उहाँले नै समयको सृजना गर्नु भएको छ त्यसैले उहाँ समयको अधीनमा हुनुहुन्न। अनि उहाँ (अल्लाह) माथि त्यस स्थान र समयको परिस्थिती लागु हुँदैन जुन स्थान र समयको परिस्थिती हामी माथि आइरहेको हुन्छ। तसर्थ उहाँ नथाक्नुहुन्छ न त उहाँले आफूलाई भौतिक शरीर वा रुप आकार धारण गर्नु वा धरतीमा आउनुको आवश्यकता पर्दछ, यसै कारण हामीले उहाँलाई यस संसारको जीवनमा देख्न सक्दैनौं किनकि हामी स्थान र समयभित्र सीमित छौं जबकि उहाँ दुबैभन्दा बाहिर उच्च छन् । उदाहरण स्वरुप: झ्याल नभएको कोठा भित्र बसेको व्यक्तिले कोठा भित्र मात्र देख्न सक्दछ र बाहिर पट्टि देख्नको लागि कोठादेखि बाहिर निस्कनु पर्ने हुन्छ।

सम्पूर्ण समूदायमा अल्लाहले मुक्तिको लागि एउटै माध्यमले र समस्त संदेष्टाहरूलाई एउटै संदेश दिएर पठाउनु भयो जुन संदेश अति छोटो र प्रष्ट छ कि: एक पूजनीय माथि मात्र विश्वास राख्नु र उनीकै उपासना मात्र गर्नु साथै महाप्रलयको त्यस दिनमा विश्वास राख्नु जुन दिन सबैले गरेको कर्मको हिसाबकिताब हुनेछ र त्यहाँदेखि कर्म अनुसार स्वर्ग वा नरकको ठेगाना हुनेछ। र अल्लाहले आफ्ना संदेष्टाहरूलाई आकाशीय किताब (ग्रन्थ) को साथ पठाउनु भयो जसले यस संसारमा सम्पूर्ण अनुयायीका लागि नियम-कानून, विधि-विधान र जीवनशैलीलाई प्रष्ट पार्छ र त्यस नबी (संदेष्टा) को आफ्नो समूदायमाथि ती नियम-कानूनको पालना गर्नु अनिवार्य रहेको छ र त्यसै प्रति उनीहरूको हिसाब र सोधपूछ पनि हुनेछ।

संदेष्टाहरू आफ्नो समुदायबीच उज्वल प्रकाश जस्तै हुन् जसले आफ्नो अनुसरणकर्ताको लागि बाटो सुचारु पार्ने साथै उनीहरुले मुक्ति प्राप्त गर्ने माध्यम पनि बताउँछ र यो चाहि त्यस नबीले दिएको शिक्षा र कर्महरूको पालना गरि मात्र एक अल्लाहको उपासना गर्ने समेत प्राप्त हुन्छ। अनि अल्लाहले त्यसबेलाका समुदायमा मानिसहरूमध्ये सबभन्दा उत्तम र सज्जन व्यक्तिलाई चुनेर नबी बनाउनु हुन्थ्यो, ताकि त्यसले तिनीहरुको बीच फैसिला गर्ने गरि तिनीहरूको पालनकर्ता अल्लाहको उपासना गर्ने प्रति स्मरण समेत गराओस्। तर मानिसहरूले समय बित्ने साथै सोझो बाटोदेखि बिमुख भए र आफ्नो इच्छाको पालनामा अल्लाह बाहेक अन्यको पूजा गर्न थाले, आफू र आफ्नो पालनकर्ता बीच अरुलाई मध्यसता ठानेर तिनीहरुलाई पूजनीय बनाईहाले, तर इस्लाम मान्ने

अन्तिम संदेष्टा मुहम्मदको अनुयायी एक समुदायले मात्र एकेश्वरवाद र इस्लामको संदेशमा सधै बिना कुनै परिवर्तन कायम रहिरहे र नबी मुहम्मद माथि अवतरित भएको एक किताब "पवित्र कुर्आन" मात्र बिना कुनै परिवर्तन उत्तिएकै अवस्थामा यथावत बाँकी रहिरहेको छ। यो चाहि एउटा प्रष्ट तर्क हो कि यो नै सत्य र अन्तिम आकाशीय प्रकाशन हो जसलाई यस पूर्व परिवर्तन भइसकेका अन्य आकाशीय पुस्तकहरुमध्ये अल्लाहले रोज्नु भएको छ। कुर्आनमा भन्नुभएको छ:

((....الْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِي وَرَضِيتُ لَكُمُ الْإِسْلَامَ دِينًا...))

قرآن/٥:٣

अर्थ: ((आज मैले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेको छु र तिम्रो लागि आफ्ना कृपाहरू पुरा गरिसकेको छु र तिम्रो लागि इस्लाम धर्म रोजें )) कुर्आन\५:३

## इस्लामका शिक्षाहरु:

- नमाज (उपासना)को माध्यमले ब्रह्माण्डको पालनकर्ता (अल्लाह) संग नियमित सम्बन्ध जोडिराख्ने ।
- व्रतको माध्यमले मानिसको इच्छालाई बलियो बनाउने गरि आफूलाई नियन्त्रणमा राख्ने र अरुसंग भेट्दा मनमा दया र परिचयको भावना राख्ने ।
- आफूले जम्मा गरेको पूंजीबाट जकात (उपासना)को माध्यमले थोरै खर्च गरी गरीब असहायहरुलाई सहायता गर्ने र यो यस्तो

उपासना हो जसले मानिसको कन्जुसी र लालच जस्ता भावनालाई घुइंचेर खर्च र दान गर्ने विशेषतालाई उच्च पार्छ।

- मक्कामा[1] हज्ज उपासनाको माध्यमले सम्पूर्ण मुस्लिमहरूलाई एउटै भेष र भावनासाथ पूर्णरुपले अल्लाहको भक्तिको लागि विशेष समय र ठाउँमा भेला हुने। संसार भरिबाट आउने बिभिन्न भाषा, रंगरूप र संस्कृतिमा भिन्नता भएपनि मानवीय सम्बन्धले एक सृष्टिकर्तातिर प्रवृत्त हुनु एकताको प्रतीक हो ।

अल्लाहले पठाएका सम्पूर्ण संदेष्टहारूमाथि बिना कुनै भेदभाव विश्वास राख्नलाई इस्लामले अनिवार्य गरेको छ। अनि तिनीहरु मध्ये कसै एकको इन्कार गर्नु इस्लामी आस्थाको विरुद्ध हो, तसर्थ प्रष्ट हुन्छ कि इस्लामले अन्य आकाशीय पुस्तकहरूमा विश्वास राख्नेहरूसंग घनिष्ट सम्बन्धको निर्माण गरेको छ। कुर्आनमा आएको छ:

((آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ)) قرآن/٢:٢٨٥

अर्थ:((हाम्रा) रसूलले त्यस कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारियो र मोमिनहरूले पनि ईमान ल्याए, यी सबैले अल्लाह, उनका फरिश्ताहरू, उनका किताबहरू र उनका संदेष्टाहरूमाथि ईमान ल्याए । हामी अल्लाहका संदेष्टाहरू मध्ये कसैको बीच भेदभावको

---

([1]) मक्का र मदीना वर्तमानको साउदी अरेबियामा स्थित दुई पवित्र शहर हुन् र मक्का भन्ने शहरमै सम्मानित घर "काबा" पर्छ जसको विषयमा सम्पूर्ण मुस्लिमहरूको आस्था छ कि: सम्पूर्ण मानिसका लागि एक अल्लाहको उपासनाको निम्ति बनाइएको यो पहिलो घर हो ।

व्यवहार गर्दैनौं र उनीहरूले भने कि हामीले सुन्यौं र मान्यौं हामीले क्षमको लागि प्रार्थना गर्दछौं, हे हाम्रो पालनकर्ता ! तपाईंतिर नै फर्केर जानु छ ।)) कुर्आन\२:२८५

साथै केही यस्ता रसूल र संदेष्टाहरूको नाम समेत कुर्आनमा वर्णन गरिएको छ जसलाई अल्लाहले विभिन्न समुदायमा पठाउनु भएको थियो: (जस्तै: नूह, इब्राहीम, इस्माईल, इस्हाक़, याकूब, यूसुफ, मूसा, दाऊद, सुलैमान, ईसा इत्यादि) र यिनी बाहेक अन्य अरु पनि छन् जसको नाम वर्णन गरिएको छैन। तर हिन्दू र बौद्ध धर्मका केही धार्मिक प्रतीकहरू (जस्तै: राम, कृष्णा, गौतम बुद्ध) को विषयमा यो सम्भावना कि तिनीहरू पनि अल्लाहले पठाएका संदेष्टा होलान भन्ने विचार बहिष्कृत छैन। अनि वर्तमानका केही समुदायले जुन यो भन्दछन् कि अल्लाहले जुन प्रकार अरबको लागि मुहम्मदलाई संदेष्टा बनाएर पठाउनु भयो अनि उनीहरूको लागि कुनै नबी र रसूल पठाउनु भएन भने यस्ताहरुको लागि अल्लाहले भन्नु भएको छ:

((وَلَقَدْ أَرْسَلْنَا رُسُلًا مِنْ قَبْلِكَ مِنْهُمْ مَنْ قَصَصْنَا عَلَيْكَ وَمِنْهُمْ مَنْ لَمْ نَقْصُصْ عَلَيْكَ وَمَا كَانَ لِرَسُولٍ أَنْ يَأْتِيَ بِآيَةٍ إِلَّا بِإِذْنِ اللَّهِ فَإِذَا جَاءَ أَمْرُ اللَّهِ قُضِيَ بِالْحَقِّ وَخَسِرَ هُنَالِكَ الْمُبْطِلُونَ)) قرآن/ ٤٠:٧٨

अर्थ: ((हामीले तपाई भन्दा अगाडि पनि धेरै संदेष्टाहरू पठायौं, उनीहरुमध्ये केहीका कथा त हामीले तपाईलाई वर्णन गरिदिएका छौं र केही यस्ता छन् जसका कथा हामीले तपाईलाई वर्णन गरेका छैनौं र कुनै रसूललाई पनि अल्लाहको आअदेश बिना कुनै निशानी ल्याउने आंट थिएन । अनि जब अल्लाहको आदेश आइपुग्नेछ त न्याय पूर्ण निर्णय

गरिहालिने छ । त्यहाँ झूठाहरू घाटामा परिहाल्ने छन् ।)) कुर्आन\४०:७८

इस्लामले मानवता र मान मर्यादाको रक्षा गर्ने साथै हामीलाई यो शिक्षा दिन्छ कि हक अधिकारमा सम्पूर्ण मानिसहरू एक समान छन् । सबैलाई सुरक्षा प्रदान गरि समाजिक एकता, राम्रो छिमेक, धन सम्पतिको संरक्षण, वचन पुरा गर्ने र अन्य उच्च सिद्धान्तहरूलाई सुनिश्चित गर्दै शान्ति र न्यायको लागि आह्वान गर्दछ। र उक्तका सिद्धान्तहरू यस्ता हुन् जसमा अन्य धर्म मान्नेहरूसंग साझा छ, तसर्थ यो प्रष्ट हुन्छ कि आकाशीय धर्महरूको मूल एउटै हो।

यसै प्रकार इस्लामले अरुको सम्मान गर्ने र उनीहरुलाई बुद्धिमत्ता र राम्रो उपदेश दिनेसाथ आह्वान गर्ने प्रति जोड दिएको छ, कुर्आनमा आएको छः

(( ادْعُ إِلَى سَبِيلِ رَبِّكَ بِالْحِكْمَةِ وَالْمَوْعِظَةِ الْحَسَنَةِ وَجَادِلْهُمْ بِالَّتِي هِيَ أَحْسَنُ إِنَّ رَبَّكَ هُوَ أَعْلَمُ بِمَنْ ضَلَّ عَنْ سَبِيلِهِ وَهُوَ أَعْلَمُ بِالْمُهْتَدِينَ )) قرآن/ ١٦:١٢٥

अर्थः (हे पैगम्बर !) ((मानिसहरुलाई बुद्धिमत्ता र राम्रो उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरुसित कुरा गर्नुस्, तपाईको पालनकर्ताले तिनलाई राम्री जान्दछन् जो उनको बाटोबाट बिचलित छन् र सहि मार्गमा हिड्नेहरुलाई पनि राम्री जान्दछन् ।)) कुर्आन\१६:१२५

जस्तो कि इस्लामले अभिव्यक्ति र सुझाव सल्लाहको बेला क्रुरता र अभद्र भाषाशैलीको प्रयोग वा हिंसाको सहारा लिनबाट मनाही गरेको छ, कुर्आनमा आएको छः

(( فَبِمَا رَحْمَةٍ مِنَ اللَّهِ لِنْتَ لَهُمْ وَلَوْ كُنْتَ فَظًّا غَلِيظَ الْقَلْبِ لَانْفَضُّوا مِنْ حَوْلِكَ فَاعْفُ عَنْهُمْ وَاسْتَغْفِرْ لَهُمْ وَشَاوِرْهُمْ فِي الْأَمْرِ فَإِذَا عَزَمْتَ فَتَوَكَّلْ عَلَى اللَّهِ إِنَّ اللَّهَ يُحِبُّ الْمُتَوَكِّلِينَ )) قرآن/ ٣:١٥٩

अर्थः (((हे मुहम्मद स० अ०) (( अल्लाहको कृपाले तपाईको मन यिनीहरु प्रति नरम छ र यदि तपाई कटु वचन र कठोर हृदयको भएको भए यिनीहरु तपाईबाट टाढा भागिहाल्दथे, तसर्थ तिनीहरुलाई क्षमा गरिदिनुस् र तिनीहरूको निम्ति क्षमाको लागि प्रार्थना गर्नुस् र आफ्ना कामहरूमा यिनीहरूसँग सरसल्लाह गर्ने गर्नुस् र जब कुनै कामबारे दृढ निश्चय गर्नुस् भने अल्लाहमाथि पूर्ण भरोसा राख्नुस्। निःसन्देह अल्लाह भरोसा गर्नेहरुलाई प्रेम गर्दछन्।)) कुर्आन\ ३:१५९

(( وَمَا أَرْسَلْنَاكَ إِلَّا رَحْمَةً لِلْعَالَمِينَ )) قرآن/ ٢١:١٠٧

अर्थः (हे मुहम्मद स० अ०) ((हामीले तपाईलाई सम्पूर्ण जगतको निम्ति सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं।)) कुर्आन\२१:१०७

इस्लामले विश्वासघात नगर्नमा जोड दिंदै मानिसहरुलाई गरेको करार र दिएको वाचाको सम्मान गर्न अनि दुश्मन र अन्य सबैसंग पारदर्शिता र प्रष्टतासाथ व्यवहार गर्न अनिवार्य गरेको छ। कुर्आनमा आएको छः

(( وَإِمَّا تَخَافَنَّ مِنْ قَوْمٍ خِيَانَةً فَانْبِذْ إِلَيْهِمْ عَلَى سَوَاءٍ إِنَّ اللَّهَ لَا يُحِبُّ الْخَائِنِينَ )) قرآن/٨:٥٨

अर्थः (( र यदि तिमीलाई कुनै समुदायसित विश्वासघातको आशंका छ भने तिमी पनि उस्तै किसिमले त्यस्ता मानिसहरूको साथमा

भएको सन्धिलाई भंग गरिदेउ । अल्लाहलाई विश्वासघात गर्नेहरू प्रिय छैनन् ।)) कुर्आन\८:५८

(( يَا أَيُّهَا الَّذِينَ آمَنُوا أَوْفُوا بِالْعُقُودِ أُحِلَّتْ لَكُمْ بَهِيمَةُ الْأَنْعَامِ إِلَّا مَا يُتْلَى عَلَيْكُمْ غَيْرَ مُحِلِّي الصَّيْدِ وَأَنْتُمْ حُرُمٌ إِنَّ اللَّهَ يَحْكُمُ مَا يُرِيدُ )) قرآن/٥٨:٨

अर्थ:(( हे ईमान ल्याएका मानिसहरू ! आफ्ना बाचाहरुलाई पूरा गर तिम्रा लागि चार खुट्टे जनावरहरु (घास चर्ने पशुहरु) हलाल गरिएका छन् । तर ती होइनन् जसको बारेमा तिमीलाई पढेर सुनाइनेछ, परन्तु हज्जको बेला एहरामको अवस्थामा शिकार गर्ने कुरा हलाल नसम्झिनु । निःसन्देह अल्लाहले जस्तो चाहन्छन् आदेश गर्दछन् ।)) कुर्आन\ ५:१

(( وَأَوْفُوا بِعَهْدِ اللَّهِ إِذَا عَاهَدْتُمْ وَلَا تَنْقُضُوا الْأَيْمَانَ بَعْدَ تَوْكِيدِهَا وَقَدْ جَعَلْتُمُ اللَّهَ عَلَيْكُمْ كَفِيلًا إِنَّ اللَّهَ يَعْلَمُ مَا تَفْعَلُونَ )) قرآن/٩١:١٦

अर्थ:(( र अल्लाहको वचनलाई पालन गर जब तिमी एक-आपसमा करार गर्दछौ र जब पक्का क़समहरु खान्छौ त् तिनलाई नतोड़ किन भने तिमीले अल्लाहलाई आफ्नो जमानतदार निर्धारित गरिसकेका छौ । जे-जति तिमीले गर्दछौ अल्लाह त्यसलाई राम्री जान्दछन् ।)) कुर्आन\ १६:९१

इस्लामले जीवनको सम्मान गर्दछ तसर्थ इस्लाममा शान्ति चाहने नागरिकहरुसंग हिंसा र मारकाट गर्नु जायज छैन यसै गरि तिनीहरुको धन सम्पत्ति, बालबालिका र नारी लगायत समस्त घर परिवारको रक्षा गर्नु युद्धको समय पनि अनिवार्य गरेको छ साथै इस्लाममा युद्धमा मारिएका शवसंग विकृति गर्नु जायज छैन किनकि यो इस्लामको नैतिकता होइन ।

(( وَقَاتِلُوا فِي سَبِيلِ اللَّهِ الَّذِينَ يُقَاتِلُونَكُمْ وَلَا تَعْتَدُوا إِنَّ اللَّهَ لَا يُحِبُّ الْمُعْتَدِينَ )) قرآن/٢: ١٩٠

**अर्थ: ((जुन मानिसहरु तिमीसँग लडाई गर्न खोज्छन् , तिनीहरुसँग तिमी पनि अल्लाहको मार्गमा संघर्ष गर , तर सीमा ननाँघ्नु , किनभने सीमा उल्लंघन गर्नेहरुलाई अल्लाहले रुचाउँदैनन् ।)) कुर्आन\ २:१९०**

(( لَا يَنْهَاكُمُ اللَّهُ عَنِ الَّذِينَ لَمْ يُقَاتِلُوكُمْ فِي الدِّينِ وَلَمْ يُخْرِجُوكُمْ مِنْ دِيَارِكُمْ أَنْ تَبَرُّوهُمْ وَتُقْسِطُوا إِلَيْهِمْ إِنَّ اللَّهَ يُحِبُّ الْمُقْسِطِينَ (٨) إِنَّمَا يَنْهَاكُمُ اللَّهُ عَنِ الَّذِينَ قَاتَلُوكُمْ فِي الدِّينِ وَأَخْرَجُوكُمْ مِنْ دِيَارِكُمْ وَظَاهَرُوا عَلَى إِخْرَاجِكُمْ أَنْ تَوَلَّوْهُمْ وَمَنْ يَتَوَلَّهُمْ فَأُولَئِكَ هُمُ الظَّالِمُونَ)) قرآن/٦٠: ٨–٩

**अर्थ: ((जुन मानिसहरु तिमीसित धर्मको बारेमा युद्ध गरेनन् र न तिमीलाई तिम्रा घरहरुबाट निष्कासित गरे, उनीहरुसँग राम्रो र न्यायपूर्ण व्यवहार गर्नबाट अल्लाहले तिमीलाई मनाही गर्दैनन् । अपितु अल्लाहले त न्याय गर्नेहरुसँग प्रेम गर्दछन्। अल्लाहले ती मानिसहरुसँग मात्र तिमीलाई मित्रता गर्नबाट मनाही गर्दछन् जसले तिमीसित धर्मको बारेमा लडाई गरे, तिमीलाई तिम्रा घरहरुबाट निष्कासित गरे र तिम्रो निष्कासनमा अरुको सहायता गरे। तसर्थ जुन मानिसहरुले यस्ता मानिसहरुसँग मित्रता गर्छन तिनी नै अत्याचारी हुन् ।)) कुर्आन\ ६०:८-९**

(( مِنْ أَجْلِ ذَلِكَ كَتَبْنَا عَلَى بَنِي إِسْرَائِيلَ أَنَّهُ مَنْ قَتَلَ نَفْسًا بِغَيْرِ نَفْسٍ أَوْ فَسَادٍ فِي الْأَرْضِ فَكَأَنَّمَا قَتَلَ النَّاسَ جَمِيعًا وَمَنْ أَحْيَاهَا فَكَأَنَّمَا أَحْيَا النَّاسَ جَمِيعًا وَلَقَدْ جَاءَتْهُمْ رُسُلُنَا بِالْبَيِّنَاتِ ثُمَّ إِنَّ كَثِيرًا مِنْهُمْ بَعْدَ ذَلِكَ فِي الْأَرْضِ لَمُسْرِفُونَ )) قرآن/٥: ٣٢

अर्थ: ((यसै कारण हामीले इस्राईलका मानिसहरुका लागि यो आदेश गर्यौं कि यदि कुनै मानिसले कुनै मानिसको हत्या गर्दछ कसैको हत्या गरेको वा देशमा उपद्रव फैलाउने बाहेकको अवस्थामा भने त्यसले सम्पूर्ण मानिसको हत्या गरे सरह हुनेछ , र यदि कसैले एउटाको जीवन बचायो भने सम्पूर्ण मानिसहरुको जीवन बचाए सरह हुनेछ । तिनीहरु कहाँ हाम्रा धेरै पैगम्बरहरु स्पष्ट तर्क लिएर पुगिसकेका छन्। अनि यस पछि पनि तिनीहरु मध्ये धेरैले मुलुकमा बलजफ्ती र ज्यादती गर्नेगर्छन् ।)) कुर्आन\ ५:३२

इतिहासमा इस्लामले मानव जीवनको हरेक पक्ष सम्बन्धित निर्देशन गर्दै महान सभ्यता र शक्तिशाली राष्ट्रको निर्माण गरेको छ, अनि इस्लामले वैज्ञानिक अनुसन्धानको आधार कायम गरि सवतन्त्र विचारको अवसर प्रदान गर्यो। इस्लामले न्याय, सहनशीलता र मानवीय सिद्धान्तको सम्मानमा आधारित हरेक वर्गलाई विकास तथा उपलब्धिमा सहभागिता प्रति प्रोत्साहित गरेको छ, उक्त सबैले विभिन्न जाति र जातीयताको ठूलो सभ्यतामा योगदान पुर्याएका हुन्छन्।

इस्लामले वर्तमानमा आतंकवाद र घुसपैठको विचार र यस्तो हरेक धारणाको निन्दा गर्दछ जसले अन्यमाथि आक्रमण तथा नागरिक र शान्त व्यक्तिहरूलाई भयवित पार्छ । जस्तोकि घाइते, कैदी, महिला र बालबालिकाहरुलाई मार्नु सम्पत्ति नष्ट गर्नु र लक्ष्यहरू प्राप्त गर्नका लागि अनैतिक तरिका प्रयोग गर्नुलाई इस्लामले निन्दा गर्दछ। (अनि जे सुकै तरिकाले लक्ष्य प्राप्त गर्नु, इस्लामको धारणा कदापि होइन )

((قُلْ تَعَالَوْا أَتْلُ مَا حَرَّمَ رَبُّكُمْ عَلَيْكُمْ أَلَّا تُشْرِكُوا بِهِ شَيْئًا وَبِالْوَالِدَيْنِ إِحْسَانًا وَلَا تَقْتُلُوا أَوْلَادَكُمْ مِنْ إِمْلَاقٍ نَحْنُ نَرْزُقُكُمْ وَإِيَّاهُمْ وَلَا تَقْرَبُوا الْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَلَا تَقْتُلُوا النَّفْسَ الَّتِي حَرَّمَ اللَّهُ إِلَّا بِالْحَقِّ ذَلِكُمْ وَصَّاكُمْ بِهِ لَعَلَّكُمْ تَعْقِلُونَ )) قرآن/٦: ١٥١

अर्थ: (हे नबी) ((भनिदिनुस् (हे मानिसहरु !) आउ मैले तिमीहरुलाई ती कुरा सुनाउँछु जसको विरोध गर्न तिम्रो पालनकर्ताले तिमीलाई रोक लगाएका छन् ती यी हुन्: कि कुनै कुरालाई अल्लाहसँग साझेदार नबनाउनु र आमा-बुवासँग राम्रो व्यवहार गर्नु, दरिद्रताको भयले आफ्नो सन्तानलाई नमार्नु। (किनभने) तिमीलाई र उनीलाई हामीले नै जीविका प्रदान गर्दछौं । र हरेक प्रकारको निर्लज्ज कुराको नजिक नजानु, खुल्ला रुपमा होस् वा गोप्य रुपमा। र जुन प्राणीको ज्यान मार्न अल्लाहले रोक लगाएका छन् उसको ज्यान नमार्नु। तर यस नियमको पालनामा हक-इन्साफको निम्ति गरिए बाहेक। यी कुराहरुको पालनाको लागि अल्लाहले तिमीलाई सचेत गरेका छन् ताकि तिमी सम्झ।)) कुर्आन\६:१५१

इस्लामले नैतिकता सम्बन्धि एउटा मजबूत प्रणालीको स्थापना गरेको छ , अनि स्वार्थ , डाहा , लोभ र अन्य यस्ता धारणाहरु जसले अत्याचार र अनुशासनहीनतातिर लैजान्छ सम्पूर्णबाट आत्मालाई चोखो पार्ने बाटो कायम गरेको छ, साथै हरेक अवस्थामा सम्पूर्णसंग नम्रता, मोह-माया, उदार, शान्ति र दयाको व्यवहार गर्नेतर्फ आह्वान गरेको छ, अनि धैर्य राख्ने सहनशीलता र क्षमा प्रति उत्साहित गरेको छ। भन्नाले इस्लामले एउटा सत्य सृष्टिकर्तालाई चिन्ने अल्लाहको बारेमा ज्ञान भएको यस्तो मानिसको निर्माण गर्दछ जसले एउटा लक्षयको लागि ईश्भय राख्ने

समेत कर्म गर्नेगर्छ, दुष्ट र असत्य कुरामा वास्ता गर्दैन , ताकि अल्लाहको सर्वोच्च गुण समर्पित गरोस् र धरतीको उत्तराधिकारी बनोस्, अनि धरतीको सुनिर्माण गरी त्यसका बासिन्दाहरुलाई लाभ पुर्याओस्।

## २- विज्ञापन माध्यम (मिडिया) का नकारात्मक प्रचारको बावजुद इस्लाम किन फैलिरहेको छ ?

नबी मुहम्मद (स० अ० व०) माथि कुर्आन अवतरण हुनदेखि नै उनि र उनको अनुयायी कडा प्रतिरोधको सामना गर्दै आएका छन् र अवतरण हुने अवधिमा विरोधीहरुको निरन्तर आक्रमण रहिरहेको थियो, इस्लामको छवि बिगार्ने अनेकौं प्रयासको बावजुद इस्लाम फैलिंदै गयो र त्यसका अधिकांश विरोधीहरु पनि इस्लाममा सामेल हुँदै गए जसले गर्दा इस्लामका शत्रुहरु छक्क परे र रसूल र कुर्आनलाई जादूग्रस्त भन्न थाले। नबी मुहम्मद (स० अ० व०) माथि कुर्आन अवतरण हुनदेखि नै उनि र उनको अनुयायी कडा प्रतिरोधको सामना गर्दै आएका छन् र अवतरण हुने अवधिमा विरोधीहरुको निरन्तर आक्रमण रही रहेको थियो, इस्लामको छवि बिगार्ने अनेकौं प्रयासको बावजुद इस्लाम फैलिंदै गयो र त्यसका अधिकांश विरोधीहरु पनि इस्लाममा सामेल हुँदै गए जसले गर्दा इस्लामका शत्रुहरु छक्क परे र रसूल र कुर्आनलाई जादूग्रस्त भन्न थाले। शत्रुहरुले यो बुझ्न सकेनन् कि तिनीहरुको अहंकारले नै तिनको मनलाई सत्यबाट अन्धो र आँखा अगाडी पर्दा बनाई दिएको छ। तिनीहरुले बुझ्न सकेनन् कि इस्लामतर्फ आकर्षित हुने कारण मात्र यो हो कि इस्लामले बुद्धि र तर्कको आधारमा सत्य र न्यायतिर बोलाउँदछ, अज्ञानताको

विचारधारा पुर्खौं देखि चल्दै आएको रीतिरिवाजमा कैद भएकोबाट मानिसलाई मुक्त गर्नको लागि आह्वान गर्दछ , विभिन्न रंगरूपका सम्पूर्ण जातिहरुको अधिकार सुरक्षित , महिलाको मान सम्मान र स्वतन्त्रतालाई सुनिश्चित समेत गर्दछ। इस्लामका केही आकर्षक विशेषताहरु सन्क्षिप्तमा निम्न बयान गर्दछुः

## १- सृष्टिकर्ता (अल्लाह) "मात्र एक" को धारणालाई इस्लामले सुनिश्चित गरेको छ।

उपासना योग्य उपास्यको धारणा प्रति इस्लामको आस्था हरेक प्रकारको जटिलताबाट मुक्त अति सरल र स्वभाविक कुरोमा आधारित छ, जसलाई सानो ठूलो साक्षर निरक्षर सबैले बुझ्न सक्दछन् , जुन यो हो किः उनी अल्लाह नै सृष्टिकर्ता, राजाहरुको महाराजा र सम्पूर्ण ब्रह्माण्डको पालनकर्ता एक मात्र उपास्य हुन् , उनी जस्तो कुनै वस्तु छैन , उनको कोहि साझेदार, सन्तान र स्वास्नी छैन। शुद्ध मनले उनीकै उपासना गर्नु र बिना कुनै मध्यस्ता सीधा उनीतिर नै प्रवृत हुनु साथै उहाँले गरेको निर्णय र लेखेको भाग्यलाई स्वीकार गर्नु अनिवार्य छ।

(( قُلْ هُوَ اللَّهُ أَحَدٌ (١) اللَّهُ الصَّمَدُ (٢) لَمْ يَلِدْ وَلَمْ يُولَدْ (٣) وَلَمْ يَكُنْ لَهُ كُفُوًا أَحَدٌ (٤) قرآن/١١٢

अर्थः (हे नबी) ((तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छन् । अल्लाह निरपेक्ष छन् नत उनीबाट कोही जन्मेको छ , न उनी कसैबाट जन्मेको छन् । न कोही उनको बराबर छ।)) कुर्आन\११२:१-४

((اللَّهُ لَا إِلَهَ إِلَّا هُوَ الْحَيُّ الْقَيُّومُ لَا تَأْخُذُهُ سِنَةٌ وَلَا نَوْمٌ لَهُ مَا فِي السَّمَاوَاتِ وَمَا فِي الْأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلَّا بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلَا يُحِيطُونَ بِشَيْءٍ مِنْ

عِلْمِهِ إِلَّا بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَاوَاتِ وَالْأَرْضَ وَلَا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ )) قرآن/٢: ٢٥٥

अर्थ: ((अल्लाह् नै वास्तवमा सत्य पूजनीय छन्, उहाँबाहेक अरु कोही पूज्य छैन। उहाँ सधै जीवित रहनेवाला र सबैलाई थाम्न सक्नेवाला छन् । उहाँलाई न अल्छी लाग्छ न निद्रा आउँछ, जे जति आकाशमण्डलमा छ र जे धरतीमा छ सबै उहाँकै हो। को छ जसले उनको अनुमति बिना उनीसंग कसैको सिफारिस गर्न सकोस्। जे जति तिनीहरुको अगाडि र जे जति तिनीहरुभन्दा अघि भइसकेको छ। उहाँलाई सबै थाहा छ, र तिनीहरुले उहाँको ज्ञानको केही अंशको पनि घेराबन्दी गर्न सक्दैनन् , हो उहाँले चाहेको हदसम्म मात्र। उहाँको कुर्सीले आकाशमण्डल र धरतीलाई घेरी राखेको छ र अल्लाहले तिनको रक्षा गर्नबाट थाक्दैनन् र नत दिक्क मान्छन् । उनी त सर्वोच्च र सबभन्दा महान छन्।)) कुर्आन\२:२५५

## २- इस्लामले पवित्र कुर्आनलाई हानि र कमी वृद्धिबाट सुरक्षित राखेको छ

दूत जिब्रीलको माध्यमले नबी मुहम्मद माथि अवतरित भएको कुर्आनको मूलपाठ जस्ताको त्यस्तै आफ्नो मौलिक भाषामा बिना कुनै परिवर्तन र विकृति अहिले सम्म सुरक्षित छ र रहनेछ जस्तो कि अल्लाहले त्यसको सुरक्षाको वाचा दिनु भएको छ, त्यो किताब कसैबाट लुकेछिपेको गोप्य छैन बरु सम्पूर्ण मुस्लिमहरुको हातमा रहेको र जस कसैले पनि त्यसलाई हात पारेर हेर्न सक्छ।

((إِنَّا نَحْنُ نَزَّلْنَا الذِّكْرَ وَإِنَّا لَهُ لَحَافِظُونَ )) قرآن/١٥: ٩

अर्थः ((हामीले नै कुर्आनलाई उतारेका छौं र हामी नै संरक्षक हौं।)) कुर्आन\१५:९

## ३- इस्लामले प्राचीन पुस्तक र नियमलाई स्वीकार र पूर्व संदेष्टाहरुको सम्मान गर्दछ

इस्लामको यो भिन्नता रहेको छ कि यसले पूर्व पुस्तक र नियमहरुको प्रमाणीकरण गर्ने साथै ती सबैमा विश्वास राख्नलाई मूल आस्थामध्ये हो भनी ठानेको छ। सम्पूर्ण संदेष्टाहरुको सम्मान गर्दै तिनीहरुलाई हरेक प्रकारको कमी लुटी र आरोपबाट खारेज गरी अल्लाहसंग तिनीहरुको अल्लाह प्रति निःस्वर्थाता र सम्पूर्णको एउटै संदेश रहेको समेत सिद्ध गर्दछ।

((قُولُوا آمَنَّا بِاللَّهِ وَمَا أُنْزِلَ إِلَيْنَا وَمَا أُنْزِلَ إِلَى إِبْرَاهِيمَ وَإِسْمَاعِيلَ وَإِسْحَاقَ وَيَعْقُوبَ وَالْأَسْبَاطِ وَمَا أُوتِيَ مُوسَى وَعِيسَى وَمَا أُوتِيَ النَّبِيُّونَ مِنْ رَبِّهِمْ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْهُمْ وَنَحْنُ لَهُ مُسْلِمُونَ )) قرآن/٢: ١٣٦

अर्थः ((हे मुस्लिमहरु ! तिमीहरु सबैले भनिदेऊ कि हामी अल्लाहमाथि र जुन किताब हामीतिर उतारियो र जुन (ग्रन्थहरु) इब्राहीम, इस्माईल, इस्हाक, याकूब र उनका सन्ततिहरुलाई प्रदान गरियो तिनीमाथि र जुन मूसा र ईसालाई दिइयो र जुन अन्य पैगम्बरहरुलाई तिनका प्रभुबाट प्रदान गरियो ती सम्पूर्णमाथि आस्था राख्दछौं । हामीले ती पैगम्बरहरु बीच कुनै भेदभाव गर्दैनौं र

हामी उही एक अल्लाहका आदेश पालन गर्नेहरु हौं ।)) कुर्आन\२:१३६

## ४- इस्लामले स्वतन्त्र आस्थाको विशेष बन्दोबस्त गरी अन्य धर्म मान्नेहरुलाई संवादको लागि आमन्त्रित गरेको छ।

कुर्आनको अनेकौं ठाउँमा आकाशीय ग्रन्थ भएका यहूदी र क्रिश्चियनहरुसंग राम्रो ढंगले संवाद पेश गरिएको छ। भन्नाले इस्लाम धर्म स्वतन्त्र विचार, सहिष्णुता र आकाशीय ग्रन्थ भएकाहरुसंग राम्रो तरिकाले संवाद गर्नमा आधारित छ। अनि कुर्आन अन्तिम ग्रन्थ, मुहम्मद अन्तिम संदेष्टा र इस्लाम अन्तिम शास्त्र भएको हुनाले सबैलाई मौलिक र धार्मिक सिद्धान्त बारे बहस र संवादको अवसर दिएको छ। आस्था प्रति स्वतन्त्रता इस्लामको नियम (धर्ममा कुनै जबर्जस्ती छैन) अन्तर्गत सुनिश्चित छ, अरुको मर्यादाको सम्मान गरिदै उचित इस्लामी स्वभाविक आस्थामा कसैलाई जबर्जस्ती गरिन्दैन । जस्तो कि इस्लामले गैरमुस्लिमहरुसंग गरेको वाचा र करारलाई पुरा र सम्मान गर्दछ तर करार र वाचा पुरा नगर्ने धोकाबाज र अपराधीहरुसंग एकदम कडा भएर मुस्लिमहरुलाई यस्ता धोकाबाजहरुसंग नाता जोड्न मनाही गरेको छ । कुर्आनमा आएको छः

(( إِنَّا أَنْزَلْنَا إِلَيْكَ الْكِتَابَ بِالْحَقِّ لِتَحْكُمَ بَيْنَ النَّاسِ بِمَا أَرَاكَ اللَّهُ وَلَا تَكُنْ لِلْخَائِنِينَ خَصِيمًا (١٠٥) وَاسْتَغْفِرِ اللَّهَ إِنَّ اللَّهَ كَانَ غَفُورًا رَحِيمًا (١٠٦) وَلَا تُجَادِلْ عَنِ الَّذِينَ يَخْتَانُونَ أَنْفُسَهُمْ إِنَّ اللَّهَ لَا يُحِبُّ مَنْ كَانَ خَوَّانًا أَثِيمًا)) قرآن/٤: ١٠٥–١٠٧

**अर्थ: ((नि:सन्देह हामीले तिमीलाई सत्यका साथ आफ्नो किताब पठाएका छौं, ताकि अल्लाहले तिमीलाई दिएको ज्ञान अनुसार तिमी मानिसहरु बीच निर्णय गर्न सक र धोकाबाजहरुको समर्थन नगर्नुस्। अल्लाहसँग क्षमाको लागि प्रार्थना गर्नुस्। नि:सन्देह अल्लाह क्षमादाता, अत्यन्त दयालु छन्। र जुन मानिस आफूबाटै कपट राख्दछन् त्यस्ताको तर्फबाट विवाद नगर्नुस्, किनभने अल्लाहले कपट गर्ने र बेईमानहरुलाई प्रेम गर्दैनन्।)) कुर्आन\४:१०५-१०७**

((لَا يَنْهَاكُمُ اللَّهُ عَنِ الَّذِينَ لَمْ يُقَاتِلُوكُمْ فِي الدِّينِ وَلَمْ يُخْرِجُوكُمْ مِنْ دِيَارِكُمْ أَنْ تَبَرُّوهُمْ وَتُقْسِطُوا إِلَيْهِمْ إِنَّ اللَّهَ يُحِبُّ الْمُقْسِطِينَ )) قرآن/٦٠: ٨

**अर्थ: ((जुन मानिसहरुले तिमीसित धर्मको बारेमा युद्ध गरेनन् र न तिमीलाई तिम्रा घरहरुबाट निष्कासित गरे, उनीहरुसँग राम्रो र न्याय पूर्ण व्यवहार गर्नबाट अल्लाहले तिमीलाई मनाही गर्दैनन्। अपितु अल्लाहले त न्याय गर्नेहरुसँग प्रेम गर्दछन्। )) कुर्आन\८:६०**

(( يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا تَتَّخِذُوا الَّذِينَ اتَّخَذُوا دِينَكُمْ هُزُوًا وَلَعِبًا مِنَ الَّذِينَ أُوتُوا الْكِتَابَ مِنْ قَبْلِكُمْ وَالْكُفَّارَ أَوْلِيَاءَ وَاتَّقُوا اللَّهَ إِنْ كُنْتُمْ مُؤْمِنِينَ)) قرآن/٥: ٥٧

**अर्थ: ((हे ईमानवालाहरु ! अहले-कताब र आस्थावानहरु मध्ये त्यस्ता मानिसहरुलाई आफ्नो मित्र नबनाउ जसले तिम्रो धर्म (आस्था) लाई**

हाँसो ख्यालको कुरा ठानिराखेका छन्। यदि तिमी मोमिन हौ भने अल्लाहसँग डर मान्ने गर। )) कुर्आन\५:५७

अत: मुस्लिमहरुसित युद्ध गर्ने र तिनीहरूलाई घरबाट निष्कासित गर्ने जस्ता मानिसहरुसँग मित्रता नगर्ने भनेर कुर्आनले अनेकौ ठाउँमा प्रष्ट पारेको छ।

((إِنَّمَا يَنْهَاكُمُ اللَّهُ عَنِ الَّذِينَ قَاتَلُوكُمْ فِي الدِّينِ وَأَخْرَجُوكُمْ مِنْ دِيَارِكُمْ وَظَاهَرُوا عَلَى إِخْرَاجِكُمْ أَنْ تَوَلَّوْهُمْ وَمَنْ يَتَوَلَّهُمْ فَأُولَئِكَ هُمُ الظَّالِمُونَ)) قرآن/٦٠: ٩

अर्थ: ((अल्लाहले ती मानिसहरुसँग मात्र तिमीलाई मित्रता गर्नबाट मनाही गर्दछन्, जसले तिमीहरु सित धर्मको बारेमा लडाई गरे र तिमीहरुलाई तिम्रा घरहरुबाट निष्कासित गरे र तिम्रो निष्कासनमा अरुको सहायता गरे। तसर्थ जुन मानिसहरुले यस्ता मानिसहरु सँग मित्रता गर्दछन्, तिनै अत्याचारी हुन्।)) कुर्आन\६०:९

जस्तोकि कुर्आनले अनेकौं ठाउँमा यो कुरा पनि प्रष्ट पारेको छ कि सबै यहूदी र क्रिश्चियनहरु दुश्मन होइनन् बरु तिनीहरुमा सही आस्था राख्नेहरु धर्मी र सदाचारी पनि छन् जसले राम्रो उपदेश दिन्छन् र पापबाट रोक्दछन् र भलाईको प्रयास गर्दछन्, त अल्लाहले तिनीहरुको पुण्य नष्ट पार्दैनन्।

(( لَيْسُوا سَوَاءً مِنْ أَهْلِ الْكِتَابِ أُمَّةٌ قَائِمَةٌ يَتْلُونَ آيَاتِ اللَّهِ آنَاءَ اللَّيْلِ وَهُمْ يَسْجُدُونَ (١١٣) يُؤْمِنُونَ بِاللَّهِ وَالْيَوْمِ الْآخِرِ وَيَأْمُرُونَ بِالْمَعْرُوفِ وَيَنْهَوْنَ عَنِ الْمُنْكَرِ وَيُسَارِعُونَ فِي الْخَيْرَاتِ وَأُولَئِكَ مِنَ الصَّالِحِينَ)) قرآن/٣: ١١٣-١١٤

अर्थ: ((यिनीहरु सबै एक समान छैनन्। बरु यी अह्लेकिताब मध्ये केहि मानिसहरु सत्य मार्गमा कायम रहनेहरु पनि छन्। जसले रातिको समयमा पनि अल्लाहका आयतहरु पढ्दछन् र सज्दा पनि गर्दछन्। यिनीहरु अल्लाह माथि र आखिरतको दिनमा आस्था पनि राख्दछन् र सत्कर्म गर्न भन्दछन् दुष्कर्म बाट मनाही गर्दछन् र सदचारतिर अग्रसर हुन्छन् यिनी सदाचारी मध्येका हुन्।)) कुर्आन\३:११३-११४

((وَإِنَّ مِنْ أَهْلِ الْكِتَابِ لَمَنْ يُؤْمِنُ بِاللَّهِ وَمَا أُنْزِلَ إِلَيْكُمْ وَمَا أُنْزِلَ إِلَيْهِمْ خَاشِعِينَ لِلَّهِ لَا يَشْتَرُونَ بِآيَاتِ اللَّهِ ثَمَنًا قَلِيلًا أُولَئِكَ لَهُمْ أَجْرُهُمْ عِنْدَ رَبِّهِمْ إِنَّ اللَّهَ سَرِيعُ الْحِسَابِ)) قرآن/٣: ١٩٩

अर्थ: ((नि:सन्देह अहले किताबमध्ये केही यस्ता पनि छन्, जो कि अल्लाहमाथि र त्यस माथि जुन तिमीलाई प्रदान गरिएको छ र त्यस माथि जुन तिनीहरुलाई प्रदान गरिएको छ आस्था राख्दछन् र अल्लाहको अगाडि नतमस्तक हुन्छन् र अल्लाहको आयतलाई सानो तिनो मूल्यमा बेच्दैनन्। यस्ता मानिसहरुको प्रतिफल अल्लाह कहाँ तयार छ र अल्लाहले शिघ्र हिसाब लिनेवाला छन्। )) कुर्आन\३:१९९

(( إِنَّ الَّذِينَ آمَنُوا وَالَّذِينَ هَادُوا وَالنَّصَارَى وَالصَّابِئِينَ مَنْ آمَنَ بِاللَّهِ وَالْيَوْمِ الْآخِرِ وَعَمِلَ صَالِحًا فَلَهُمْ أَجْرُهُمْ عِنْدَ رَبِّهِمْ وَلَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ)) قرآن/٢: ٦٢

अर्थ: ((नि:सन्देह मुसलमान होऊन्, यहूदी होऊन्, ईसाई होऊन् या पारसी जसले अल्लाह र अन्तिम दिनमाथि आस्था राख्यो र असल काम गर्यो त्यस्ता व्यक्तिहरुलाई तिनका फल, अल्लाह कहाँ प्राप्त हुनेछ र

तिनीहरुलाई न त कुनै प्रकारको भयत्रास हुनेछ र न त उदासीनता।)) कुर्आन\२:६२

## ५- इस्लामले बुद्धि विचारको तर्कलाई प्राथमिकता दिने साथै ब्रह्माण्डमा विचार र मनन गर्नेतिर ध्यान आकर्षित गराएको छ

इस्लामको लक्ष्य अंधविश्वास वा त्यसको आह्वान गर्ने होइन बरु इस्लामले त सम्पूर्ण मानिसहरुलाई अल्लाहका निशानी र उनले सृजना गरेका सृष्टिहरुमा विचार गर्ने र धरतीमा हिंडेर ब्रह्माण्डमा मनन गर्ने अनि स्वयं आफै भित्र विचार र तर्कप्रति बुद्धि उपयोग गर्ने आग्रह गरेको छ। अनि यस्तो गर्नाले व्यक्ति आफ्नो मनमा उठेको सम्पूर्ण प्रश्नको उत्तर पक्कै पाइहाल्नेछ र अनिवार्य रुपले सृष्टिकर्ताको अस्तित्वमा आफै विश्वास गर्न थाल्नेछ। पूर्णरुपले सन्तुष्ट भइहाल्नेछ कि यस ब्रह्माण्डलाई एउटा महत्वपूर्ण उद्देश्यको लागि बनाइएको र काममा लगाइएको छ र अन्तमा इस्लामले आह्वान गर्ने मूल कुरा "लाइलाहा इल्लल्लाह" (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) भन्ने कुरा मै आइ पुग्नेछ। अल्लाहले भन्नु भएको छ:

((الَّذِي خَلَقَ سَبْعَ سَمَاوَاتٍ طِبَاقًا مَا تَرَى فِي خَلْقِ الرَّحْمَنِ مِنْ تَفَاوُتٍ فَارْجِعِ الْبَصَرَ هَلْ تَرَى مِنْ فُطُورٍ (٣) ثُمَّ ارْجِعِ الْبَصَرَ كَرَّتَيْنِ يَنْقَلِبْ إِلَيْكَ الْبَصَرُ خَاسِئًا وَهُوَ حَسِيرٌ))

قرآن/٦٧: ٣–٤

अर्थ: ((जसले माथि सातवटा आकशहरु बनायो, तिमी हे हेर्नेवाला दयालु अल्लाहको रचनामा कुनै विसंगति देख्ने छैन। दोस्रो पटक दृष्टि

उठाएर हेर के कुनै चिरा दृष्टिगोचर हुन्छ ? फेरी दोहर्याएर दुई-दुई पटक देखीले, तिम्रो दृष्टि तिमीतर्फ अपमानित र कमजोर भएर फर्की आउनेछ ।)) कुर्आन\६७:३-४

((سَنُرِيهِمْ آيَاتِنَا فِي الْآفَاقِ وَفِي أَنْفُسِهِمْ حَتَّى يَتَبَيَّنَ لَهُمْ أَنَّهُ الْحَقُّ أَوَلَمْ يَكْفِ بِرَبِّكَ أَنَّهُ عَلَى كُلِّ شَيْءٍ شَهِيدٌ)) قرآن/٤١ : ٥٣

अर्थ: (( शिघ्र नै हामीले उनीहरुलाई आफ्ना निशानीहरु दुनियामा देखाउने छौं र स्वयं उनीहरुको आफै भित्र पनि, यहाँसम्म कि उनीहरुलाई स्पष्ट भईहाल्नेछ कि त्यो (कुर्आन) सत्य हो । के तपाईको पालनकर्ता यस दृष्टिले प्रयाप्त छैन कि त्यो हरेक कुराको जानकार छ ।)) कुर्आन\४१:५३

(( إِنَّ فِي خَلْقِ السَّمَاوَاتِ وَالْأَرْضِ وَاخْتِلَافِ اللَّيْلِ وَالنَّهَارِ وَالْفُلْكِ الَّتِي تَجْرِي فِي الْبَحْرِ بِمَا يَنْفَعُ النَّاسَ وَمَا أَنْزَلَ اللَّهُ مِنَ السَّمَاءِ مِنْ مَاءٍ فَأَحْيَا بِهِ الْأَرْضَ بَعْدَ مَوْتِهَا وَبَثَّ فِيهَا مِنْ كُلِّ دَابَّةٍ وَتَصْرِيفِ الرِّيَاحِ وَالسَّحَابِ الْمُسَخَّرِ بَيْنَ السَّمَاءِ وَالْأَرْضِ لَآيَاتٍ لِقَوْمٍ يَعْقِلُونَ )) قرآن/٢: ١٦٤

अर्थ: (( आकशहरु र पृथ्वीको सृष्टि रचनामा रातदिनको प्रक्रियामा, डुंगा जुन मानिसहरुलाई फाइदा पुग्ने सरसामान बोकी समुन्द्रमा बगिरहेछन् वर्षा जुन कि अल्लाहले आकाशबाट वृष्ट गर्छन् जसबाट पृथ्वीको मृत्यु भू-भाग जीवित हुन्छ, पृथ्वीमा प्रत्येक किसिमका जनावरहरु फैलाउनु, हावाको दिशा परिवर्तन गर्नु र बादलहरुमा जुन कि आकाश र धर्तिको

बीचमा घुम्छन्, समझदारका लागि यो सबै अल्लाहको कुदरत (शक्ति) का निशानीहरु हुन्। )) कुर्आन\२:१६४

(( وَسَخَّرَ لَكُمُ اللَّيْلَ وَالنَّهَارَ وَالشَّمْسَ وَالْقَمَرَ وَالنُّجُومُ مُسَخَّرَاتٌ بِأَمْرِهِ إِنَّ فِي ذَلِكَ لَآيَاتٍ لِقَوْمٍ يَعْقِلُونَ)) قرآن/١٦: ١٢

अर्थ: (( उसैले राति र दिन तथा सूर्य र चन्द्रमालाई तिम्रो अधीन गर्यो र उसैको आदेशको अधीनमा ताराहरु पनि (काममा लागेका) छन्, नि:सन्देह बुद्धिमानमानहरुको लागि यसमा धेरै निशानीहरु छन्। )) कुर्आन\१६:१२

(( وَالسَّمَاءَ بَنَيْنَاهَا بِأَيْدٍ وَإِنَّا لَمُوسِعُونَ )) قرآن/٥١: ٤٧

अर्थ: (( र आकाशलाई हामीले आफ्नो हातबाटै बनायौं र निश्चित रुपले हामीमा सामर्थ्य छ। )) कुर्आन\५१:४७

(( وَأَنْزَلْنَا مِنَ السَّمَاءِ مَاءً بِقَدَرٍ فَأَسْكَنَّاهُ فِي الْأَرْضِ وَإِنَّا عَلَى ذَهَابٍ بِهِ لَقَادِرُونَ (١٨) فَأَنْشَأْنَا لَكُمْ بِهِ جَنَّاتٍ مِنْ نَخِيلٍ وَأَعْنَابٍ لَكُمْ فِيهَا فَوَاكِهُ كَثِيرَةٌ وَمِنْهَا تَأْكُلُونَ )) قرآن/٢٣: ١٨–١٩

अर्थ: (( र हामीले आकाशबाट एउटा ठीक अन्दाजले पानी वर्षाउँछौं, अनि हामीले त्यसलाई धर्तीमा रोक्छौं र त्यसलाई विलुप्त गर्ने सामर्थ्य पनि हामीमा छ। अनि हामीले त्यसै पानीबाट तिम्रो निम्ति खजुर र अङ्गुरका बगैचाहरु उत्पन्न गर्यौं, तिम्रा निम्ति त्यसमा धेरै फल-फूल छन् र त्यसबाट नै तिमी खान्छौ। )) कुर्आन\२३:१८-१९

(( أَلَمْ تَرَ أَنَّ اللَّهَ أَنْزَلَ مِنَ السَّمَاءِ مَاءً فَسَلَكَهُ يَنَابِيعَ فِي الْأَرْضِ ثُمَّ يُخْرِجُ بِهِ زَرْعًا مُخْتَلِفًا أَلْوَانُهُ ثُمَّ يَهِيجُ فَتَرَاهُ مُصْفَرًّا ثُمَّ يَجْعَلُهُ حُطَامًا إِنَّ فِي ذَلِكَ لَذِكْرَى لِأُولِي الْأَلْبَابِ)) قرآن/٣٩: ٢١

**अर्थ:** ((के तपाईले देख्नुभएन कि अल्लाहले आकाशबाट पानी वर्षाउँछन् अनि त्यसलाई धरतीको सतहमा पुर्याउँछन्। अनि त्यसै बाट अनेकौं प्रकारका खेतीहरु उब्जाउँछन्, फेरि तिनी सुक्छन र तपाईले त्यसलाई पहेलो रंगमा देख्नुहुन्छ। अनि उनले त्यसलाई चूर चूर गरिदिन्छन। यसमा बुद्धिमान हरुको लागि धेरै शिक्षा छ।)) कुर्आन\३९:२१

(( أَوَلَمْ يَرَ الَّذِينَ كَفَرُوا أَنَّ السَّمَاوَاتِ وَالْأَرْضَ كَانَتَا رَتْقًا فَفَتَقْنَاهُمَا وَجَعَلْنَا مِنَ الْمَاءِ كُلَّ شَيْءٍ حَيٍّ أَفَلَا يُؤْمِنُونَ )) قرآن/٢١: ٣٠

**अर्थ:** ((के ती मानिसहरुले जसले इन्कार गरे, यो देखेनन् कि यी आकाश र धरती एक आपसमा जोडिएका थिए, अनि हामीले तिनलाई अलग-अलग गर्यौं र सम्पूर्ण जीवित प्राणीहरूलाई हामीले पानीबाट सृष्टि गर्यौं। तैपनि यी मानिसहरुले ईमान किन ल्याउँदैनन्। )) कुर्आन\२१:३०

((وَجَعَلْنَا فِي الْأَرْضِ رَوَاسِيَ أَنْ تَمِيدَ بِهِمْ وَجَعَلْنَا فِيهَا فِجَاجًا سُبُلًا لَعَلَّهُمْ يَهْتَدُونَ )) قرآن/٢١: ٣١

**अर्थ:** ((र हामीले धरतीमा पहाडहरु उभ्याई दिऔं ताकी त्यसले प्राणीहरुलाई हल्लाउन नसकोस् र हामीले त्यसमा फराकिला बाटाहरु बनायौं ताकी तिनीहरुले मार्ग प्राप्त गर्न सकुन्। )) कुर्आन\२१:३१

(( وَلَقَدْ خَلَقْنَا الْإِنْسَانَ مِنْ سُلَالَةٍ مِنْ طِينٍ (١٢) ثُمَّ جَعَلْنَاهُ نُطْفَةً فِي قَرَارٍ مَكِينٍ (١٣) ثُمَّ خَلَقْنَا النُّطْفَةَ عَلَقَةً فَخَلَقْنَا الْعَلَقَةَ مُضْغَةً فَخَلَقْنَا الْمُضْغَةَ عِظَامًا فَكَسَوْنَا الْعِظَامَ لَحْمًا ثُمَّ أَنْشَأْنَاهُ خَلْقًا آخَرَ فَتَبَارَكَ اللَّهُ أَحْسَنُ الْخَالِقِينَ )) قرآن/٢٣: ١٢–١٤

अर्थः ((र निःसन्देह हामीले मानवलाई माटोको तत्वबाट सृष्टि गरेका हौं। अनि उसलाई एउटा बलियो सुरक्षित ठाउँमा शुक्र बनाएर राख्यौं। फेरि शुक्रलाई एउटा डल्लो बनायौं, फेरि डल्लोबाट भ्रुण बनायौं, अनि भ्रुणबाट हाडहरु बनायौं, अनि हाडहरुमाथि मासुको राख्यौं, अनि त्यसलाई नयाँ आकारमा बनाइदियौं तसर्थ अल्लाह अति बर्कतवाला सबभन्दा उत्तम स्रष्टा हुन्। )) कुर्आन\२३:१२-१४

(( يَا أَيُّهَا النَّاسُ إِنْ كُنْتُمْ فِي رَيْبٍ مِنَ الْبَعْثِ فَإِنَّا خَلَقْنَاكُمْ مِنْ تُرَابٍ ثُمَّ مِنْ نُطْفَةٍ ثُمَّ مِنْ عَلَقَةٍ ثُمَّ مِنْ مُضْغَةٍ مُخَلَّقَةٍ وَغَيْرِ مُخَلَّقَةٍ لِنُبَيِّنَ لَكُمْ وَنُقِرُّ فِي الْأَرْحَامِ مَا نَشَاءُ إِلَى أَجَلٍ مُسَمًّى ثُمَّ نُخْرِجُكُمْ طِفْلًا ثُمَّ لِتَبْلُغُوا أَشُدَّكُمْ وَمِنْكُمْ مَنْ يُتَوَفَّى وَمِنْكُمْ مَنْ يُرَدُّ إِلَى أَرْذَلِ الْعُمُرِ لِكَيْلَا يَعْلَمَ مِنْ بَعْدِ عِلْمٍ شَيْئًا وَتَرَى الْأَرْضَ هَامِدَةً فَإِذَا أَنْزَلْنَا عَلَيْهَا الْمَاءَ اهْتَزَّتْ وَرَبَتْ وَأَنْبَتَتْ مِنْ كُلِّ زَوْجٍ بَهِيجٍ )) قرآن/٢٢: ٥

अर्थः ((हे मानिसहरु यदि तिमीलाई (मृत्यु पश्चात) पुनर्जीवित हुने विषयमा कुनै सन्देह छ भने सोच, हामीले तिमीलाई (सुरुवातमा) माटोबाट सृष्टि गर्यौं, अनि वीर्य बनाएर, फेरि त्यसबाट रगतको डल्लो बनाएर, अनि मासुको डल्लोबाट जुन आकार दिइएको थियो जसको कुनै रुप थिएन ताकि हामीले तिमीलाई स्पष्ट पारिदिउँ र जसलाई हामीले चाहन्छौं एक निर्धारित समयसम्म आमाको पेटमा राखिरहने हुन्छौं। अनि त्यस पछि तिमीलाई एउटा बच्चाको रुपमा ल्याउँछौं । अनि तिमी

आफ्नो युवावस्था सम्म पुग्छौ र तिमी मध्ये कोही त पहिले नै मरिहाल्छन् र कसैलाई बुढेसको जीर्ण अवस्थातिर लगिन्छन्। जसले गर्दा धेरै कुराको ज्ञान भएर पनि अज्ञान हुन्छन्। तिमीले देख्छौ कि जमीन सुखिसकेको बन्जर (मरु) छ। फेरि जब हामीले त्यसमा पानीको वर्षा गराउँछौं तब त्यसमा हरियाली हुन्छ र त्यसमा सजीवता आउँछ र यो हरेक प्रकारको रुख बिरुवाबाट शोभायमान हुन्छ। )) कुर्आन\२२:५

(( اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ )) قرآن/٩٦: ١

अर्थ: ((आफ्नो पालनकर्ताको नाम लिएर पढ जसले सृष्टि गर्यो। )) कुर्आन\९६:१

(( أَمَّنْ هُوَ قَانِتٌ آنَاءَ اللَّيْلِ سَاجِدًا وَقَائِمًا يَحْذَرُ الْآخِرَةَ وَيَرْجُو رَحْمَةَ رَبِّهِ قُلْ هَلْ يَسْتَوِي الَّذِينَ يَعْلَمُونَ وَالَّذِينَ لَا يَعْلَمُونَ إِنَّمَا يَتَذَكَّرُ أُولُو الْأَلْبَابِ)) قرآن/٣٩: ٩

अर्थ: ((त्यो व्यक्ति जसले रातको समयमा सज्दा (उपासना) गर्दछ उपासनामा उभिरहन्छ, आखिरत (महाप्रलय) सित डर्छ र आफ्नो प्रभुको दयाको आशा राख्दछ त्यो र यसको बिपरीत गर्नेवाला के बराबर हुन् सक्दछन् ? भनिदिनुस् कि के "उनीहरु जो ज्ञानी छन् र उनीहरु जो अज्ञानी छन् दुबै समान हुनेछन् ? निश्चित रुपले शिक्षा त तिनैले ग्रहण गर्छन् जो बुद्धिवाला (सक्षम) छन्। )) कुर्आन\३९:९

(( وَمِنَ النَّاسِ وَالدَّوَابِّ وَالْأَنْعَامِ مُخْتَلِفٌ أَلْوَانُهُ كَذَلِكَ إِنَّمَا يَخْشَى اللَّهَ مِنْ عِبَادِهِ الْعُلَمَاءُ إِنَّ اللَّهَ عَزِيزٌ غَفُورٌ )) قرآن/٣٥: ٢٨

अर्थ: ((र यसै गरि मानिसहरु, जनावरहरु र चौपायाहरुमा पनि कैयौं प्रकारका रंगहरु छन्। अल्लाहसित उनको ती सेवकहरु नै डर मान्छन्

जो ज्ञानी छन्। निश्चै नै अल्लाह् अत्यन्त प्रभुत्वशाली, क्षमाशील छन्।)) कुर्आन\३५:२८

## ६- इस्लामले मानिसलाई मूल पापको भारबाट मुक्त गरेको छ।

हरेक बच्चा जन्मिदा त्यस माथि कुनै पाप हुँदैन। अल्लाह्को अवज्ञा गरे पछि आदमले गरेको पश्चाताप स्वीकार हुनु चाहि सम्पूर्ण मानिसको लागि एउटा पाठ थियो कि अल्लाह्ले क्षमा र माफी स्वीकार गर्नुहुन्छ। हरेक व्यक्ति आफ्नो पापको लागि आफै जिम्मेवार छ (हरेक व्यक्ति आफ्नो कर्मको बदलामा धितो राखिएको छ)। र यो नै अल्लाह्को न्याय हो, कुनै व्यक्तिलाई त्यसले नगरेको पापको विषयमा सोधिने छैन, तर हो ईमान र पुण्यकार्य बिना त्यसले मुक्ति पनि पाउने छैन। अल्लाह्ले मानिसलाई जीवन प्रदान गर्नु भएको छ भने साथै परिक्षाको लागि त्यसलाई राम्रो र नराम्रो रोज्ने स्वतन्त्रता पनि दिनु भएको छ, अनि त्यसले गरेको कार्यको विषयमा त्यसलाई नै सोधिने छ।

((وَلَا تَزِرُ وَازِرَةٌ وِزْرَ أُخْرَى وَإِنْ تَدْعُ مُثْقَلَةٌ إِلَى حِمْلِهَا لَا يُحْمَلْ مِنْهُ شَيْءٌ وَلَوْ كَانَ ذَا قُرْبَى إِنَّمَا تُنْذِرُ الَّذِينَ يَخْشَوْنَ رَبَّهُمْ بِالْغَيْبِ وَأَقَامُوا الصَّلَاةَ وَمَنْ تَزَكَّى فَإِنَّمَا يَتَزَكَّى لِنَفْسِهِ وَإِلَى اللَّهِ الْمَصِيرُ)) قرآن/٣٥: ١٨

अर्थ: ((कुनै भारी बोक्नेले अर्काको भार बोक्ने छैन। र यदि कोही भारले थिचिएको व्यक्ति आफ्नो भार बोक्न अरुलाई बोलाउने छ भने त्यसबाट उसले केही पनि उठाउने छैन, यधपि त्यो निकट कै सम्बन्धि किन नहोस्।

तपाईले त ती मानिसहरुलाई मात्र सावधान गर्न सक्नु हुन्छ, जो नदेखिकन पनि आफ्ना पालनकर्तासित डराउँछन् र नियमित नमाज पढ्दै गर्छन् र जो व्यक्ति पवित्र बन्दछ त्यो आफ्नो निम्ति नै पवित्र हुने छ। र अल्लाहतिर नै फर्केर जानुपर्ने छ। )) कुर्आन\३५:१८

सही बुखारीको हदीस हो कि: अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ कि: "हरेक बच्चा (इस्लामी) प्रकृतिमा जन्म पाउँछ, अनि उसको आमा बुवाले उसलाई यहूदी वा क्रिश्चियन वा मजूसी बनाई दिन्छन्।"

## ७- इस्लामले मानिसलाई ब्रह्माण्डसंग तालमेल भएको र सद्भावमा राख्दछ।

ब्रह्माण्डमा भएका सम्पूर्ण सृष्टिहरुले सृष्टिकर्ता अल्लाहको गौरव, पवित्रता र पूर्णता बयान गर्दछन, अनि इस्लामले सृष्टिकर्ता र मानिस बीच सम्बन्ध जोडने माध्यम सुचारु गरेर मानिस र ईश्वर बीचको स्वभाविक सम्बन्धलाई कायम गर्दछ र सम्पूर्ण ब्रह्माण्डको सत्य सृष्टिकर्ता सम्म पुग्ने सोझो बाटोको मार्गदर्शन गर्दछ।

(( أَفَغَيْرَ دِينِ اللَّهِ يَبْغُونَ وَلَهُ أَسْلَمَ مَنْ فِي السَّمَاوَاتِ وَالْأَرْضِ طَوْعًا وَكَرْهًا وَإِلَيْهِ يُرْجَعُونَ)) قرآن/٣: ٨٣

अर्थ: ((के तिनीहरु अल्लाहको धर्म बाहेक कुनै अरु धर्मको खोजीमा छन् ? जबकि सबै आकाशहरु र पृथ्वीमा भएका सम्पूर्ण प्राणीहरु

चाहँदा वा नचाहँदा अल्लाहको आज्ञाकारी हुन्छन् र सबै उनीतिर नै फर्काइनेछन्। )) कुर्आन\३:८३

((وَلِلَّهِ يَسْجُدُ مَنْ فِي السَّمَاوَاتِ وَالْأَرْضِ طَوْعًا وَكَرْهًا وَظِلَالُهُمْ بِالْغُدُوِّ وَالْآصَالِ)) قرآن/١٣: ١٥

अर्थ: (( अल्लाहको लागि नै पृथ्वी र आकाशका सबै प्राणीहरु खुशी र बेखुशी नतमस्तक हुन्छन् र उनीहरुका छायाँहरुले पनि विहान बेलुका।)) कुर्आन\१३:१५

## ८- इस्लामले नैतिक शुद्धता, शालीनता र लज्जताको आह्वान गर्दछ।

त्यस्तो समयमा जब नैतिक मूल्यहरु अभद्रतातिर खसिरहेको र पारिवारिक जीवन भंग भइरहेको हुन्छ भने कुर्आनले अनेकौं अध्यायहरु ल्याएर उक्त समस्याहरुको समाधान नीति पेश गरेको छ। कुर्आनमा आएको छ :

(( يَا بَنِي آدَمَ قَدْ أَنْزَلْنَا عَلَيْكُمْ لِبَاسًا يُوَارِي سَوْآتِكُمْ وَرِيشًا وَلِبَاسُ التَّقْوَى ذَلِكَ خَيْرٌ ذَلِكَ مِنْ آيَاتِ اللَّهِ لَعَلَّهُمْ يَذَّكَّرُونَ )) قرآن/٧: ٢٦

अर्थ: ((हे आदमका सन्तान ! ह्ামीले तिम्रो लागि पोशाक बनायौं जसले तिम्रो गुप्ताङ्गहरुलाई ढाक्दछ र तिम्रो शरीरको रक्षा र शोभा पनि हो। उत्तम पोशाक सत्य निष्ठता (संयम) नै हो। यो अल्लाहका निशानीहरुमध्ये एक हो। ताकि मानिसहरु यसलाई याद राखुन्।)) कुर्आन\७:२६

(( قُلْ لِلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ وَيَحْفَظُوا فُرُوجَهُمْ ذَلِكَ أَزْكَى لَهُمْ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا يَصْنَعُونَ (٣٠) وَقُلْ لِلْمُؤْمِنَاتِ يَغْضُضْنَ مِنْ أَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَى جُيُوبِهِنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنَّ أَوْ آبَائِهِنَّ أَوْ آبَاءِ بُعُولَتِهِنَّ أَوْ أَبْنَائِهِنَّ أَوْ أَبْنَاءِ بُعُولَتِهِنَّ أَوْ إِخْوَانِهِنَّ أَوْ بَنِي إِخْوَانِهِنَّ أَوْ بَنِي أَخَوَاتِهِنَّ أَوْ نِسَائِهِنَّ أَوْ مَا مَلَكَتْ أَيْمَانُهُنَّ أَوِ التَّابِعِينَ غَيْرِ أُولِي الْإِرْبَةِ مِنَ الرِّجَالِ أَوِ الطِّفْلِ الَّذِينَ لَمْ يَظْهَرُوا عَلَى عَوْرَاتِ النِّسَاءِ وَلَا يَضْرِبْنَ بِأَرْجُلِهِنَّ لِيُعْلَمَ مَا يُخْفِينَ مِنْ زِينَتِهِنَّ وَتُوبُوا إِلَى اللَّهِ جَمِيعًا أَيُّهَ الْمُؤْمِنُونَ لَعَلَّكُمْ تُفْلِحُونَ )) قرآن/٢٤ : ٣٠-٣١

**अर्थः (( मोमिन पुरुषहरुसित भनिदिनुस् कि आफ्नो दृष्टि तल राख्ने गरुन् र गोप्याङ्गहरुको रक्षा गरुन्, यो उनीहरुको निम्ति अति पवित्रताको कुरो हो। मानिसहरु जुन कर्म गर्छन्, अल्लाहलाई त्यो सबै थाहा छ। र मोमिन स्त्रीहरुसित भनिदिनुस् कि उनीहरुले पनि आफ्ना दृष्टि तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् आफ्ना शृंगार प्रकट नगरुन्, त्यस बाहेक जुन खुल्ला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरुले छोपी राखुन् र आफ्नो शृंगार आफ्नो पति वा आफ्नो बुवा वा आफ्नो पतिको बुवा (ससुरा) वा आफ्ना छोरा वा आफ्नो पतिको छोरा वा आफ्ना साखै भाइहरु वा भतिजाहरु वा आफ्ना भानिजहरु वा आफ्नो मेलजोलका स्त्रीहरु वा लौंडीहरु (नोकरानी) र उनीहरुको अधिनमा रहेका यस्ता पुरुषहरु जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरु जो कि स्त्रीहरुको कुरो सित परिचित हुँदैनन् यिनीहरु बाहेक कसैलाई प्रकट नगरुन्। र आफ्ना खुट्टाहरु भुईंमा बजारेर नहिड्नु कि तिनीहरुको लुकेको शृंगार थाहा भइहालोस्। र मोमिनहरु हो ! तिमी सबै अल्लाहको**

अगाडि प्रायश्चित गर ताकि तिमी मुक्ति पाउन सक।)) कुर्आन\२४:३०-३१

((يَا أَيُّهَا النَّبِيُّ قُلْ لِأَزْوَاجِكَ وَبَنَاتِكَ وَنِسَاءِ الْمُؤْمِنِينَ يُدْنِينَ عَلَيْهِنَّ مِنْ جَلَابِيبِهِنَّ ذَلِكَ أَدْنَى أَنْ يُعْرَفْنَ فَلَا يُؤْذَيْنَ وَكَانَ اللَّهُ غَفُورًا رَحِيمً )) قرآن/٣٣: ٥٩

अर्थ: (( हे पैगम्बर ! आफ्ना पत्नीहरु र आफ्ना छोरीहरु र ईमानवाली महिलाहरुसँग भनिदिनुस् कि तिनीहरु आफूमाथि "आफ्ना च्यादर हाल्ने गरुन्"। यसबाट छिटै उनीहरु (भद्रता) को पहिचान भइहाल्छ र उनले दु:ख भोग्नु पर्दैन र अल्लाह अति क्षमाशील, दयावान छन्।)) कुर्आन\३३:५९

## ९- इस्लाम सन्तुलन, बराबरी, मध्यमता र सहिष्णुतामा आधारित छ

अल्लाहले भन्नु भएको छ:

(( وَكَذَلِكَ جَعَلْنَاكُمْ أُمَّةً وَسَطًا لِتَكُونُوا شُهَدَاءَ عَلَى النَّاسِ وَيَكُونَ الرَّسُولُ عَلَيْكُمْ شَهِيدًا وَمَا جَعَلْنَا الْقِبْلَةَ الَّتِي كُنْتَ عَلَيْهَا إِلَّا لِنَعْلَمَ مَنْ يَتَّبِعُ الرَّسُولَ مِمَّنْ يَنْقَلِبُ عَلَى عَقِبَيْهِ وَإِنْ كَانَتْ لَكَبِيرَةً إِلَّا عَلَى الَّذِينَ هَدَى اللَّهُ وَمَا كَانَ اللَّهُ لِيُضِيعَ إِيمَانَكُمْ إِنَّ اللَّهَ بِالنَّاسِ لَرَءُوفٌ رَحِيمٌ )) قرآن/٢: ١٤٣

अर्थ: (( हामीले यस्तै तिमीलाई मध्यमार्गी समुदाय बनाएका हौं जसबाट अरु मानिसहरुका साक्षि बन र पैगम्बर (मुहम्मद स० अ० व०) तिम्रा लागि साक्षि बनून् र जुन किब्लामा तिमी पहिला देखि लागेका थियौ, त्यसलाई हामीले यस कारण निर्धारित गरेका थियौं ताकि थाहा होस् कि : को (हाम्रो) पैगम्बरको सच्चा अनुयायी हो र को हो जो बिचलित हुन्छ ?

यो काम गाह्रो छ तर जसलाई अल्लाहले मार्ग-दर्शित गर्नु भएको छ (तिनीहरुलाई गाह्रो छैन) । र अल्लाहले तिम्रो आस्था (कर्म) लाई व्यर्थ पार्नुहुने छैन। अल्लाह त मानिसहरुसँग अत्यन्त कृपा र दयाको व्यवहार गर्नेवाला छन्।)) कुर्आन\२:१४३

(( لَكُمْ دِينُكُمْ وَلِيَ دِينِ )) قرآن/١٠٩: ٦

अर्थः (( तिम्रो निम्ति तिम्रो धर्म छ र मेरो निम्ति मेरो धर्म।)) कुर्आन\१०९:६

((يَا بَنِي آدَمَ خُذُوا زِينَتَكُمْ عِنْدَ كُلِّ مَسْجِدٍ وَكُلُوا وَاشْرَبُوا وَلَا تُسْرِفُوا إِنَّهُ لَا يُحِبُّ الْمُسْرِفِينَ )) قرآن/٧: ٣١

अर्थः ((हे आदमको सन्तति प्रत्येक नामज़को बेला तिमीहरु राम्रोसँग लुगा लगाउने गर र पर्याप्त खाने पिउने गर तर सीमाभन्दा अघि नबढ। निःसन्देह अल्लाहले सीमाभन्दा अघि बढ्नेलाई मन पराउँदैनन्।)) कुर्आन\७:३१

((وَلَا تَجْعَلْ يَدَكَ مَغْلُولَةً إِلَى عُنُقِكَ وَلَا تَبْسُطْهَا كُلَّ الْبَسْطِ فَتَقْعُدَ مَلُومًا مَحْسُورًا )) قرآن/١٧: ٢٩

अर्थः (( आफ्नो हातलाई न आफ्नो गर्दनसँग बाँधिएको जस्तो राख, नत बिल्कुलै खुल्ला राख (कि सबै दिहाल) अनि परिणाम यो होस् कि पश्चातापमा दोषी र असहाय हुनपरोस्।)) कुर्आन\१७:२९

जाबिर बिन् अब्दुल्लाह रजि० को वर्णन छ किः अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छः

((अल्लाहले यस्तो व्यक्ति माथि दया गरुन् जसले बेच्दा, किन्दा र (उधारो दिएको) मांगदा नम्रताको व्यवहार गर्दछ ।)) बुखारी

## १०- इस्लाममा ईश्वर अल्लाहको दयाबाट निराशा छैन

अल्लाहले भन्नु भएको छ:

(( بِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ )) قرآن/١: ١

अर्थ: (( शुरु अल्लाहको नामबाट जो अत्यन्तै दयालु, अति कृपालु हुनुहुन्छ ।)) कुर्आन\१:१

((قُلْ يَا عِبَادِيَ الَّذِينَ أَسْرَفُوا عَلَى أَنْفُسِهِمْ لَا تَقْنَطُوا مِنْ رَحْمَةِ اللَّهِ إِنَّ اللَّهَ يَغْفِرُ الذُّنُوبَ جَمِيعًا إِنَّهُ هُوَ الْغَفُورُ الرَّحِيمُ)) قرآن/٣٩: ٥٣

अर्थ: (( (मेरो तर्फबाट भन्नुस् कि) हे मेरा भक्तहरु ! जसले आफूमाथि नै अतिकर्मण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ। नि: सन्देह अल्लाहले सारा पापहरुलाई क्षमा गरिदिनेछन्। निश्चै नै उनि अति क्षमाशील र अत्यन्त दयावान हुनुहुन्छ ।)) कुर्आन\३९:५३

(( وَلَا تُفْسِدُوا فِي الْأَرْضِ بَعْدَ إِصْلَاحِهَا وَادْعُوهُ خَوْفًا وَطَمَعًا إِنَّ رَحْمَتَ اللَّهِ قَرِيبٌ مِنَ الْمُحْسِنِينَ )) قرآن/٧: ٥٦

अर्थ: (( पृथ्वीमा सुधार भईसके पछि उपद्रव नगर्नु र अल्लाहसँग डराउँदै र आशा राख्दै प्रार्थना गर्दै गर्नु। कुनै शंका छैन कि अल्लाहको अनुकम्पा सत्कर्म गर्नेहरुको समीपमा छ ।)) कुर्आन\७:५६

((وَإِذَا جَاءَكَ الَّذِينَ يُؤْمِنُونَ بِآيَاتِنَا فَقُلْ سَلَامٌ عَلَيْكُمْ كَتَبَ رَبُّكُمْ عَلَى نَفْسِهِ الرَّحْمَةَ أَنَّهُ مَنْ عَمِلَ مِنْكُمْ سُوءًا بِجَهَالَةٍ ثُمَّ تَابَ مِنْ بَعْدِهِ وَأَصْلَحَ فَأَنَّهُ غَفُورٌ رَحِيمٌ )) قرآن/٦: ٥٤

अर्थः (( र जब तिमीनेर यस्ता मानिसहरु आउँछन् जसले ह्याम्रा आयतहरु विश्वास गर्दछन् त तिनीहरुसित (तिनीहरुको भलाईको लागि) सलामुन अलैकुम भन्दै गर। अल्लाहले आफूमाथि कृपा गर्नु अनिवार्य गरिह्याल्नु भएको छ। यदि तिमीहरु मध्ये कसैले अज्ञानता वश कुनै दुष्कर्म गरिह्यालेको छ र पछि प्रायश्चित गरिह्याल्यो र आफ्नो सुधार गरिह्याल्यो भने अल्लाह ठूलो मुक्तिदाता र अत्यन्त दयावान छन्।)) कुर्आन\६:५४

अबू हुरैरह रजि० को वर्णन छ किः अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयोः

((जब अल्लाहले सम्पूर्ण सृष्टिको सृजना गरिसक्नु भयो तब आफ्नो किताबमा (लौहि महफूज़) जुन उनिकहाँ अर्श (सिहासन) माथि छ त्यसमा लेखिदिनुभयो कि मेरो दया मेरो क्रोध भन्दा बढी छ।)) [बुखारी र मुस्लिम]

## ११- इस्लामले जातीय भेदभाव विरुद्ध लडाई, समानता र एकताको आह्वान गर्दछ।

अल्लाहले मानिसलाई धेरै जस्ता सृष्टिहरुमाथि श्रेष्ठता र सम्मान प्रदान गर्नुभएको र सम्पूर्ण जाति र जातीय बीच समानताको लागि आह्वान गर्नुभएको छ। अल्लाहले भन्नु भएको छः

((وَلَقَدْ كَرَّمْنَا بَنِي آدَمَ وَحَمَلْنَاهُمْ فِي الْبَرِّ وَالْبَحْرِ وَرَزَقْنَاهُمْ مِنَ الطَّيِّبَاتِ وَفَضَّلْنَاهُمْ عَلَى كَثِيرٍ مِمَّنْ خَلَقْنَا تَفْضِيلًا )) قرآن/١٧: ٧٠

अर्थः (( निश्चित रुपले हामी आदमको सन्तानलाई धेरै मर्यादा प्रदान गर्यौं र उनलाई जंगल र समुन्द्रमा सवारी दियौं र पवित्र आधार प्रदान गर्यौं र आफ्ना धेरै प्राणीहरुमाथि श्रेष्ठता प्रदान गर्यौं।)) कुर्आन\१७:७०

इस्लाममा श्रेष्ठता र सम्मानको मापआधार चाहि तक्वा (ईश्भय) र धार्मिकता हो।

((يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُمْ مِنْ ذَكَرٍ وَأُنْثَى وَجَعَلْنَاكُمْ شُعُوبًا وَقَبَائِلَ لِتَعَارَفُوا إِنَّ أَكْرَمَكُمْ عِنْدَ اللَّهِ أَتْقَاكُمْ إِنَّ اللَّهَ عَلِيمٌ خَبِيرٌ )) قرآن/٤٩: ١٣

अर्थः (( हे मानिसहरु ! हामीले तिमीहरु सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्यौं र तिमीलाई जात थरि र समूहहरुको रुप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक। (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरु मध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ। निश्चय नै अल्लाह सबै कुरा जान्दछन् उनी सर्वज्ञ छन्।)) कुर्आन\४९:१३

नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको वर्णन छ उहाँले भन्नु भयो किः ((हे मानिसहरु ! खबरदार ! निःसन्देह तिमीसबैको ईश्वर एक हुन् र तिमीसबैको पूर्वज पिता एक हुन्। खबरदार कुनै अरबी व्यक्तिलाई गैर अरबी व्यक्तिमाथि , कुनै गैर अरबी व्यक्तिलाई अरबी व्यक्तिमाथि श्रेष्ठता प्राप्त छैन, गोरोलाई कलोमाथि र नत कालोलाई गोरोमाथि श्रेष्ठता प्राप्त छ। श्रेष्ठता छ भने मात्र ईश्भय (अल्लाहसित बढी भय) राख्ने व्यक्तिलाई।)) [मुस्नद अहमद, अ० अलबानीले "सहीहा" मा "सही" भन्नु भएको छ]

केही इस्लामिक अनुष्ठानहरु जसबाट समानता र एकताको सिद्धान्तको पुष्टि हुन्छः

१- मुस्लिमहरु नमाज पढ्दाखेरि जाति, लिङ्ग वा पदको बीच बिना भेदभाव एक अर्कासँग मिलेर पंक्तिबद्ध हुने गर्दछन् ।

२- इस्लामले दासहरूको मुक्तिको लागि आह्वान गरेको छ र त्यसैले धेरै जस्ता पापहरुको प्रायश्चितमा "दासलाई मुक्त गर्ने" भनिएको छ।

३- हज्जमा, संसारभरी बाट आएका मुस्लिमहरु एउटै रंगको एउटै पोसाक लगाएर एउटै समय र एकै ठाउँमा एकत्रित हुन्छन् र बिना कुनै सामाजिक मतभेदको एक अर्कासँग मिलेर आफ्नो हज्ज उपासनाको प्रक्रिया पुरा गर्छन् ।

अल्लाहले (सम्मानित घर) काबालाई[1] इबादत (उपासना)को लागि पहिलो घर र सम्पूर्ण मुस्लिमहरुको एकताको प्रतीक चिन्ह निर्धारित गर्नु भएको हो यस प्रकार कि सम्पूर्ण मुस्लिमहरु नमाज़

---

(1) पवित्र काबा भनेको: मक्काको मस्जिद हरामको बिचमा स्थित वर्ग र लगभग घन आकारको एउटा घर हो। यसको एउटा ढोका छ र झ्याल छैन। त्यस भित्र कुनै पनि चीज छैन, नत त्यो कसैको समाधि (क़ब्र) हो, बरु त्यो नमाज़को लागि एउटा कोठा मात्र हो। त्यस भित्र हुँदा जुन पट्टि पनि अनुहार गरि नमाज पढ्न सकिन्छ। इतिहास अनुसार पवित्र काबाको नविकरण कैयौं पटक गरियो। नबी इब्राहीम अ ० पहिलो व्यक्ति हुन् जसले आफ्नो छोरा इस्माईल अ० संग मिलेर काबाको जगलाई उठाउनु भयो। काबाको एउटा कुनामा "हज्रे अस्वद" भन्ने विशेष कालो ढुंगा जडान गरिएको छ जसको विषयमा आस्था छ कि त्यो आदम अ० को युगमै आएको हो, तर त्यो कुनै चमत्कारी ढुंगा होइन नत त्यसमा कुनै अप्राकृतिक शक्ति छ बरु मुस्लिमहरुका लागि त्यो एउटा प्रतीक चिन्ह मात्र हो।

पढ्दाखेरि त्यतै पट्टि मुख गरेर नमाज पढ्दछन् अनि पृथ्वीको विभिन्न भू-भागबाट नमाज़को बेला केन्द्रविन्दु मक्का हुनेगरी सर्कल बनाउँछन्। र यसै प्रकार मुस्लिमहरुले घडीको घुम्ने सुईको उल्टो ब्रह्माण्डको गति सरह मिल्दोजुल्दो सुरिलो गतिमा, सुर्यको सेरोफेरो अ-आफ्नो चक्र सर्कलमा घुम्ने ग्रहहरुको गति ,परमाणु वरिपरि इलेक्ट्रॉनों, मानिसको शरीरमा रक्त चक्र र प्रकृतिमा सबै जीवनचक्र जस्तै त्यसको परिकर्मा गर्दछन्।

कुर्आनले हाम्रो लागि उपासकहरूले उनीहरु वरपर भएका प्रकृतिसँग अन्तर्क्रिया गरेको धेरै जसो उदाहरणहरु पेश गरेको छ जस्तो कि: नबी दाऊदसँग पर्वत र पंक्षीहरुले अल्लाहको पवित्रता वर्णन र गुणगान गर्नु "हे पर्वतहरु उसको साथमा गुणगानलाई प्रतिध्वनित गर र पंक्षीहरु तिमीले पनि। र हामीले उसको निम्ति फलामलाई नरम बनाइदियौं।"

इस्लामले अनेकौं ठाउँमा यस कुराको पुष्टि गरेको छ कि पुरा ब्रह्माण्ड यसमा भएका सृष्टिहरु समेत सृष्टिकर्ता अल्लाहको गुणगान र पवित्रता वर्णन गर्दछन्। पृथ्वीको गोलाकार प्रकृति र त्यसलाई आफ्नै ठाउँमा घुम्नु जसलेगर्दा राति र दिन हुनेगर्छ र मुस्लिमहरुले कबाको वरिपरि परिकर्मामा जुड्नु र पृथ्वीको विभिन्न भू-भागबाट मक्का पट्टि फर्केर दिनमा पाँच चोटि नमाज पढ्नु चाहि सृष्टिकर्ता अल्लाहको गुणगान र पवित्रता वर्णन गर्नमा निरन्तर सधै जुड़ीरहने ब्रह्माण्ड प्रणालीको अंश हुन्।

## १२- इस्लाम स्वतन्त्रताको धर्म हो

-धर्म रोज्ने, त्यसलाई मान्ने र स्वतन्त्रता

मानिसलाई इस्लामले दिएको महत्वपूर्ण अधिकारहरुमध्ये धर्म रोज्ने अधिकार र त्यसमा आस्था राख्ने स्वतन्त्रता हो। अल्लाहले भन्नु भएको छः

((لَا إِكْرَاهَ فِي الدِّينِ قَدْ تَبَيَّنَ الرُّشْدُ مِنَ الْغَيِّ فَمَنْ يَكْفُرْ بِالطَّاغُوتِ وَيُؤْمِنْ بِاللَّهِ فَقَدِ اسْتَمْسَكَ بِالْعُرْوَةِ الْوُثْقَى لَا انْفِصَامَ لَهَا وَاللَّهُ سَمِيعٌ عَلِيمٌ )) قرآن/٢: ٢٥٦

अर्थः (( धर्ममा कुनै जबरजस्ती (बलजफती) छैन। वास्तवमा कुमार्गबाट सुमार्ग प्रष्ट भईसकेको छ। यसर्थ जसले अल्लाह बाहेक अन्य मूर्तिहरुमा आस्था राख्दैन र अल्लाहमाथि आस्था राख्यो, उसले यस्तो बलियो डोरी समातीसकेको छ, जुन कि कहिल्यै चुँड्ने छैन। अल्लाह सबै कुरा सुन्नेवाला सर्वज्ञ हुन्। )) कुर्आन\२:२५६

इस्लामभन्दा पहिले दासत्व (गुलामी) मानिसहरु बीच एक स्थिर प्रणाली थियो जसमा कुनै प्रतिबन्ध थिएन, अनि जसले ऋण तिर्न सक्दैनथ्यो भने स्वचालित रुपले ऋण दिने व्यक्तिको दास भइहाल्थ्यो र यसै प्रकार युद्धका कैदीहरुलाई सिधा दास बनाइहालिन्थ्यो। केही देश र क्षेत्रहरुमा त दासहरुलाई जनावर जस्तै शिकार गरिन्थ्यो, भन्नाले दास व्यक्ति चाहि अन्य सामग्री जस्तै बिक्रीको एउटा सामान थियो जसको खरीद र बिक्री हुनेगर्थ्यो र हजारौं मानिसहरुको लागि खास गरि कुलीन वर्गको लागि पैसा आर्जन गर्ने व्यवपार सामग्री भइहालेको थियो, जुन परिवारकहाँ दासको संख्या जति धेरै हुन्थ्यो त्यसलाई शक्तिशाली, धनी र सम्मानीय परिवार मानिन्थ्यो।

इस्लामले दासत्वको अन्त्य गर्नको लागि बल प्रयोग गर्न सक्थ्यो, जसले दुश्मनी र घृणाको साथसाथै अर्थव्यवस्थाको ठूलो अंश दास व्यापारमा आधारित रहेको हुनाले त्यसको पतन पनि गराउँथ्योहोला। तर दासत्वको बिरूद्ध इस्लामको लडाई सम्पूर्ण समाजको दृष्टिकोण र मानसिकता परिवर्तनको लागि थियो। ताकि दासहरू स्वतन्त्र भए पछि प्रदर्शन, हड्ताल, अतिक्रमण वा जातीय हिंसा र क्रान्तिको सहारा बिना समाजको सक्रिय सदस्य बन्न सकून्। इस्लामले तरवार वा रक्तपातको सहारा बिना दासत्वका स्रोतहरु सुकाउन सक्षम भयो र साथै कुनै पनि प्रकारको दासत्व प्रथालाई मनाही गर्यो।

इस्लाम अघि दासत्वका स्रोतहरू निम्नानुसार थिए:

- युद्धका कैदीहरूलाई दास बनाईहालिन्थ्यो।
- शासक वा राजाले आफ्नो अख्तियारको आधारमा जनतामध्ये जसलाई चाहन्थ्यो दास बनाईहाल्थ्यो।
- बुवा वा हजुरबुवा र जो कोहीसँग आफ्नो सन्तानमाथि पूर्ण अधिकार हुन्छ, ऊ आफ्नो सन्तानबाट कसैलाई बेच्न वा उपहार दिन वा ऋण तिर्नको लागि एक-अर्कोलाई साटो गर्न सक्दछ।

इस्लामले अन्तिमको दुई स्रोतहरुलाई त पूर्ण रूपमा निरस्त पारदिएको छ। अनि शासकलाई आफ्ना प्रजाहरूसंग दासत्वको व्यवहार गर्न अनुमति दिएन, जस्तोकि इस्लामले शासक र शासित सबैलाई स्वतन्त्रता र न्यायको अन्तर्गत हक अधिकार र कर्तव्यहरू प्रदान गर्‍यो। जहाँसम्म युद्धमा दासत्वको सूचीबद्ध पहिलो स्रोतको कुरो छ त त्यसमा

दुश्मनसँग व्यवहार गर्ने जस्तै युद्धका कैदीहरुसंग पनि व्यवहार गरिएको छ। तथापि अन्ततः पापको प्रायश्चित र अल्लाहको प्रसन्नता प्राप्तिको लागि दान गर्नु, भलाईको काममा अग्रसर हुनु र गुलाम आजाद गर्नु जस्ता प्रोत्साहनको माध्यमले दासहरुलाई विस्तारै मुक्त गरियो।

जुन बेला पश्चिमी देशहरुले अन्य देशलाई आफ्नो नियन्त्रणमा लिनको लागि युद्ध गरे त्यस बेला युद्ध नै दासत्वको प्रमुख स्रोत थियो जबकि इस्लामले धर्म, ज्यान र धनसम्पतिको रक्षा बाहेक युद्धको अनुमति दिदैन।

तथा जुन युद्धहरु लड्न मुस्लिमहरु बाध्य भए त्यहाँ नबी मुहम्मद सल्लाल्लाहु अलैहि वसल्लमले मुस्लिमहरुलाई कैदीहरुसँग राम्रो व्यवहार गर्ने आदेश दिनु हुन्थ्यो। र कैदीहरूले पैसा तिरेर वा बच्चाहरूलाई पढ्न र लेख्न सिकाएर स्वतन्त्रता पाउन सक्थे। साथै, इस्लाममा पारिवारिक प्रणालीले बच्चालाई उसको आमाबाट वा पत्नीलाई पतिबाट वा भाईलाई भाईबाट वञ्चित गरेको छैन।

जस्तोकि इस्लामले पापको प्रायश्चितमा दास मुक्त गर्ने कानून मार्फत दासहरूलाई मुक्त गर्न ठूलो अभियान चलायो। उदाहरण स्वरुपः रमजान महिनामा व्रत बसेको व्यक्तिले बिना कुनै उचित कारण जब व्रत छोड दिन्छ भने त्यसमाथि केही विशेष अवस्थामा एक दासलाई मुक्त गर्ने साथै त्यस दिनको व्रत अन्य दिनमा बस्नु पर्ने हुन्छ। त्यसै गरि गल्तीले भएको हत्याको प्रायश्चित, खाएको कसमबाट मुक्त हुनुको प्रायश्चित, (जिहार) आफ्नो श्रीमतीलाई आमा भनिहालेकोमा प्रायश्चित र यस बाहेक अन्य गल्तीको प्रायश्चितमा दासलाई मुक्त गर्नुपर्ने हुन्छ।

अनि जुन महिलाले आफ्नो मालिकको बच्चालाई जन्म दिन्छिन् उनलाई बेचिन मिल्दैन र उनको मालिकको मृत्यु हुँदा उनले स्वत: स्वतन्त्रता पाउन सक्छिन्। विगतका सबै परम्पराहरूको विपरित, इस्लामले एक दासी महिलाको छोरालाई उसको बुवासंग जोडेर कानुनी मान्यता दियो जसले गर्दा ऊ स्वतन्त्र हुन्छ। जस्तो कि इस्लामले वैध गर्यो कि एक दासले पैसा तिरेर वा एक निश्चित अवधिको लागि काम गरेर मालिकबाट आफैं छुटकारा पाउन सक्दछ।

((. . . . وَالَّذِينَ يَبْتَغُونَ الْكِتَابَ مِمَّا مَلَكَتْ أَيْمَانُكُمْ فَكَاتِبُوهُمْ إِنْ عَلِمْتُمْ فِيهِمْ خَيْرًا وَآتُوهُمْ مِنْ مَالِ اللَّهِ الَّذِي آتَاكُمْ وَلَا تُكْرِهُوا فَتَيَاتِكُمْ عَلَى الْبِغَاءِ إِنْ أَرَدْنَ تَحَصُّنًا لِتَبْتَغُوا عَرَضَ الْحَيَاةِ الدُّنْيَا وَمَنْ يُكْرِهْهُنَّ فَإِنَّ اللَّهَ مِنْ بَعْدِ إِكْرَاهِهِنَّ غَفُورٌ رَحِيمٌ)) قرآن/٢٤: ٣٣

अर्थ: (( तिम्रो दासहरुमध्ये जसले तिमीलाई केही दिएर स्वतन्त्र भएको लिखित गराउन चाहन्छ, अनि तिमी उनीहरुलाई भद्र र नेक पाउँछौ भने उनीहरुसित मुकातबत् (मालिक र दास बीच स्वतन्त्रता सम्बन्धी सम्झौता) गरिहाल र अल्लाहले जुन सम्पति तिमीलाई प्रदान गरेकाछन् त्यसमध्ये बाट उनीहरुलाई पनि देऊ र आफ्नो दासीहरुलाई यदि उनीहरु पवित्र रहन चाहन्छन् भने सांसारिक जीवनको फाइदा प्राप्त गर्नको निम्ति उनीहरुलाई व्यभिचारको लागि बाध्य नगर्नु। र जसले उनलाई बाध्य गर्नेछ त निश्चय नै उनीहरुलाई बाध्य गरिए पश्चात (बाध्यताले गरिएको खण्डमा) अल्लाहले उनीहरुको यस गल्तीको लागि क्षमा प्रदान गर्नेवाला छन्।)) कुर्आन\२४:३३

अनि जब दासले आफूलाई स्वतन्त्र पार्न चाहन्छ भने उसले आफ्नो मालिकबाट सम्झौता गरेर अनुरोध गर्न सक्दछ र मालिकले उसलाई स्वतन्त्रता प्राप्त गर्नमा मद्दतको लागि ऊसँग सहमत हुनुपर्छ।

साथै इस्लामले यो पनि निर्धारित गर्‍यो कि दासले आफूलाई स्वतन्त्र पार्न चाहेमा मुस्लिमहरुको धनबाट वा राज्यकोषबाट पैसा तिरेर त्यसको सहायता गर्न सकिन्छ। जस्तोकि नबी र उहाँका शिर्ष सहाबाहरुले दासहरुलाई मुक्त गर्नको लागि सार्वजनिक कोषबाट सहयोग पेश गरे।

## १३- इस्लाम न्यायको धर्म हो

इस्लामले धेरै जसो ठाउँ र स्थितिमा न्यायको सिद्धान्त र अरुको अधिकारको संरक्षणको पुष्टि गरेको छ र साथै न्यायको अभाव र अधिकारको हनन् हुँदा पृथ्वीमा भ्रष्टाचार र उपद्रवको स्थिति उत्पन्न हुन्छ भनेर प्रष्ट पारेको छ।

((وَإِلَى مَدْيَنَ أَخَاهُمْ شُعَيْبًا قَالَ يَا قَوْمِ اعْبُدُوا اللَّهَ مَا لَكُمْ مِنْ إِلَهٍ غَيْرُهُ قَدْ جَاءَتْكُمْ بَيِّنَةٌ مِنْ رَبِّكُمْ فَأَوْفُوا الْكَيْلَ وَالْمِيزَانَ وَلَا تَبْخَسُوا النَّاسَ أَشْيَاءَهُمْ وَلَا تُفْسِدُوا فِي الْأَرْضِ بَعْدَ إِصْلَاحِهَا ذَلِكُمْ خَيْرٌ لَكُمْ إِنْ كُنْتُمْ مُؤْمِنِينَ)) قرآن/٧: ٨٥

अर्थः ((र हामीले "मदयन" तिर उनको भाई "शुऐब"लाई (अलै०) पठायौं। उनले भने किः "हे जाति बन्धुहरु ! अल्लाहकै पूजा गर, उस बाहेक तिम्रो अरु कुनै सत्य पूजनीय छैन।" तिमीकहाँ तिम्रो पालनकर्ताको तर्फबाट स्पष्ट निशानी आइसकेको छ, तसर्थ तिमीले नाप-तौल पूरा पूर्ण गर र मानिसहरुलाई उनीहरुको चिजको मात्रा घटाएर

नदिने गर र पृथ्वीमा सुधार पछि खराबी उत्पन्न न गर। यदि तिमी ईमान वाला भएका छौ भने बुझिहाल यो तिम्रो हकमा राम्रो छ।)) कुर्आन\७:८५

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُونُوا قَوَّامِينَ لِلَّهِ شُهَدَاءَ بِالْقِسْطِ وَلَا يَجْرِمَنَّكُمْ شَنَآنُ قَوْمٍ عَلَى أَلَّا تَعْدِلُوا اعْدِلُوا هُوَ أَقْرَبُ لِلتَّقْوَى وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا تَعْمَلُونَ)) قرآن/٥: ٨

अर्थ: ((हे मोमिनहरु ! अल्लाहको निम्ति सत्यमा कायम रहदै सत्य निष्ठाका साथ साक्षी बन, र कुनै जातिको शत्रुता तिमीलाई न्यायको मार्गबाट बिचलित नगरोस्, उनीहरुसित न्याय गर्ने गर, किनकि यो नै संयमको नजिक हुन्छ र अल्लाहसित डर। विश्वास गर कि अल्लाहलाई तिम्रा सम्पूर्ण क्रिया कलापहरु बारे राम्री थाहा छ।)) कुर्आन\५:८

(( إِنَّ اللَّهَ يَأْمُرُكُمْ أَنْ تُؤَدُّوا الْأَمَانَاتِ إِلَى أَهْلِهَا وَإِذَا حَكَمْتُمْ بَيْنَ النَّاسِ أَنْ تَحْكُمُوا بِالْعَدْلِ إِنَّ اللَّهَ نِعِمَّا يَعِظُكُمْ بِهِ إِنَّ اللَّهَ كَانَ سَمِيعًا بَصِيرًا)) قرآن/٤: ٥٨

अर्थ: ((अल्लाहले तिमीलाई आदेश गर्दछन् कि नासोवालाहरुलाई तिनको नासो पुर्याउ र मानिसहरुको कुरा मामिलामा निर्णय गर्दा न्यायपूर्ण ढंगले फैसला गर। नि:सन्देह त्यो राम्रो कुरा हो जसको नसीहत अल्लाहले तिमीलाई गर्दैछन्। नि:सन्देह अल्लाह सबै कुरा सुन्दछन् र सबै देख्दछन्।)) कुर्आन\४:५८

((إِنَّ اللَّهَ يَأْمُرُ بِالْعَدْلِ وَالْإِحْسَانِ وَإِيتَاءِ ذِي الْقُرْبَى وَيَنْهَى عَنِ الْفَحْشَاءِ وَالْمُنْكَرِ وَالْبَغْيِ يَعِظُكُمْ لَعَلَّكُمْ تَذَكَّرُونَ)) قرآن/١٦: ٩٠

अर्थ: (( अल्लाहले तिमीलाई न्याय र भलाई गर्न र नजिकका मानिसहरुलाई सहायता दिने आदेश गर्दछन् र अमर्यादित र अनुचित कर्महरु, अन्याय र नराम्रा काम गर्नबाट मनाही गर्दछन्। उनले स्वयम्

तिमीलाई निर्देशित गर्दछन् कि तिमीले नसीहत ग्रहण गर।)) कुर्आन\१६:९०

## १४- इस्लामले अधिकारहरुको संरक्षण गर्दछ

### -अरुको सामाजिक अधिकार

इस्लामले हामीलाई सिकाउँछ कि सामाजिक कर्तव्यहरु स्नेह, दया र अरुको आदर सम्मानमा आधारित हुनुपर्दछ।

इस्लामले मौलिक आधार, मापदण्ड र नियमहरु बनाउने साथै समाजलाई जोड्ने सबै सम्बन्धिहरुको हक अधिकार र दायित्वलाई निर्धारित गर्यो।

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِذَا قِيلَ لَكُمْ تَفَسَّحُوا فِي الْمَجَالِسِ فَافْسَحُوا يَفْسَحِ اللَّهُ لَكُمْ وَإِذَا قِيلَ انْشُزُوا فَانْشُزُوا يَرْفَعِ اللَّهُ الَّذِينَ آمَنُوا مِنْكُمْ وَالَّذِينَ أُوتُوا الْعِلْمَ دَرَجَاتٍ وَاللَّهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ)) قرآن/٥٨: ١١

अर्थ: (( हे मुमिनहरु ! जब तिमीहरुलाई भनिन्छ कि सभामा ठाउँ फराकिलो पार त फराकिलो गरी बस। अल्लाहले तिमीहरुलाई फराकिलोपना प्रदान गर्नेछन् र जब भनिन्छ कि उभिहाल्नु त उभिहाल। तिमीहरु मध्ये जसले ईमान ल्याएका छन् र जसलाई ज्ञान प्रदान गरिएको छ अल्लाहले उनीहरुको दर्जा गर्ने छन् र अल्लाह तिमीहरुको सम्पूर्ण कार्यलाई जान्दछन्।)) कुर्आन\५८:११

(( - - - - وَعَاشِرُوهُنَّ بِالْمَعْرُوفِ فَإِنْ كَرِهْتُمُوهُنَّ فَعَسَى أَنْ تَكْرَهُوا شَيْئًا وَيَجْعَلَ اللَّهُ فِيهِ خَيْرًا كَثِيرًا)) قرآن/٤: ١٩

अर्थः ((. . . .स्वास्नीहरुसित राम्रो व्यवहार गर यदि तिनीहरुलाई तिमीले मन नपराए पनि, तर धेरै सम्भव छ कि तिमीले नराम्रो मानेको कुनै कुरामा अल्लाहले धेरै भलाईको सृजना गरिदेओस्।)) कुर्आन\४:१९

((وَاعْبُدُوا اللَّهَ وَلَا تُشْرِكُوا بِهِ شَيْئًا وَبِالْوَالِدَيْنِ إِحْسَانًا وَبِذِي الْقُرْبَى وَالْيَتَامَى وَالْمَسَاكِينِ وَالْجَارِ ذِي الْقُرْبَى وَالْجَارِ الْجُنُبِ وَالصَّاحِبِ بِالْجَنْبِ وَابْنِ السَّبِيلِ وَمَا مَلَكَتْ أَيْمَانُكُمْ إِنَّ اللَّهَ لَا يُحِبُّ مَنْ كَانَ مُخْتَالًا فَخُورًا)) قرآن/٤: ٣٦

अर्थः (( तिमी अल्लाहकै पूजा गर र उसको साथमा अरु कसैलाई साझेदारी नगर र आमा-बाबुसँग सम्मानपूर्ण व्यवहार गर र नजिकका नातेदार, अनाथहरू र गरीब असहायहरू र नातेदार छिमेकीहरु र संगै उठ्बस् गर्ने साथीहरु र बटुवाहरु र जो तिम्रो स्वामित्वमा छन् सबैसँग राम्रो व्यवहार गर। निःसन्देह अल्लाह घमण्डी तथा मिथ्य अभिमान गर्नेहरुलाई रुचाउँदैनन्।)) कुर्आन\४:३६

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا تَدْخُلُوا بُيُوتًا غَيْرَ بُيُوتِكُمْ حَتَّى تَسْتَأْنِسُوا وَتُسَلِّمُوا عَلَى أَهْلِهَا ذَلِكُمْ خَيْرٌ لَكُمْ لَعَلَّكُمْ تَذَكَّرُونَ )) قرآن/٢٤: ٢٧

अर्थः (( हे मुमिनहरु ! आफ्ना घरहरु बाहेक अरुको घरमा प्रवेश नगर जब सम्म कि अनुमति प्राप्त गर्दैनौ र त्यसमा बस्नेहरुलाई सलाम गर्ने गर। यो नै तिमीहरुको निम्ति उत्तम छ , यस कारण कि तिमीले ध्यान राख।)) कुर्आन\२४:२७

((فَإِنْ لَمْ تَجِدُوا فِيهَا أَحَدًا فَلَا تَدْخُلُوهَا حَتَّى يُؤْذَنَ لَكُمْ وَإِنْ قِيلَ لَكُمُ ارْجِعُوا فَارْجِعُوا هُوَ أَزْكَى لَكُمْ وَاللَّهُ بِمَا تَعْمَلُونَ عَلِيمٌ )) قرآن/٢٤: ٢٨

अर्थः (( यदि तिमीले घरमा कसैलाई पाउँदैनौ भने जब सम्म तिमीलाई अनुमति दिइन्न त्यसमा प्रवेश नगर, र यो भनिन्छ कि फर्किहाल भने

तिमी फर्किहाल, यो नै तिम्रो निम्ति राम्रो कुरा हो। जुन कमले तिमीले गर्दछौ अल्लाह त्यो सबै जान्दछन्।)) कुर्आन\२४:२८

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِنْ جَاءَكُمْ فَاسِقٌ بِنَبَإٍ فَتَبَيَّنُوا أَنْ تُصِيبُوا قَوْمًا بِجَهَالَةٍ فَتُصْبِحُوا عَلَى مَا فَعَلْتُمْ نَادِمِينَ)) قرآن/٤٩: ٦

अर्थः (( हे मुमिनहरु यदि कुनै अवज्ञाकारीले तिमीलाई कुनै खबर लिएर आउँछ भने राम्रोसँग छानबिन गर्ने गर। कहीं यस्तो नहोस कि तिमीले कुनै गिरोहलाई अज्ञानतामा कष्ट र नोक्सानी पुर्याइहाल, अनि आफूले गरेको कुरामाथि पश्चाताप र पछुतो गर।)) कुर्आन\४९:६

((وَإِنْ طَائِفَتَانِ مِنَ الْمُؤْمِنِينَ اقْتَتَلُوا فَأَصْلِحُوا بَيْنَهُمَا فَإِنْ بَغَتْ إِحْدَاهُمَا عَلَى الْأُخْرَى فَقَاتِلُوا الَّتِي تَبْغِي حَتَّى تَفِيءَ إِلَى أَمْرِ اللَّهِ فَإِنْ فَاءَتْ فَأَصْلِحُوا بَيْنَهُمَا بِالْعَدْلِ وَأَقْسِطُوا إِنَّ اللَّهَ يُحِبُّ الْمُقْسِطِينَ )) قرآن/٤٩: ٩

अर्थः ((यदि मुमिनहरुका कुनै दुई समूह आपसमा लडिहाल्छन् भने तिनीहरुमा मेलमिलाप गराई देऊ र यदि एक समूहले अर्को समूहमाथि ज्यादती गर्दछ भने ज्यादती गर्नेवालासित लड, यहाँसम्म कि त्यो अल्लाहको आदेशतिर प्रवृत्त होस्, अनि जब प्रवृत्त हुन्छ भने दुवै समूहमा इन्साफका साथ आपसमा मेलमिलाप गराइदेऊ र न्याय गर्नु। किनकि अल्लाह न्याय गर्नेहरुलाई रुचाउँदछन्।)) कुर्आन\४९:९

((إِنَّمَا الْمُؤْمِنُونَ إِخْوَةٌ فَأَصْلِحُوا بَيْنَ أَخَوَيْكُمْ وَاتَّقُوا اللَّهَ لَعَلَّكُمْ تُرْحَمُونَ)) قرآن/٤٩: ١٠

अर्थः (( मुमिनहरु एक आपसमा भाइ- भाई हुन् तसर्थ आफ्ना दुई भाईहरुमा मेलमिलाप गराउने गर। र अल्लाहसित डर मानिराख ताकी तिमि माथि गरियोस्। )) कुर्आन\४९:१०

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا يَسْخَرْ قَوْمٌ مِنْ قَوْمٍ عَسَى أَنْ يَكُونُوا خَيْرًا مِنْهُمْ وَلَا نِسَاءٌ مِنْ نِسَاءٍ عَسَى أَنْ يَكُنَّ خَيْرًا مِنْهُنَّ وَلَا تَلْمِزُوا أَنْفُسَكُمْ وَلَا تَنَابَزُوا بِالْأَلْقَابِ بِئْسَ الِاسْمُ الْفُسُوقُ بَعْدَ الْإِيمَانِ وَمَنْ لَمْ يَتُبْ فَأُولَئِكَ هُمُ الظَّالِمُونَ)) قرآن/٤٩ : ١١

अर्थ: (( हे मुमिनहरु ! पुरुषहरुले अर्को पुरुषहरुको खिल्ली नगरुन्। सम्भव छ कि उनीहरु तिनीहरुभन्दा राम्रो होऊन् र स्त्रीहरु अर्को स्त्रीको हाँसो नगरुन्, सम्भव छ कि उनीहरु तिनीहरुभन्दा राम्रा होऊन् र आपसमा एक अर्कालाई आक्षेप नगर र नै नराम्रो उपाधिले सम्बोधन गर ईमान ल्याइसकेपछि नराम्रो नामाकरण गर्नु पाप हो। (यसबाट) जसले प्रायश्चित गर्दैन उनीहरु अत्याचारी हुन्।)) कुर्आन\४९:११

((يَا أَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ وَلَا تَجَسَّسُوا وَلَا يَغْتَبْ بَعْضُكُمْ بَعْضًا أَيُحِبُّ أَحَدُكُمْ أَنْ يَأْكُلَ لَحْمَ أَخِيهِ مَيْتًا فَكَرِهْتُمُوهُ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ تَوَّابٌ رَحِيمٌ )) قرآن/٤٩ : ١٢

अर्थ: (( हे ईमानवालाहरु ! धेरै शंका उपशंका गर्नबाट बच। किन भने किही शंका पाप हुन्छन् र अर्काको जासुसी नगर र न त तिमीमध्ये कोही कसैको अनुपस्थितिमा निन्दा गरोस्। के तिमीहरुमध्ये कसैले आफ्नो मृतक भाईको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ। (तसर्थ) अल्लाहसित डर मान्ने गर। निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला अत्यन्त दयावान छन्।)) कुर्आन\४९:१२

नबी सल्लल्लाहु अलैहि वसल्लमको सेवक अनस् बिन् मालिक रजि० को वर्णन छ कि: रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि :

((तिमीमध्ये कोही पूर्ण मुमिन हुनसक्दैन यहाँसम्म कि त्यसले आफ्नो भाईको लागि त्यही मन पराओस् जुन आफ्नो लागि मन पराउँछ।)) [बुखारी र मुस्लिम]

## - आमा बाबुको आदर गर्नु

((وَقَضَى رَبُّكَ أَلَّا تَعْبُدُوا إِلَّا إِيَّاهُ وَبِالْوَالِدَيْنِ إِحْسَانًا إِمَّا يَبْلُغَنَّ عِنْدَكَ الْكِبَرَ أَحَدُهُمَا أَوْ كِلَاهُمَا فَلَا تَقُلْ لَهُمَا أُفٍّ وَلَا تَنْهَرْهُمَا وَقُلْ لَهُمَا قَوْلًا كَرِيمًا (٢٣) وَاخْفِضْ لَهُمَا جَنَاحَ الذُّلِّ مِنَ الرَّحْمَةِ وَقُلْ رَبِّ ارْحَمْهُمَا كَمَا رَبَّيَانِي صَغِيرًا)) قرآن/١٧: ٢٣–٢٤

अर्थः ((तिम्रो पालनकर्ताले आदेश गरेका छन् कि उनीबाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुसँग नम्र च्यावाहर गर्ने गर यदि तिनीहरुमध्ये एउटा वा दुबै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरुलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरु सँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु। र विनम्रतापूर्वक प्यारका साथ तिनीहरुको अगाडि सुशील भईराख र तिनीहरुको निम्ति प्रार्थना गर्ने गरः कि हे पालनकर्ता जुन तिनीहरुले मलाई बाल्यकालमा (मायाले) पालन-पोषण गरेका छन्, तिमीले उनीहरु माथि त्यस्तै दया गर।)) कुर्आन\१७:२३-२४

((وَوَصَّيْنَا الْإِنْسَانَ بِوَالِدَيْهِ إِحْسَانًا حَمَلَتْهُ أُمُّهُ كُرْهًا وَوَضَعَتْهُ كُرْهًا وَحَمْلُهُ وَفِصَالُهُ ثَلَاثُونَ شَهْرًا حَتَّى إِذَا بَلَغَ أَشُدَّهُ وَبَلَغَ أَرْبَعِينَ سَنَةً قَالَ رَبِّ أَوْزِعْنِي أَنْ أَشْكُرَ نِعْمَتَكَ الَّتِي أَنْعَمْتَ عَلَيَّ وَعَلَى وَالِدَيَّ وَأَنْ أَعْمَلَ صَالِحًا تَرْضَاهُ وَأَصْلِحْ لِي فِي ذُرِّيَّتِي إِنِّي تُبْتُ إِلَيْكَ وَإِنِّي مِنَ الْمُسْلِمِينَ)) قرآن/٤٦: ١٥

अर्थः ((र हामीले मानिसलाई आफ्ना आमा-बाबुसँग राम्रो व्यवहार गर्ने आदेश दिएका छौं उसकी आमाले उसलाई पेटमा दुःखका साथ राखिन् र

उसलाई दु:खाका साथ जन्म पनि दिइन्। र उसलाई गर्भको अवस्थामा रहने र दूध छोडाउने अवधि ३० महिना छ। यहाँसम्म कि ऊ जब खुब तन्नेरी भयो र ४० वर्षको उमेर पुग्यो, तब उसले भन्यो: "हे मेरो पालनकर्ता ! मलाई अवसर देऊ ताकि म तिम्रो त्यस अनुकम्पा प्रति कृतज्ञता व्यक्त गरूँ जिन तिमीले ममाथि र मेरा आमा-बुवा माथि गरेका छौ। र यो कि यस्तो राम्रो कार्य गरूँ जुन तिमीलाई प्रिय छ र मेरो लागि मेरो सन्ततिलाई पनि असल (सदाचारी) बनाई देऊ। म तिमीतिर प्रवृत्त हुन्छु र म आज्ञाकारीमध्ये छु।)) कुर्आन\४६:१५

## - नातेदारहरूको अधिकार

((وَآتِ ذَا الْقُرْبَى حَقَّهُ وَالْمِسْكِينَ وَابْنَ السَّبِيلِ وَلَا تُبَذِّرْ تَبْذِيرًا )) قرآن/١٧: ٢٦

अल्लाहले भन्नु भएको छ:

अर्थ: ((नातेदारहरु र निमुखाहरु र बटुवाहरुलाई उनीहरुको हक प्रदान गर अपव्ययिताले धन खर्च नगर। )) कुर्आन\१७:२६

## - छिमेकीहरूको अधिकार

अबू हुरैरह रजि० को वर्णन छ कि: नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि : ((अल्लाहको कसम त्यो ईमानवाला होइन, अल्लाहको कसम त्यो ईमानवाला होइन, अल्लाहको कसम त्यो ईमानवाला होइन, भनियो: हे अल्लाहको रसूल! त्यो को हो ? त भन्नु भयो: जसको उपद्रवबाट उसको छिमेकी सुरक्षित छैन।)) बुखारी र मुस्लिम

जाबिर बिन् अब्दुल्लाह रजि० को वर्णन छ कि: अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि : (( छिमेकी आफ्नो छिमेकीको शुफआ (बिक्री गर्ने जमीन जग्गा) को बढी हकदार छ, जब

दुबैको बाटो एक होस्, यदि उपस्थित छैन भने त्यसको प्रतिक्षा गरिने छ।)) इब्ने माजह, मुस्नद अहमद

अबू ज़र रजि० को वर्णन छ कि: अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो: ((हे अबू ज़र ! जब तपाई मासु पकाउनुहुन्छ भने सूप (शोरबा) बढाएर राख्नुहोस् र आफ्ना छिमेकीहरूको ख्याल राख्नुहोस् (अवश्य दिहाल)।)) मुस्लिम

इब्ने अब्बास रजि० को वर्णन छ कि: नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो: ((जो सँग जग्गा होस् र त्यसलाई बिक्री गर्न चाहन्छ भने चाहियो कि (पहिले) आफ्नो छिमेकीलाई प्रस्ताव राखोस्।)) सही इब्ने माजह

## - अनाथहरुको अधिकार

((فَأَمَّا الْيَتِيمَ فَلَا تَقْهَرْ)) قرآن/٩٣: ٩

अर्थ: (( तिमीले पनि अनाथ माथि अत्याचार नगर। )) कुर्आन\९३:९

((فِي الدُّنْيَا وَالْآخِرَةِ وَيَسْأَلُونَكَ عَنِ الْيَتَامَى قُلْ إِصْلَاحٌ لَهُمْ خَيْرٌ وَإِنْ تُخَالِطُوهُمْ فَإِخْوَانُكُمْ وَاللَّهُ يَعْلَمُ الْمُفْسِدَ مِنَ الْمُصْلِحِ وَلَوْ شَاءَ اللَّهُ لَأَعْنَتَكُمْ إِنَّ اللَّهَ عَزِيزٌ حَكِيمٌ )) قرآن/٢: ٢٢٠

अर्थ: (( दुनिया र परलोकका कुराको सम्बन्धमा र अनाथहरूको बारेमा पनि सोध्छन्, तपाई बह्निसिनुस कि जसमा तिनीहरुको (आर्थिक) सुधार होस्, त्यो नै राम्रो छ। तिमीहरुले उनीहरुको माल आफ्नो माल्संग भण्डारण गर्नुमा पनि केही आपत्ति छैन। किनभने तिनी तिम्रा दाज्यूभाइहरु हुन्। असल नियत र बदनियतलाई अल्लाहले राम्री

बुझ्दछन्। यदि अल्लाहले चाहेको भए तिमीलाई कष्टमा पार्न सक्दथे। निःसन्देह अल्लाह सक्षम र सर्वशक्ति सम्पन्न छन्। )) कुर्आन\२:२२०

((وَإِذَا حَضَرَ الْقِسْمَةَ أُولُو الْقُرْبَى وَالْيَتَامَى وَالْمَسَاكِينُ فَارْزُقُوهُمْ مِنْهُ وَقُولُوا لَهُمْ قَوْلًا مَعْرُوفًا )) قرآن/٤: ٨

अर्थः (( जब भाग-बण्डाको समय नातेदार र अनाथ र निमुखाहरु आईं सकून त त्यसबाट उनीहरुलाई पनि केही दिहाल र उनीहरुसित मिठो कुरा गर। )) कुर्आन\४:८

## - पशु पंक्षीहरुको अधिकार

((وَمَا مِنْ دَابَّةٍ فِي الْأَرْضِ وَلَا طَائِرٍ يَطِيرُ بِجَنَاحَيْهِ إِلَّا أُمَمٌ أَمْثَالُكُمْ مَا فَرَّطْنَا فِي الْكِتَابِ مِنْ شَيْءٍ ثُمَّ إِلَى رَبِّهِمْ يُحْشَرُونَ )) قرآن/٦: ٣٨

अर्थः (( पृथ्वीमा जति हिड्ने जीव छन् वा उड्ने चराहरु (प्राणीहरु) छन्, तिनीहरुमा कुनै पनि किसिम यस्तो छैन जुन तिमीहरुको जस्तै समुदायहरु नह्रो ऊन्। ह्रामीले किताबमा लेख्न कुनै कुरा छाडेका छैनौं र फेरी सबै आफ्ना पालन कर्ताको अगाडि एकत्रित हुनेछन्।)) कुर्आन\६:३८

अब्दुल्लाह इब्ने उमर रजि० को वर्णन छ किः अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो:((एउटी महिलालाई एक बिरालोको कारण सजाय भयो, जसलाई महिलाले बाँधी राखेको थिई यहाँ सम्म कि मरिहाल्यो, अनि त्यो महिला नरकमा गई, महिलाले त्यस बिरालोलाई बाँधेको बेला न खाना दियो न पानी दियो र न त त्यसलाई जमीनका कीराहरूलाई खान छोड्यो।)) बुखारी र मुस्लिम

बुखारी र मुस्लिमको हदीस हो अबू हुरैरह रजि० को वर्णन छ कि: नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो: (( एक व्यक्तिले कुकुरलाई प्यासले गर्दा माटो खनिरहेको देख्यो अनि त्यसले आफ्नो मोजामा पानी ल्याएर कुकुरलाई पियायो यहाँसम्म कि कुकुरत्यो ढुक्क भयो, त अल्लाह त्यसबाट प्रसन्न भएर स्वर्ग प्रदान गर्नु भयो।))

अबू यअला शद्दाद बिन् औस रजि० को वर्णन छ कि: अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो: ((अल्लाहले हरेक काममा भलाई गर्न अनिवार्य गर्नु भएको छ, जब तिमी कुनै चीज मार त राम्रोसँग मारिहाल र जब वद्ध (ज़बह) गर त राम्रोसँग वद्ध गर, र तिमीमध्ये कोही आफ्नो वद्ध गर्ने छुरी धारिलो बनाई हालोस् ताकि आफ्नो जनावरलाई आराम देओस्।)) मुस्लिम

## १५ - इस्लामले समकालीन समाजिक समस्याहरुको उपचार गरेको छ

अल्लाहले भन्नु भएको छ:

((وَلَا تُفْسِدُوا فِي الْأَرْضِ بَعْدَ إِصْلَاحِهَا وَادْعُوهُ خَوْفًا وَطَمَعًا إِنَّ رَحْمَتَ اللَّهِ قَرِيبٌ مِنَ الْمُحْسِنِينَ)) قرآن ٧: ٥٦

अर्थ: (( पृथ्वीमा सुधार भईसकेपछि उपद्रव नगर्नु र अल्लाह सँग डराउँदै र आशा राख्दै प्रार्थना गर्दै गर्नु । कुनै शंका छैन कि अल्लाहको अनुकम्पा सत्कर्म गर्नेहरुको समीपनमा छ।)) कुर्आन\७:५६

((ظَهَرَ الْفَسَادُ فِي الْبَرِّ وَالْبَحْرِ بِمَا كَسَبَتْ أَيْدِي النَّاسِ لِيُذِيقَهُمْ بَعْضَ الَّذِي عَمِلُوا لَعَلَّهُمْ يَرْجِعُونَ)) قرآن ٣٠: ٤١

अर्थः (( थल र जलमा मानिसहरुका गलत क्रिया कलापले गर्दा दंगा फैलि सक्यो ताकी अल्लाहले उनीहरुलाई उनीहरुको कर्तुत को केही स्वाद चखाऊन्  छ । कदाचित तिनीहरु नराम्रो कामबाट रोकिऊन् ।)) कुर्आन\३०:४१

## १६ - युद्धमा कैदीहरूको अधिकार सम्बन्धी जिनेभा सम्मेलन भन्दाबढी इस्लामको श्रेष्ठता

नबी मुहम्मद स० आफ्ना अनुयायीहरुलाई कैदीहरुसँग राम्रो व्यवहार गर्ने र तिनीहरुलाई खाना र लुगामा आफूभन्दा प्राथमिकता दिने आदेश दिनुहुन्थ्यो ।

((وَيُطْعِمُونَ الطَّعَامَ عَلَى حُبِّهِ مِسْكِينًا وَيَتِيمًا وَأَسِيرًا (٨) إِنَّمَا نُطْعِمُكُمْ لِوَجْهِ اللَّهِ لَا نُرِيدُ مِنْكُمْ جَزَاءً وَلَا شُكُورًا)) قرآن ٧٦: ٨–٩

अर्थः ((र अल्लाह सँगको प्रेममा (स्वयं खानको इच्छा भएपनि ) निमुखा, अनाथहरू र कैदीहरुलाई खान खुवाउँछन् । हामी त अल्लाहको प्रसन्नताको निम्ति मात्र तिमीलाई खुवाउँछौं, तिमीसित न कुनै पुरस्कार चाहन्छौं न कृतज्ञता ज्ञापन। )) कुर्आन\७६:८-९

इस्लामले मुसलमानहरुलाई ती लडाईगर्नेहरुको लागि जसले आत्मसमर्पण गर्छन् दया देखाउन आदेश दिन्छ ।

(( وَإِنْ أَحَدٌ مِنَ الْمُشْرِكِينَ اسْتَجَارَكَ فَأَجِرْهُ حَتَّى يَسْمَعَ كَلَامَ اللَّهِ ثُمَّ أَبْلِغْهُ مَأْمَنَهُ ذَلِكَ بِأَنَّهُمْ قَوْمٌ لَا يَعْلَمُونَ )) قرآن ٩: ٦

अर्थः (( यदि मुश्रिकहरुमध्ये कसैले तिमीसँग शरण माग्दछ भने तिमीले उसलाई शरण दिइहाल, ताकि उसले अल्लाहको वाणी सुनिहालोस् ।

त्यस पश्चात उसलाई उसको सुरक्षित स्थानमा पुर्याइदेऊ, किनभने त्यसता मानिसहरु हुन् जो अज्ञानी छन्। )) कुर्आन\९:६

इस्लामले महिला, बच्चाहरू, अन्धा, वृद्ध, भिक्षुहरू र बुढापाकाको हत्या गर्न निषेध गरेको छ किनकि तिनी लडाईगर्नेहरू मध्येका होइनन्।

## १७- इस्लामको वित्तीय प्रणालीले अर्थ व्यवस्थालाई स्थिर गर्नमा मद्दत गर्दछ

इस्लाममा पैसा र धनको अवधारणा भनेको चाहि व्यापार, वस्तु र सेवाहरूको आदानप्रदान, निर्माण र निर्माणको लागि हो जब हामी पैसा कमाउने उद्देश्यले पैसा ऋण दिन्छौं। यसैले गर्दा हामीले धन पैसालाई त्यसको मौलिक लक्ष्यबाट निकालेर आदान प्रदान र वृद्धिको माध्यमको रुपमा त्यसलाई त्यसको उद्देश्यमा राख्यौं।

ऋणमा लगाईएको वृद्धि र ब्याज ऋणदाताहरूको लागि प्रोत्साहन हो ताकि उनीहरुलाई घाटा नसह्य परोस्। त्यसैले वर्षौंदेखि ऋणदाताहरूले प्राप्त गरेको मुनाफा धनी र गरिबको बिचको अन्तर बढाउँदछ। हालका दशकहरूमा सरकार र संस्थाहरू यस क्षेत्रमा व्यापक रूपमा संलग्न भएको देखिन्छ अनि जसले गर्दा हामीले केहि देशहरूको आर्थिक प्रणालीको पतनका थुप्रै उदाहरणहरू पनि देख्यौं। ब्याजले समाजमा भ्रष्टाचार फैलाउने जुन क्षमता राख्दछ त्यो अन्य अपराधले गर्न सक्दैन। [1]

(1) ईसाई सिद्धान्तहरूको आधारमा थॉमस अक्विनसले ब्याज लिनु वा ब्याज दिनुको निन्दा गरे र दोस्रो शताब्दीका पादरीहरूमाथि निषेध गर्ने प्रतिबद्ध भएपछि चर्चले आफ्नो धार्मिक र संसारिक ------

(( يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا تَأْكُلُوا الرِّبَا أَضْعَافًا مُضَاعَفَةً وَاتَّقُوا اللَّهَ لَعَلَّكُمْ تُفْلِحُونَ ))
قرآن٣: ١٣٠

**अर्थ: (( हे ईमानवालाहरु ! बढाई-चढाई ब्याज नखाऊ, अल्लाह सँग डर ताकि मुक्ति प्राप्त गर्न सक। )) कुर्आन\३:१३०**

(( وَمَا آتَيْتُمْ مِنْ رِبًا لِيَرْبُوَ فِي أَمْوَالِ النَّاسِ فَلَا يَرْبُو عِنْدَ اللَّهِ وَمَا آتَيْتُمْ مِنْ زَكَاةٍ تُرِيدُونَ وَجْهَ اللَّهِ فَأُولَئِكَ هُمُ الْمُضْعِفُونَ)) قرآن ٣٠: ٣٩

**अर्थ: (( तिमीले जुन ब्याजमा दिन्छौ, ताकि त्यो मानिसको मालमा सम्मिलित भई बढ्ने गरोस्, त त्यो अल्लाहकहाँ बढ्दैन, तर जुन जकात (दान) तिमीले अल्लाहको प्रसन्नता प्राप्त गर्नको निम्ति दियौ, त यस्ता मानिसहरुले नै (अल्लाहकहाँ) आफ्नो मालमा वृद्धि गर्छन्। )) कुर्आन\३०:३९**

## १८ - इस्लामले धन र स्वास्थ्यको संरक्षण गर्दछ

**अल्लाहको दया र सृष्टिमाथि उहाँको कृपा हो कि हामीलाई असल र पवित्र चीजहरू खाने अनुमति दिनु भयो र अपवित्र चीजहरु खानबाट मनाही गर्नु भयो।**

(( الَّذِينَ يَتَّبِعُونَ الرَّسُولَ النَّبِيَّ الْأُمِّيَّ الَّذِي يَجِدُونَهُ مَكْتُوبًا عِنْدَهُمْ فِي التَّوْرَاةِ وَالْإِنْجِيلِ يَأْمُرُهُمْ بِالْمَعْرُوفِ وَيَنْهَاهُمْ عَنِ الْمُنْكَرِ وَيُحِلُّ لَهُمُ الطَّيِّبَاتِ وَيُحَرِّمُ عَلَيْهِمُ الْخَبَائِثَ وَيَضَعُ عَنْهُمْ إِصْرَهُمْ وَالْأَغْلَالَ الَّتِي كَانَتْ عَلَيْهِمْ فَالَّذِينَ آمَنُوا بِهِ وَعَزَّرُوهُ وَنَصَرُوهُ وَاتَّبَعُوا النُّورَ الَّذِي أُنْزِلَ مَعَهُ أُولَئِكَ هُمُ الْمُفْلِحُونَ )) قرآن ٧: ١٥٧

---

--ठूलो भूमिकाका कारण आफ्ना अनुसरणकर्ताहरु माथि ब्याजको निषेधाज्ञा सामान्य गर्न सके।

अर्थः (( जुन मानिसहरुले यस्ता रसूल, नबी उम्मी (निरक्षर) को अनुसरण गर्छन् , जसलाई उनीहरुले आफूकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन्। उनले उनीहरुलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरुबाट मनाही गर्दछन् र स्वच्छ (पवित्र) कुरालाई हलाल वैध बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरुमाथि लादिएका थिए, बन्धनहरुलाई फुक्का गर्दछन् जसमा उनीहरु जकडिएका थिए। अतः जुन मानिसहरु त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन् र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ। यस्ता मानिसहरु पूर्ण सफलता प्राप्त गर्नेवाला हुन्। )) कुर्आन\७:१५७ [1]

(( يَسْأَلُونَكَ عَنِ الْخَمْرِ وَالْمَيْسِرِ قُلْ فِيهِمَا إِثْمٌ كَبِيرٌ وَمَنَافِعُ لِلنَّاسِ وَإِثْمُهُمَا أَكْبَرُ مِنْ نَفْعِهِمَا وَيَسْأَلُونَكَ مَاذَا يُنْفِقُونَ قُلِ الْعَفْوَ كَذَلِكَ يُبَيِّنُ اللَّهُ لَكُمُ الْآيَاتِ لَعَلَّكُمْ تَتَفَكَّرُونَ)) قرآن ٢: ٢١٩

(1) सुँगुर फोहोर जनावर हो र यसको मासु पनि मानिसका लागि हानिकारक छ, यो फोहोर मै बसोबास गर्दछ। त्यसैले स्वच्छ प्रकृतिका व्यक्तिहरू यसको नजिक हुन वा यसलाई छुनुबाट घृणा गर्दछन्। साथै, त्यसलाई खानु एक असंतुलित व्यक्तिको लक्षण भनेर बुझिन्छ। आधुनिक विज्ञानले कैयौं बिन्दुहरूमा प्रमाणित गरिसकेको छ कि सुँगुरको मासु ती मासुहरूमध्ये एक हो जसमा कोलस्ट्रॉल र फ्याटी एसिड अन्य खानामा रहेको फ्याटी एसिडहरूको तुलनामा धेरै मात्रामा हुन्छ । सुँगुरको मासुले प्रोस्टेट, कोलोन (पेट) र क्यान्सर जस्ता रोगहरुको संक्रमणमा योगदान गर्दछ। यसै गरि रगत र मोटापा सम्बन्धित रोगहरूमा योगदान पुऱ्याउँछ जसको उपचार गर्न गाह्रो छ।

अर्थः (( (हे पैगम्बर स०) मानिसहरुले मदिरा (जाँड) र जुवाका कानून सम्बन्धमा सोध्छन्। भनिदिनुस् ठूला पापका कर्महरु हुन् र मानिसहरुका लागि यसमा केही सांसारिक फाइदा पनि छन्, तर तिनका हानीहरु (पाप) फाइदाभन्दा धेरै ठूला छन्। यो पनि तपाई सित सोध्छन् कि अल्लाहको मार्गमा कुन सम्पति खर्च गरुन् ? तपाई भनिदिनुस् कि (जुन माल) आवश्यकता भन्दा बढी छ। यस प्रकार, अल्लाह आफ्ना आदेशहरु स्पष्ट रुपमा तिम्रो लागि वर्णन गर्दछन् ताकी तिमीहरु सम्झने बुझ्ने गर। )) कुर्आन\२:२१९

(( يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِنَّمَا الْخَمْرُ وَالْمَيْسِرُ وَالْأَنْصَابُ وَالْأَزْلَامُ رِجْسٌ مِنْ عَمَلِ الشَّيْطَانِ فَاجْتَنِبُوهُ لَعَلَّكُمْ تُفْلِحُونَ)) قرآن ٥: ٩٠

अर्थः (( हे ईमानवालाहरु ! मदिरा (जाँड), जुवा, बलिस्थान र शगुण, पासा यी सबै अपवित्र र शैतानी कुराहरु मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सकौ। )) कुर्आन\५:९० [1]

## १९- महिला अधिकारमा इस्लाम संयुक्त राष्ट्र संघ भन्दा उच्च छ

(1) रक्सीको प्रभावमा व्यक्ति आफ्नो होश गुमाईहाल्छ र आफ्नो व्यवहारलाई असामान्य बनाईहाल्छ । रक्सीको प्रभाव एकदमै नराम्रो हुँदोरहेछ त्यसैले रक्सी चाहि मनिसको लागि शत्रुहरूको सृजना गर्दछ र कहिले काहीं त उसको परिवार र साथीहरूलाई हत्याको कारण पनि बनिहाल्छ । अनि साथै, जूवाले सहभागीहरु बीच दुश्मनीको सृजना गर्दछ र जूवा खेल्नेहरू बीच घृणा र डाहा उत्पन्न गर्दछ।

धेरैलाई थाहा छैन कि जब कुनै मुस्लिम महिलाले आफ्नो अधिकार संयुक्त राष्ट्र संघ मार्फत मांग गर्नुहुन्छ र इस्लाममा आफ्नो अधिकार छोड्न चाहनुहुन्छ भने यो उनको लागि नोक्सान हुनेछ, किनभने इस्लाममा उनको त्यस भन्दा बढी अधिकार छ।

इस्लाम भन्दा पहिले, महिलालाई एक सामानको रूपमा व्यवहार गरिन्थ्यो, उनीहरुलाई ब्यापारका लागि प्रस्तुत गरिन्थ्यो वा उनीहरुको सहमति बिना वा भावनाको कुनै वास्ता नगरी विवाहको लागि पेश गरिन्थ्यो।

आजको युगमा महिलाहरूले यो प्रमाणित गर्ने प्रयास गर्छिन् कि पुरुषले गर्ने कार्य महिलाले गर्न सक्छिन्। तर वास्तवमा महिलाले यस्तो गरेर आफ्नो विशिष्टता र विशेषाधिकार गुमाएकी हुन्छिन्। अल्लाहले महिलालाई यस्तो काम गर्न सृष्टि गर्नुभयो जुन एउटा पुरुषले गर्न सक्दैन, जस्तै बच्चा जन्माउने, स्तनपान गराउने र

बच्चाहरूको हेरचाह गर्ने आदि। इस्लाममा, पुरुष र महिलाहरू अल्लाहको अगाडि जिम्मेवारीमा एक बराबर छन्, र उनीहरूबाट पनि पुरुष समान उपासनाको कर्तव्यहरू पूरा गर्ने अपेक्षा गरिन्छ, जस्तैः सालत (नमाज), जकात (दान), व्रत र मक्का गएर हज्ज गर्नु।

इस्लामले पुरातन अरब संस्कृतिहरूको तुलनामा महिलाको स्थितिमा ठूलो सुधार ल्यायो र यसले केटीहरूको हत्यालाई निषेध गरी महिलालाई स्वतन्त्र व्यक्तित्व बनाएको हो। जस्तो कि इस्लामले सम्झौताका कुराहरु विशेष रुपले विवाह बन्धनको सम्बन्धमा पनि व्यवस्था गर्यो, जसमा महिलाले दाइजो पाउने अधिकारलाई सुरक्षित

राख्दै, आमा बुवाको पैतृक सम्पतिमा उनीहरूको अधिकार, साथै उनीहरूको निजी सम्पत्ती र त्यसलाई उनीहरुले स्वयं खर्च र प्रबन्ध गर्ने अधिकार सुनिश्चित गर्यो।

इस्लाम भन्दा पहिले महिला चाहि आमा बुवाको पैतृक सम्पत्तिबाट वञ्चित थियो तर जब इस्लाम आयो तब महिलालाई (विरासत) उत्तराधिकारमा अंश निर्धारित गर्यो, बरु त्यसले ३० भन्दा बढी अवस्थाहरुमा पुरुषहरू भन्दा बढी अंशदर पाउँछे, जबकि पुरुषहरूले सम्बन्ध र वंशको आधारमा मात्र चार अवस्थामा उच्च दर पाउँदछन्। (1) यसै प्रकार (तलाक) सम्बन्ध विच्छेद वा पतिको मृत्यु भएको अवस्थामा पनि महिलालाई वैवाहिक घरमा रहन अधिकार छ, साथै महिला र उनको बच्चाहरूको लागि आर्थिक सहयोग पनि छुट्याइन्छ।

कुर्आनमा यस्तो संकेत पाइंदैन कि आदमले गरेको गल्तीको जिम्मेवार उनको पत्नी हौवा हुन्, बरु यसको विरुद्ध सधै पूर्णरुपले त्यस गल्तीको जिम्मेवार आदम हुन् भनेर संकेत आएको छ। आदम मात्र दोषी ठहर हुनु भयो र ईश्वर अल्लाहबाट प्रायश्चितका कुराहरु सिक्नु भयो ताकि उनको तौबा (प्रायश्चित) स्वीकार होस्।

---

(1) जब मृतकले छोरा वा छोरी छोड्छ, तब पुरुषले महिला जातिको दुई गुणा भाग पाउँछ, तर पुरुष माथि आफ्नो पत्नी र बच्चाहरुलाई भत्ता खर्च दिनु अनिवार्य छ। अर्कोतीर, महिलाले आफ्ना बच्चाहरूको साथ पतिको पक्षबाट पनि अंश प्राप्त गर्दछन्, महिलाले पैतृक सम्पतिबाट पाएको हिस्सा कुनै पनि दायित्वबाट मुक्त उनको निजी सम्पत्ति हो, कुनै पनि आवश्यकता वा भविष्यमा आपतकालीन अवस्थाको लागि प्रदान गर्न सक्दछ।

(( فَتَلَقَّى آدَمُ مِنْ رَبِّهِ كَلِمَاتٍ فَتَابَ عَلَيْهِ إِنَّهُ هُوَ التَّوَّابُ الرَّحِيمُ)) قرآن٢ : ٣٧

अर्थ: (( आदमले आफ्नो प्रभुबाट केही कुरा सिक्नु भयो अनि अल्लाहले उहाँको तौबा (प्रायश्चित) स्वीकार गर्नु भयो। निःसन्देह उनी क्षमादाता असीम दयालु हुन्। )) कुर्आन\२:३७

भन्नाले आदम (पुरुष) ले गरेको गल्तीको कुनै बोझ महिलाले उठाउने छैन। बरु इस्लामले महिलाको हैसियत बढाउन चासो देखाएको छ।

अबू हुरैरह रजि० को वर्णन छ कि: अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: (( ईमानमा सबैभन्दा पूर्ण व्यक्ति त्यो हो जससँग उत्तम नैतिकता हुन्छ र तिमीहरूमध्ये सबैभन्दा राम्रो व्यक्ति त्यो हो जो आफ्नी पत्नीहरूप्रति नैतिकतामा उत्तम हो।)) (तिर्मिज़ी) ले वर्णन गरि यस हदीसलाई "हसन सही" भन्नु भएको छ।

((إِنَّ الْمُسْلِمِينَ وَالْمُسْلِمَاتِ وَالْمُؤْمِنِينَ وَالْمُؤْمِنَاتِ وَالْقَانِتِينَ وَالْقَانِتَاتِ وَالصَّادِقِينَ وَالصَّادِقَاتِ وَالصَّابِرِينَ وَالصَّابِرَاتِ وَالْخَاشِعِينَ وَالْخَاشِعَاتِ وَالْمُتَصَدِّقِينَ وَالْمُتَصَدِّقَاتِ وَالصَّائِمِينَ وَالصَّائِمَاتِ وَالْحَافِظِينَ فُرُوجَهُمْ وَالْحَافِظَاتِ وَالذَّاكِرِينَ اللَّهَ كَثِيرًا وَالذَّاكِرَاتِ أَعَدَّ اللَّهُ لَهُمْ مَغْفِرَةً وَأَجْرًا عَظِيمًا)) قرآن ٣٣: ٣٥

अर्थ: (( निःसन्देह मुस्लिम पुरुष र मुस्लिम महिलाहरु, ईमानवाला पुरुष र ईमानवाली महिलाहरु, निष्ठापूर्वक आज्ञापालन गर्ने पुरुष र निष्ठावान महिलाहरु, सत्यवादी पुरुष र सत्यवादी महिलाहरु, धैर्यवान पुरुष र धैर्य राख्ने महिलाहरु, विनम्रता देखाउने पुरुष र विनम्रता देखाउने महिलाहरु सद्का (दान) दिने पुरुष र दान गर्ने महिलाहरु रोजा (व्रत) बस्ने पुरुष र रोजा बस्ने महिलाहरु, आफ्ना गुप्ताङ्गहरुको रक्षा गर्ने पुरुष र महिलाहरु र

अल्लाहलाई धेरै स्मरण गर्ने पुरुष र स्मरण गर्ने महिलाहरु यिनीहरुका निम्ति अल्लाहले क्षमा र ठूलो प्रतिफल गरेका छन् । )) कुर्आन\३३:३५

(( يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا يَحِلُّ لَكُمْ أَنْ تَرِثُوا النِّسَاءَ كَرْهًا وَلَا تَعْضُلُوهُنَّ لِتَذْهَبُوا بِبَعْضِ مَا آتَيْتُمُوهُنَّ إِلَّا أَنْ يَأْتِينَ بِفَاحِشَةٍ مُبَيِّنَةٍ وَعَاشِرُوهُنَّ بِالْمَعْرُوفِ فَإِنْ كَرِهْتُمُوهُنَّ فَعَسَى أَنْ تَكْرَهُوا شَيْئًا وَيَجْعَلَ اللَّهُ فِيهِ خَيْرًا كَثِيرًا)) قرآن ٤ : ١٩

अर्थ: ((हे ईमानवालाहरु हो ! तिमीहरुको लागि जायज छैन कि जबरजस्ती महिलालाई विरासतमा लिइहाल। जे तिमीले तिनलाई दिएका छौ, त्यसबाट केही खाने नियतले तिनलाई नरोकी राख। हो यदि तिनले दुष्कर्म गर्दछिन् त कुरा अर्कै छ। तिनीहरुसित राम्रो व्यवहार गर, यदि तिमीले तिनीहरुलाई मन नपराए पनि तर धेरै सम्भव छ कि तिमीले नराम्रो मानेको कुनै कुरामा अल्लाहले धेरै भलाईको सृजना गरिदेऊन्।)) कुर्आन\४:१९

((يَا أَيُّهَا النَّاسُ اتَّقُوا رَبَّكُمُ الَّذِي خَلَقَكُمْ مِنْ نَفْسٍ وَاحِدَةٍ وَخَلَقَ مِنْهَا زَوْجَهَا وَبَثَّ مِنْهُمَا رِجَالًا كَثِيرًا وَنِسَاءً وَاتَّقُوا اللَّهَ الَّذِي تَسَاءَلُونَ بِهِ وَالْأَرْحَامَ إِنَّ اللَّهَ كَانَ عَلَيْكُمْ رَقِيبًا)) قرآن ٤ : ١

अर्थ: ((हे मानिसहरु ! आफ्नो पालनकर्तासित डर, जसले तिमीहरुलाई एकै प्राणीबाट सृष्टि गर्यो र त्यसैबाट त्यसको जोई बनायो, तत्पश्चात ती दुबैबाट धेरै नर र नारीहरु फैलाई हाल्यो। उस अल्लाहसँग डर जसको नामबाट तिमी एक-अर्कासँग माग्दछौ र नाताको सम्बन्ध विच्छेदबाट टाढा रह। कुनै सन्देह छैन कि अल्लाह संरक्षक देखिराखेका छन्।)) कुर्आन\४:१

(( مَنْ عَمِلَ صَالِحًا مِنْ ذَكَرٍ أَوْ أُنْثَى وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُ حَيَاةً طَيِّبَةً وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُمْ بِأَحْسَنِ مَا كَانُوا يَعْمَلُونَ )) قرآن ١٦: ٩٧

**अर्थ: ((जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र र आरामको जीवन प्रदान गर्नेछौं र (आखिरतमा) तिनीहरुको राम्रो कर्मको अत्यन्त राम्रो बदला अवश्य नै दिनेछौं।)) कुर्आन\१६:९७**

(( . . . . . هُنَّ لِبَاسٌ لَكُمْ وَأَنْتُمْ لِبَاسٌ لَهُنَّ . . . . .)) قرآن ٢: ١٨٧

**अर्थ: (......तिनीहरु तिम्रा वस्त्र हुन् र तिमीहरु उनका वस्त्र हौ।.....)) कुर्आन\२:१८७**

(( وَمِنْ آيَاتِهِ أَنْ خَلَقَ لَكُمْ مِنْ أَنْفُسِكُمْ أَزْوَاجًا لِتَسْكُنُوا إِلَيْهَا وَجَعَلَ بَيْنَكُمْ مَوَدَّةً وَرَحْمَةً إِنَّ فِي ذَلِكَ لَآيَاتٍ لِقَوْمٍ يَتَفَكَّرُونَ)) قرآن ٣٠: ٢١

**अर्थ: ( र (यो पनि) उनको निशानिहरुमध्ये हो कि उनले तिम्रै सह जातिबाट तिम्रो लागि जोडी (स्वास्नी) सृष्टि गरे, ताकी तिमि उनीबाट आराम प्राप्त गर र उनले तिम्रो बीचमा प्रेम र सहानुभूति सृजना गरे निश्चैनै यसमा धेरै निशानीहरु छन् उसको लागि जो सोचविचार गर्दछन्।)) कुर्आन\३०:२१**

(( وَيَسْتَفْتُونَكَ فِي النِّسَاءِ قُلِ اللَّهُ يُفْتِيكُمْ فِيهِنَّ وَمَا يُتْلَى عَلَيْكُمْ فِي الْكِتَابِ فِي يَتَامَى النِّسَاءِ اللَّاتِي لَا تُؤْتُونَهُنَّ مَا كُتِبَ لَهُنَّ وَتَرْغَبُونَ أَنْ تَنْكِحُوهُنَّ وَالْمُسْتَضْعَفِينَ مِنَ الْوِلْدَانِ وَأَنْ تَقُومُوا لِلْيَتَامَى بِالْقِسْطِ وَمَا تَفْعَلُوا مِنْ خَيْرٍ فَإِنَّ اللَّهَ كَانَ بِهِ عَلِيمًا (١٢٧) وَإِنِ امْرَأَةٌ خَافَتْ مِنْ بَعْلِهَا نُشُوزًا أَوْ إِعْرَاضًا فَلَا جُنَاحَ عَلَيْهِمَا أَنْ يُصْلِحَا بَيْنَهُمَا صُلْحًا وَالصُّلْحُ خَيْرٌ وَأُحْضِرَتِ الْأَنْفُسُ الشُّحَّ وَإِنْ تُحْسِنُوا وَتَتَّقُوا فَإِنَّ اللَّهَ كَانَ بِمَا تَعْمَلُونَ خَبِيرًا)) قرآن ٤: ١٢٧-١٢٨

अर्थः ( तपाईसँग महिलाहरुको बारेमा आदेश सोध्दछन्, भनिदिनुस् कि अल्लाहले स्वयं तिनीहरुको सम्बन्धमा आदेश दिइरहेका छन् र कुर्आनका आयतहरु जुन अनाथ स्त्रीहरुको बारेमा छन्, जसलाई तिमीहरुले तिनले पाउनु पर्ने हक (मेहर) दिदैनौ र तिनीहरु सँग निकाह (विवाह) गरिहाल्ने इच्छा राख्दछौ र साथै निःसहाय केटाकेटीहरुको बारेमा र अनाथहरूको साथ न्यायपूर्ण व्यवहार गर्ने गर। तिमीले जे जति उपकारको काम गर्दछौ, त्यो सबै अल्लाहलाई थाहा छ। यदि कुनै महिलालाई आफ्नो लोग्नेबाट अन्याय वा लापरवाहीको भय छ भने लोग्ने र स्वास्नीले आपसमा सम्झौता गर्नमा दुबैलाई कुनै गुनाह छैन। समझदारी बहुत राम्रो कुरा हो। सबै मानिसको मनमा लोभ प्रवृत्ति भरिएको छ। यदि तिमी असल व्यवहार गर्ने र आत्मसंयमी बन्दछौ भने अल्लाहलाई तिम्रा सम्पूर्ण क्रियाकलाप बारे थाहा छ।)) कुर्आन\४:१२७-१२८

सर्वशक्तिमान अल्लाहले पुरुषलाई महिलाहरूमाथि खर्च गर्ने र परिवारको लागि कुनै आर्थिक दायित्व बिना महिलाहरूको पैसा बचाउन आदेश दिएका छन्। जस्तो कि इस्लामले महिलाको व्यक्तित्व र पहिचान सुरक्षित गर्ने साथै उनलाई श्रीमानसंग सामेल भए पनि उनको परिवारको नाम राख्ने अनुमति दिएको छ।

इस्लामले घृणाको साथ (तलाक) सम्बन्ध विच्छेद गर्न अनुमति दिएको छ। अतः विवाह पति-पत्नी बीचको एउटा कडा बन्धन र सम्झौता हो। र यदि पति / पत्नी चाहि एकरूपतामा बस्न सक्दैनन् भने, सम्बन्धविच्छेद गर्ने निर्णय गर्नु अघि तीन आवश्यक कदमहरू छन्:

सल्लाह-, मध्यस्थता- र केही समय पर्खनु कि जब दुबैको आत्मा शान्त भैहालोस्।

(( وَإِنْ خِفْتُمْ شِقَاقَ بَيْنِهِمَا فَابْعَثُوا حَكَمًا مِنْ أَهْلِهِ وَحَكَمًا مِنْ أَهْلِهَا إِنْ يُرِيدَا إِصْلَاحًا يُوَفِّقِ اللَّهُ بَيْنَهُمَا إِنَّ اللَّهَ كَانَ عَلِيمًا خَبِيرًا)) قرآن ٤: ٣٥

अर्थ: (( यदि तिमीलाई लोग्ने र स्वास्नी बीच वादविवादको भय छ भने एउटा मध्यस्थकर्ता लोग्नेको तर्फबाट र एउटा मध्यस्थकर्ता स्वास्नीको परिवार (खानदान) बाट नियुक्त गर। यदि यी दुबैले मेलमिलाप गराउन चाहन्छन् भने अल्लाहले दुबैमा मेलमिलाप कायम गराई दिनेछन्। कुनै सन्देह छैन कि अल्लाह सर्वज्ञाता र सर्वलौकिक छन्। )) कुर्आन\४:३५

मरियम, येशूकी आमा (उहाँमाथि शान्ति होस्) कुर्आनमा नामसंग उल्लेख गरिएकी एक मात्र महिला हुन् , तर यस साथै कुर्आनमा उल्लेख धेरै कथाहरुमा महिलाले ठूलो भूमिका खेलेकी वर्णन आएको छ जस्तै: "बल्कीस" सबा राज्यकी रानी र नबी सुलेमानसँगको उनको कथा जसको अन्त्य अल्लाहमाथि ईमान र इस्लाम ल्याएमा भएको छ।

(( إِنِّي وَجَدْتُ امْرَأَةً تَمْلِكُهُمْ وَأُوتِيَتْ مِنْ كُلِّ شَيْءٍ وَلَهَا عَرْشٌ عَظِيمٌ)) قرآن ٢٧: ٢٣

अर्थ: (( मैले एउटी यस्तो महिलालाई देखें जो मानिसहरु माथि शासन गर्छे। र उसलाई हरेक कुराबाट केही न केही प्राप्त छ र उसको सिंहासन पनि बडो गरिमामय छ। )) कुर्आन\२७:२३

इस्लामी ईतिहासले हामीलाई प्रष्ट देखाउँछ कि पैगम्बर मुहम्मद (स० अ० व० ) ले महिलाहरूसँग परामर्श गर्नु भयो र धेरै अवस्थाहरुमा उनीहरुको राय पनि लिनु भयो। जस्तो कि महिलालाई पनि पुरुष जस्तै

मस्जिदहरूमा जान अनुमति दिनु भएको छ। र महिला चाहि युद्धमा र घाइतेहरुको उपचार सेवामा पुरुषहरूसँग सम्मिलित हुने गर्थिइन्। यसै प्रकार उनी व्यावासायिक लेनदेनमा सहभागी हुने र शिक्षा र ज्ञानको क्षेत्रमा प्रतिस्पर्धा गर्ने गर्थिइन्।

इस्लामले महिलालाई १४०० वर्ष अघि नै भोट हाल्ने र आफ्नो राय व्यक्त गर्ने अधिकार दिएको छ। जब कि पश्चिमी मुलुकहरुमा पछिल्लो शताब्दीदेखि मात्रै महिलाले मतदान गर्ने अधिकार प्राप्त गरेकी हुन्, र यो पनि सडकमा उत्रिएर दु:ख र माग गरे पछि बल्ल सम्भव भयो।

यधपि इस्लामले बहुविवाहलाई अनुमति दिएको छ, तर यो नियम होईन बरु अपवाद हो र केही व्यक्तिले जुन यो बुझ्दछन् कि मुसलमान एक भन्दा बढी विवाह गर्न बाध्य छ भने एकदम गलत हो।

(( وَإِنْ خِفْتُمْ أَلَّا تُقْسِطُوا فِي الْيَتَامَى فَانْكِحُوا مَا طَابَ لَكُمْ مِنَ النِّسَاءِ مَثْنَى وَثُلَاثَ وَرُبَاعَ فَإِنْ خِفْتُمْ أَلَّا تَعْدِلُوا فَوَاحِدَةً أَوْ مَا مَلَكَتْ أَيْمَانُكُمْ ذَلِكَ أَدْنَى أَلَّا تَعُولُوا )) قرآن ٤ : ٣

अर्थ: (( यदि तिमीलाई यस कुराको भय छ कि तिमीले अनाथ बालिकाहरुसित विवाह गरेर तिनीहरु सँग न्याय गर्न सक्दैनौ भने, तिनी बाहेक तिमीले मन पराएको अन्य दुई, तीन वा चारसँग निकाह गरिलाह र यदि यस कुराको भय छ कि सबै स्वास्नीहरुसँग समान न्यायपूर्ण व्यवहार गर्न सक्दैनौ भने त एउटै स्वास्नी पर्याप्त छ। अथवा तिम्रो स्वामित्वमा रहने दासी। यो सम्भव छ यसबाट तिमीहरु अन्याय गर्नबाट बच्न सक्दछौ। )) कुर्आन\४:३

विश्वमा कुर्आन एक मात्र धार्मिक पुस्तक हो जसले यो दर्शाउँछ कि न्यायको शर्त पूरा गर्न नसक्दा एउटी श्रीमतीमा मात्र प्रतिबद्ध हुनुपर्छ। इस्लाम भन्दा पहिले, पत्नीहरूको संख्याको कुनै सीमा थिएन र धेरै पुरुषका त दर्जनौं पत्नीहरू थिए बरु सयौं पनि थिए। अनि जब इस्लाम आयो तब पत्नीहरूको संख्या चारमा मात्र सीमित गर्यो। इस्लामले एक व्यक्तिलाई दुई, तीन, वा चार महिलासँग विवाह गर्न अनुमति त दिन्छ तर यस शर्तमा कि व्यक्तिसँग रखरखाव, योग्यता र न्याय गर्न सक्ने क्षमता हुनु पर्छ, जुन प्राप्त गर्न सजिलो छैन।

(( وَلَنْ تَسْتَطِيعُوا أَنْ تَعْدِلُوا بَيْنَ النِّسَاءِ وَلَوْ حَرَصْتُمْ فَلَا تَمِيلُوا كُلَّ الْمَيْلِ فَتَذَرُوهَا كَالْمُعَلَّقَةِ وَإِنْ تُصْلِحُوا وَتَتَّقُوا فَإِنَّ اللَّهَ كَانَ غَفُورًا رَحِيمًا)) قرآن ٤ : ١٢٩

अर्थ: ((तिमीबाट यो सम्भव छैन कि आफ्ना सबै स्वास्नीहरुसँग चाहँदा चाहँदै पनि समान रुपले न्याय गर्न सक, तसर्थ एउटैतिर ढल्केर अर्कोलाई अधकल्चोमा नछोड्ने गर, यदि तिमि सुधार गर्दछौ र आत्मसंयमी बन्दछौ भने अल्लाह निश्चय नै ठूलो क्षमादाता र दयावान छन्।)) कुर्आन\४:१२९

प्रकृतिको नियम अनुसार पुरुष र महिला लगभग समान प्रतिशतमा जन्मेका हुन्छन्। र वैज्ञानिक रूपमा परिचित छ कि पुरुषहरू भन्दा स्त्री बच्चाहरूलाई बाँच्ने सम्भावना बढी हुन्छ। र युद्धमा पनि पुरुष हत्याको प्रतिशत महिलाहरूको तुलनामा बढी हुन्छ। यसै गरि वैज्ञानिक आधारले पनि ज्ञात छ कि महिलाहरूको औसत आयु पुरुषको औसत उमेर भन्दा बढी छ। यसले गर्दा पुरुष विधवाहरूको तुलनामा विश्वमा महिला विधवाहरूको प्रतिशतमा बृद्धि भएको देखिन्छ। अनि यसैले हामी

यस निष्कर्षमा पुग्नेछौं कि विश्वमा महिलाको जनसंख्या पुरुष जनसंख्या भन्दा बढी छ। यस अनुसार, अभ्यासिक रुपले हेर्दाखेरी प्रत्येक पुरुषलाई एक श्रीमतीमा सीमित गर्न उपयुक्त नहुन सक्छ।

समाजमा जहाँ बहुविवाह गर्न निषेध गरिएको छ, त्यहाँ एक पुरुषको लागि विवाह सम्बन्ध भन्दा बाहिरका धेरै सम्बन्ध र प्रेमिकाहरू हुनु सामान्य भएको पाउनुहुन्छ, र यसो अवस्थामा प्रेमिकाले आफू र आफ्ना बच्चाहरूको बिना कुनै अधिकार अपमानजनक र असुरक्षित जीवन बिताउँदछिन्। तर विडम्बनाको कुरो के छ भने कि यी समाजहरूमा बिना विवाह नै सम्बन्धहरू कायम गर्न वा लिगीक विवाह स्वीकार गर्न कुनै समस्या हुँदैन, त्यस्तै बिना कुनै स्पष्ट जिम्मेवारीको सम्बन्ध स्वीकार गर्न वा बिना आमा बुबा बच्चाहरुलाई पनि स्वीकार गर्न कुनै समस्या हुँदैन, तर यिनीहरुले पुरुष र एक भन्दा बढी महिला बीचको कानुनी विवाहलाई स्वीकार गर्दैनन्, जबकि इस्लाम यस विषयमा तत्वदर्शी छ कि महिलाको मर्यादा र अधिकारको संरक्षण गर्नको लागि बहुविवाहलाई अनुमति दिएकोमा स्पष्ट छ। र ती महिलाहरूको समस्या समाधान गर्न जुन अविवाहित पति पाउँदैनन् र उनीहरुको अगाडी विवाहित पुरुषसँग विवाह गर्नु बाहेक अरू विकल्प नै हुँदैन वा त प्रेमी हुन स्वीकार गर्नु पर्ने बाध्यता हुन्छ।

हो ! अवस्था जे सुकै होस्, तर विवाह बन्धनमा यो शर्त उल्लेख गरी कि पत्नी आफ्नो पतिको एक मात्र पत्नी हुन् भने महिलाले पाउनु पर्ने अधिकार हो। यो एक आधारभूत शर्त हो जसको पालना गर्नु पर्छ र तुड्नु हुँदैन।

आधुनिक समाजमा सबैभन्दा महत्वपूर्ण बुँदाहरूमध्ये एउटा बुँदा जसलाई बेवास्ता गर्न सकिन्दैन यो पनि हो कि इस्लामले महिलालाई जुन अधिकार दिएको छ त्यो पुरुषलाई दिइदैन। अतः पुरुषले अविवाहिता महिलासँग मात्र विवाह गर्न पाउँछ, जबकि महिलाले विवाहित वा अविवाहित दुबै प्रकारको पुरुषसँग बिहे गर्न पाउँछे र यो चाहि बच्चाहरूको वास्तविक पितासँग सम्बन्ध जोड्न र बच्चाहरूको अधिकारहरूको संरक्षण र तिनीहरूको बुबाबाट पैतृक सम्पत्तिमा अंश सुनिश्चित गर्नका लागि हो। तर इस्लामले एउटी महिलालाई विवाहित पुरुषसँग बिहे गर्न अनुमति दिन्छ जबसम्म उनीसँग चार भन्दा कम पत्नीहरू छन्। त्यसैले महिलासँग छनौट गरि रोज्न पुरुषहरू भन्दा धेरै ठाउँहरू छन्, र महिलाहरूले अर्को पत्नीलाई कसरी व्यवहार गर्ने र विवाह परियोजनामा कसरी प्रवेश गर्ने भनेर जान्ने अवसर पाउँछन् र श्रीमानको नैतिकताको बारेमा सचेत हुन्छन्।

## २०- इस्लाम प्रेम र सहयोगको धर्म हो

**अल्लाहले भन्नु भएको छः**

(( وَاعْتَصِمُوا بِحَبْلِ اللَّهِ جَمِيعًا وَلَا تَفَرَّقُوا وَاذْكُرُوا نِعْمَتَ اللَّهِ عَلَيْكُمْ إِذْ كُنْتُمْ أَعْدَاءً فَأَلَّفَ بَيْنَ قُلُوبِكُمْ فَأَصْبَحْتُمْ بِنِعْمَتِهِ إِخْوَانًا وَكُنْتُمْ عَلَى شَفَا حُفْرَةٍ مِنَ النَّارِ فَأَنْقَذَكُمْ مِنْهَا كَذَلِكَ يُبَيِّنُ اللَّهُ لَكُمْ آيَاتِهِ لَعَلَّكُمْ تَهْتَدُونَ )) قرآن ٣: ١٠٣

**अर्थः** (( सबै मिलेर अल्लाहको डोरीलाई दृढतापूर्वक समाति राख्नु र विभाजित नहुनु र अल्लाहको त्यस अनुकम्पालाई याद गर कि जब तिमी एक अर्काको शत्रु थियौ त उनले तिम्रा हृदयमा प्रेमको सृजना गरे र

उनको कृपाले तिमीहरु आपसमा भाई-भाई भै हाल्यौ र तिमी आगोको खाल्डो छेउ पुगिसकेका थियौ, त अल्लाहले तिमीलाई त्यसबाट बचाइहाले। यस प्रकार अल्लाहले तिमीलाई आफ्ना निशानीहरुको वर्णन गर्दछन् ताकि तिमी मार्गदर्शन प्राप्त गर्न सक। )) कुर्आन\३:१०३

(( وَتَعَاوَنُوا عَلَى الْبِرِّ وَالتَّقْوَى وَلَا تَعَاوَنُوا عَلَى الْإِثْمِ وَالْعُدْوَانِ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ شَدِيدُ الْعِقَابِ )) قرآن ٥: ٢

अर्थः (( संयमपूर्ण र भलाईका कामहरुमा एक अर्काको मद्दत गर्ने गर र गुनाह (अपराध) र अत्याचारका कुराहरुमा सहयोग नगर र अल्लाहसित डर मान्ने गर। निःसन्देह अल्लाह कठोर दण्ड दिनेवाला हुन्।)) कुर्आन\५:२

## २१- इस्लाम लोक परलोक दुबै जीवनमा सौभाग्य प्राप्त गर्न एक मात्र बाटो हो

अल्लाहले भन्नु भएको छः

(( إِنَّ الدِّينَ عِنْدَ اللَّهِ الْإِسْلَامُ وَمَا اخْتَلَفَ الَّذِينَ أُوتُوا الْكِتَابَ إِلَّا مِنْ بَعْدِ مَا جَاءَهُمُ الْعِلْمُ بَغْيًا بَيْنَهُمْ وَمَنْ يَكْفُرْ بِآيَاتِ اللَّهِ فَإِنَّ اللَّهَ سَرِيعُ الْحِسَابِ)) قرآن ٣: ١٩

अर्थः (( निःसन्देह अल्लाहको नजिक इस्लाम नै (साचो) धर्म हो र अह्ले किताबले ज्ञान प्राप्त गरिसके पछि आपसी रिस-रागको कारण विरोध गरेका हुन् र जुन मानिसले अल्लाहका आयतहरुलाई मानेनन्, अल्लाहले शिघ्र नै उसको हिसाब लिनेछन्। )) कुर्आन\३:१९

(( وَمَنْ يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَنْ يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ)) قرآن ٣: ٨٥

अर्थ: (( जो व्यक्ति इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन र उसले आखिरतमा घाटामा पर्ने मध्येको हुनेछ। )) कुर्आन\३:८५

## ३- पैगम्बर मुहम्मदको व्यक्तित्व प्रशंसा

इतिहास साक्षी छ कि धेरै व्यक्तिहरु यहाँसम्म कि गैर मुस्लिम नेताहरूरूले पनि पैगम्बर मुहम्मद (स० अ० व०) को प्रशंसा गर्न बाध्य भएका छन्। अनि यस प्रशंसाले गर्दा इस्लामको सन्देश प्रति झैं चासो बढाउँछ। निम्नमा केही यी विचारहरू छन्:

### - नेपोलियन बोनापार्ट

“मलाई आशा छ कि त्यो दिन आउनेछ जब सबै राष्ट्रका सबै बुद्धिजीवी, ज्ञानी र शिक्षित मानिसहरू, नोबल कुरआनको आधारमा एक एकीकृत, न्यायपूर्ण विश्व व्यवस्था स्थापना गर्नका लागि एक ठाउँमा भेला हुनेछन् जुन यस संसारमा एक मात्र सत्य हो, र त्यो मात्र हो जसले मानवजातिको उद्धारको लागि नेतृत्व गर्दछ। (किताब: नेपोलियन र इस्लाम, पेरिस १९१४)

---

### - महात्मा गान्धी

महात्मा गान्धीले "young india" अखबारलाई एक अन्तर्वार्तामा कुरा गर्दै पैगम्बर मुहम्मदको विशेषताको बारेमा यस प्रकार भनेका थिए:

"मैले एक व्यक्तिको विशेषताहरु जान्न चाहें जो बिना विवादास्पद लाखौं मानिसहरुको मुटुलाई जितेको छ। त पूर्ण रूपमा विश्वस्त भएं कि तरवार त्यस्तो माध्यम होइन जसको माध्यमबाट इस्लामले यो दर्जा प्राप्त गर्‍यो, बरु त्यो रसूल (मुहम्मद) को सरलता, वचनहरूमा उहाँको प्रतिबद्धता र ईमानदारी, आफ्ना मित्रहरू र अनुयायीहरूप्रति उनको समर्पण र निस्पक्षता र आफ्नो प्रभु र आफ्नो सन्देशमा पूर्ण विश्वाससंग उनको साहसको माध्यमबाट थियो। यी गुण र विशेषताहरू थिए जसले मार्ग प्रशस्त गर्यो र कठिनाइहरूलाई पार गरायो, तरवारले होइन। मैले "रसूलको जीवनी" को दोस्रो भाग पढ्न समाप्त गरेपछि उनको महान जीवनको बारेमा अधिक जान्नको लागि केही नपाएकोमा आफूलाई धेरै दुखी पाएं ।"

---

## - लामार्टिन

"हिस्ट्री अफ द टर्क्स" पुस्तकमा फ्रान्सेली कवि लामार्टिनले महान नेताका तीन उद्देश्यपूर्ण मापदण्ड राखेका छन्:

१- उद्देश्यको महानता

२- साधनको अभाव

३- उत्कृष्ट परिणामहरु

र त्यस पश्चात निम्न नतिजा निकालेका छन्:

"दार्शनिक (फिलासफर) - प्रचारक - दूत - शास्त्र संस्थापक - योद्धा - झूटा विचारहरुको विनाशक - तर्क र बुद्धिसँग मेलखाने विश्वास र बिना मूर्ति र चित्रहरुको उपासनालाई पुनर्जीवित गर्ने - २० सांसारिक

साम्राज्यहरू र एक आध्यात्मिक साम्राज्यका संस्थापक मुहम्मद हुन् - र ती सबै मापदण्डहरुलाई हेर्दा जसले मानिसहरूको महानताको नाप लिन सकिन्छ, हामी यो सोध्न सक्छौं कि उहाँभन्दा ठूलो कोही छ?"

---

## - एडवर्ड गिब्न

अंग्रेजी इतिहासकार एडवर्ड गिब्न भन्छन्: "कुनै पनि दार्शनिक (फिलासफर) जसले ईश्वरको अस्तित्वमा विश्वास गर्दछ, उसले मुहम्मदको परिचित विश्वासलाई मात्र स्वीकार गरि गर्न सक्छ, यो एउटा त्यस्तो विश्वास हो जुन सायद आजको समयमा हाम्रो विचारभन्दा उच्च छ।"

---

## - बॉसवर्थ स्मिथ

अंग्रेजी ओरिएंटलिस्ट बॉसवर्थ स्मिथ भन्छन्:

"मुहम्मदले आफ्नो जीवनको सुरुदेखि अन्तसम्म यसै कुराको परिचय दिएका छन् कि: उहाँ वास्तवमै ईश्वरको सन्देशवाहक हुन्। " (बॉसवर्थ स्मिथको किताब: एशियामा साहित्य - परिचय)

"मुहम्मद एकै समयमा एक राजनैतिक नेता र एक धार्मिक नेता थिए, तर उनीमा धार्मिक अन्य व्यक्ति जस्तै अहंकार थिएन, न त उनीसँग राजाहरू जस्ता फौज, सेना र विशेष गार्ड थिए, न त उनको दरबार वा निश्चित मठ बनाइएको थियो, यदि कसैले यो भन्न सक्छ कि उसले ईश्वरीय शक्तिले शासन गर्यो भने त्यो मुहम्मद हुन्। किनभने

उहाँले उपकरणहरू र जनताको समर्थन बिना नै सत्ता नियन्त्रण गर्न सक्षम हुनु भयो।"

## - एनी बिजान्ट

महिला अधिकारको क्षेत्रमा बेलायती लेखक र कार्यकर्ता एनी बिजान्टले भन्छिन्:

"महान अरबी पैगम्बरको जीवन र व्यक्तित्व: पाठकले यस सक्षम पैगम्बरको लागि श्रद्धा र महान ईश्वरको सबैभन्दा महान सन्देशवाहक मध्ये एक हुन् महसुस नगरी असम्भव छ, जसले जान्दछ कि उनी कसरी जीवन बिताए र कसरी उनले (आफ्ना अनुयायीहरूलाई) सिकाए। यद्यपि म तपाईहरुलाई धेरै कहाँ परिचित भएका धेरै कुराहरु भन्दछु, तर जब जब मैले यसलाई पुन: पढ्छु, तब तब म आफू भित्र एउटा नयाँ तरिकामा प्रशंसाको भावना पाउँछु र यो महान अरबी शिक्षकको लागि सम्मानको एक नयाँ भावना महसुस गर्छु।" (पुस्तक: मुहम्मदको जीवन र शिक्षाको बारेमा। वर्ष: १९३२, पृ० ४ )

## - जेम्स माइकनर

जेम्स माइकनरले पैगम्बरको व्यक्तित्वमा दयाका केही छविहरूको बारेमा कुरा गर्दछन्, पैगम्बरको सरलता, उनको मानवता, कुलीनता र दृढतालाई संकेत गर्दै भन्दछन्:

"यो मुहम्मद प्रेरणादायक मानिस हुन् जसले इस्लामको स्थापना गरे। उनी मूर्तिपूजा गर्ने अरबी गोत्रमा अनाथ जन्मिएका थिए जसले

गरीब, खाँचोमा परेका, विधवा, टुहुरा, दास र कमजोरहरूलाई प्रेम गर्थे। आफ्नो असाधारण व्यक्तित्व र चरित्रको साथ, मुहम्मदले अरब प्रायद्वीप र सम्पूर्ण पूर्वमा एक क्रान्ति ल्याए। उनले आफ्नै हातले मूर्तिहरू नष्ट गरे र एउटा यस्तो धर्म स्थापित गरे जुन एक ईश्वर तर्फ मात्र आमन्त्रित गर्दछ, उनले महिलालाई मरुभूमि परम्पराले लगाएको बन्धनबाट मुक्त गरे र सामाजिक न्यायको लागि आह्वान गरे, उनको अन्तिम दिनहरूमा उनलाई शासक, वा एक संत हुन प्रस्ताव गरियो तर उनले जोड दिंदै भने: कि उनी ईश्वरका भक्तहरुमध्ये मात्र एक सेवक हो जसलाई ईश्वरले डराउने वाला र शुभसूचक बनाएर संसारमा पठाउनु भएको छ।" (इस्लाम: धर्म जसलाई गलत सम्झिएको थियो। पाठकको डाइजेस्ट (अमेरिकी संस्करण) मेइ १९५५, पृ० ६८-७० )

---

## - माइकल हार्ट

माइकल हार्ट, एक खगोलविद्, गणितज्ञ र इतिहासकारले एक पुस्तक "१०० अमर व्यक्तिहरु" लेखेका थिए जसमा उनले मानव जातिमा सबैभन्दा बढी प्रभाव पार्ने पुरुषहरूको इतिहासमा अनुसन्धान गरे। यस पुस्तकमा उनले मानिसजातिका १०० सबैभन्दा प्रभावशाली पुरुषहरूको उल्लेख गरे। उनले जस मध्ये : ईसा (येशु) मसीह- मूसा - आसुस - अरस्तु- गौतम बुद्ध - कन्फ्युसियस - हिटलर - अफ्लातून - जोरोस्टर र अन्यलाई जिकिर गरे। उनले प्रभावको स्तरलाई आफ्नो मूल्यांकनको आधार बनाए, उनीहरूको प्रभावलाई एक अंकबाट सय

अंकसम्मको क्रममा वर्णन गरे र पैगम्बर मुहम्मदलाई पहिलो स्थानमा राखे। माइकल हार्ट भन्छन्:

"मुहम्मदको मेरो छनौट: विश्वका सबैभन्दा प्रभावशाली मानिसहरुको सूचीमा मुहम्मदलाई पहिलो नम्बरमा राख्ने मेरो रोजाइ, केही पाठकहरुलाई चकित पार्न सक्छ र केहीले यसको विरोध गर्न सक्छन्, तर उनी इतिहासमा एक मात्र मानिस थिए जसले धार्मिक र सांसारिक दुबै क्षेत्रमा उत्कृष्ट सफलता हासिल गरे।" (१०० अमर व्यक्तिहरु: पृ० ३३, माइकल हार्ट)

---

## - सरोजनी नायडू

भारतीय कवि सरोजनी नायडूले आफ्नो किताब (इस्लामका आदर्शहरू) मा भनेकिछिन्:

"इस्लाम लोकतन्त्रको माग र कार्यान्वयन गर्ने पहिलो धर्म हो। जब मस्जिदमा नमाजको लागि पुकारिन्छ र नमाज पढ्नेहरू भेला हुन्छन्, किसान र राजा सबैले "अल्लाहु अक्बर" भन्दै घुँडा टेक्दछन् भने दिनको पाँच पटक लोकतन्त्र लागु हुन्छ। र मलाई त्यो इस्लामिक एकता धेरै मन पर्यो कि जसले बारम्बार मानिसहरूलाई स्वभाविक रुपले भाई बनायो।"

---

**- थोमास कारबेल**

**किताब: (च्याम्पियनशिप र नायकको पूजा- लन्डन- १९५९) को लेखक थोमास कारबेलले भनेका छन् :**

**"एक व्यक्तिले एक्लै कसरी युद्ध गर्ने आदिवासी र घुमन्तेहरुलाई दुई दशक भन्दा कम अवधिमा एउटा सशक्त र सभ्य राष्ट्रमा एकीकृत गर्न सम्भव भयो ? "**

---

**- स्टानली ली पॉल**

**1854 ईस्वीमा जन्मेका बेलायती ओरिएंटलिस्ट तथा पुरातत्वविद् स्टानली ली पॉलले भनेका थिए: "मुहम्मद -सल्लल्लाहु अलैहि वसल्लम- अति दयालु र नम्र भावको थिए, बिरामीको हालखबर लिन जान्थिए, गरिबहरूलाई भेट्न जान्थे, दास र नोकरहरुको निमन्त्रणलाई स्वीकार गरे र उनले आफ्नो लुगा आफ्नो हातले मर्मत गरे। त्यसो भएको हुनाले -पक्कै पनि- उनि एक पवित्र पैगम्बर थिए, बेसहारा टुहुरो हुर्किएका थिए। यहाँसम्म कि एक महान अग्रगामी बनिहाले"। (किताब- तालिकाको साथ हदीसहरू - पैगम्बर मुहम्मदका शब्दहरू १८९३)**

---

**- जर्ज बर्नार्ड शॉ**

**लेखक जर्ज बर्नार्ड शॉले पैगम्बर मुहम्मदको विशेषता वर्णनको आफ्नो भनाईमा भने:**

"ह्यामीले उनलाई मानवताका उद्धारकर्ता भन्नुपर्दछ, र मलाई विश्वास छ कि यदि उहाँ जस्तो व्यक्ति फेला पर्‍यो र समकालीन संसारको नेतृत्व गर्दिएको भए, उसले संसारका सबै समस्याहरू त्यस्तो ढंगले समाधान गर्न सफल हुने थियो जसले इच्छित सुख र शान्ति ल्याउँदछ।" (वास्तविक इस्लाम, खण्ड ८, १९३६)

## ४ – सारांश

**इस्लाममा त्यस्तो कुनै कुरा छैन जुन मानिसहरूलाई नास्तिकतातर्फ डोर्याउँछ। इस्लाममा कुनै रहस्य पनि छैन जुन दिमागलाई भ्रमित गर्दछ। इस्लाम सरल र ठोस छ।**

- सत्य पूजनीय एक मात्र हुनुहुन्छ जसले सम्पूर्ण ब्रह्माण्डको सृष्टि गर्नुभयो र सबै प्राणीहरू महाप्रलयको दिनमा उहाँकै अगाडि भेला हुनेछन्।
- सृष्टिकर्ताले सम्पूर्ण समुदायलाई एउटा सन्देश पठाउनुभयो जुन एक सरल र स्पष्ट सन्देश र मुक्तिको मार्ग हो। त्यो यो हो कि: एक पुजनीय माथि विश्वास राख्नु र उनीकै मात्र पूजा उपासना गर्नु। आफ्नो समुदायमा पैगम्बरको उपस्थिति एक बत्ती सरह थियो जुन आफ्ना अनुयायीहरुका लागि बाटोलाई उज्वल पार्दछ र तिनीहरुलाई मुक्ति प्राप्त गर्नका लागि मार्ग देखाउँदछ। त्यो प्राप्त हुन्छ: यस पैगम्बरले दिएको शिक्षा र उनले गरेका कार्यहरूको अनुसरण गरी एक सृष्टिकर्ताको मात्र पूजा गरेर। त्यस्तो होइन जस्तो कि केही मानिसहरुले गलत बुझ्दोरहेछन् यो भनेर कि उनीहरूले ईश्वरको नजिक हुनका लागि आफ्ना पैगम्बरलाई एक मध्यस्था वा देवता बनाउनु पर्छ।
- इस्लाममा कुनै पुजारीको दल छैन, धर्म सबैको लागि हो। सम्पूर्ण मानिसहरु अल्लाहको अगाडि एक समान छन्, र तिनीले गरेका

कार्यहरु र यस संसारमा कमाएको (पुण्य र पाप) अनुसार जवाफदेही हुनेछन्। त्यहाँ जात र जाति बीच कुनै भिन्नता छैन।

- सृष्टिकर्ताको अधिकार हो कि उनीकै मात्र पूजा गरियोस्, र मानिसको अधिकार हो कि त्यसलाई आफ्नो सृष्टिकर्तासंग सीधा सम्बन्ध होस्।
- सबै बच्चाहरू (इस्लामी) प्रकृतिमा जन्मेका हुन्छन् र सानो बच्चा सधैं आफ्नो प्राकृतिक ज्ञान अनुसार आफ्नो सृष्टिकर्ताको मद्दत खोज्दै र आफू वरपरका कुनै हस्तक्षेप बिना उपासनामा उनीतिर नै प्रवृत हुन्छ। तर जब ऊ वयस्क हुन्छ भने आफ्नो विचार र विश्वास अनुसार आफ्ना कार्यहरु गर्नमा स्वन्त्र जिम्मेवार र स्वतन्त्रताको मालिक हुन्छ। अब कि त ऊ आफ्नो त्यसै वास्तविक प्रकृतिमा आबद्ध रहँदै आफ्नो सृष्टिकर्तालाई एक ठान्दछ कि त ऊ आफ्नो र सृष्टिकर्ताको बीचमा मध्यस्थता बनाएर धर्म, सम्प्रदाय र सिद्धान्त परिवर्तन गर्दछ। जबकि बच्चाको धार्मिक संस्कृति उसको वरपरको वातावरणबाट आउँदछ (जस्तै परिवार र शैक्षिक संस्था) जसको माध्यमबाट ईश्वरको बारेमा धारणा र अवधारणाहरू विकास हुन्छन् र सीधै उनको पूजा गर्ने विधिलाई निर्देशित गर्न सकिन्छ वा बच्चालाई दिइने शिक्षाको माध्यमबाट ईश्वरसँग मध्यस्थकर्ता र साझेदारहरू (जस्तै येशू मसीह, मेरी, बुद्ध, मूर्तिहरू, वा पैगम्बर मुहम्मद) लाई ठान्ने विधिमा लैजान सकिन्छ। त्यसकारण सानो बच्चाको धार्मिक विश्वास उसको सामाजिक वातावरणमा निर्भर

हुन्छ, जसले उसको भविष्यको उपासनाको मार्गदर्शन गर्नलाई सबैभन्दा ठूलो प्रभाव पार्दछ। यधपि ऊ ठूलो भएपछि धर्म रोज्ने स्वतन्त्र छ तैपनि, उसले सामाजिक विरासत परिवर्तन गर्न कठिनाइहरूको सामना गरिरहनेछ।

- त्यहाँ कुनै मूल पाप छैन, न त अरूले गरेको पापको मुक्तिको लागि निर्दोषले कुनै बलिदान दिनु पर्छ। ईश्वरले सम्पूर्ण व्यक्तिलाई उसको धार्मिकता र आत्मविश्वासको आधारमा परिक्षा लिनुहुन्छ।
- इस्लामले उत्तम आचरण, राम्रो नैतिकताका अपनाउने र नराम्रो व्यवहार बानीबाट बच्ने आह्वान गर्दछ, त्यसैले केही मुस्लिमहरूको नराम्रो व्यवहार चाहि उनीहरूको सांस्कृतिक चलन वा धर्मको अज्ञानताको कारणले हो।
- इस्लाम विज्ञानको विरुद्ध छैन। बरु हामीले यो याद राख्नु पर्छ कि ईश्वरमा विश्वास नगर्ने धेरै पश्चिमी विद्वानहरू आफ्नो वैज्ञानिक खोज गर्ने क्रममा सृष्टिकर्ताको अस्तित्व छ बन्ने पूर्ण विश्वासमा पुगेका थिए जसले उनीहरूलाई यस सत्यतर्फ डोऱ्यायो।
- इस्लाम नाम कुनै व्यक्ति, ठाउँ वा विशेष समूहसँग जोडिएको छैन, बरु यसले सारा संसारको सृष्टिकर्तासँगको सम्बन्धलाई झल्काउँछ।
- ईश्वर अल्लाहले पैगम्बर मुहम्मदलाई शुद्ध इस्लामको सन्देशका साथ सम्पूर्ण मानिसको लागि पठाउनुभयो।

(( قُلْ يَا أَيُّهَا النَّاسُ إِنِّي رَسُولُ اللَّهِ إِلَيْكُمْ جَمِيعًا الَّذِي لَهُ مُلْكُ السَّمَاوَاتِ وَالْأَرْضِ لَا إِلَهَ إِلَّا هُوَ يُحْيِي وَيُمِيتُ فَآمِنُوا بِاللَّهِ وَرَسُولِهِ

النَّبِيِّ الْأُمِّيِّ الَّذِي يُؤْمِنُ بِاللَّهِ وَكَلِمَاتِهِ وَاتَّبِعُوهُ لَعَلَّكُمْ تَهْتَدُونَ )) قرآن ٧: ١٥٨

अर्थः (( (नबी) तपाईले भनि दिनुस्: "हे मानिसहरु ! म तिमी सबैको लागि त्यस अल्लाह् बाट पठाइएको रसूल हुँ जो आकशहरु र धर्तीको राज्यको स्वामी हो। उनि बाहेक कोही सत्य पूज्य छैन, उनीले नै जीवन प्रदान गर्दछन् र उनैले प्राण लिन्छन्। तसर्थ अल्लाह् माथि ईमान ल्याउ र उहाँको नबी उम्मि माथि, जो स्वयं अल्लाह् तआला उनको आदेशमा आस्था राख्दछन्। उनको अनुसरण गर ताकि तिमी (सही) मार्ग पाउन सक।)) कुर्आन\७:१५८

(( وَمَا أَرْسَلْنَاكَ إِلَّا كَافَّةً لِلنَّاسِ بَشِيرًا وَنَذِيرًا وَلَكِنَّ أَكْثَرَ النَّاسِ لَا يَعْلَمُونَ)) قرآن ٣٤: ٢٨

अर्थः (( (हे मुहम्मद स० अ० व०) हामीले तपाईलाई सबि मानिसहरुको लागि शुभ-सूचना दिनेवाला र सावधान गर्नेवाला बनाएर पठाएका हौं, किन्तु यो सत्य हो कि धेरै मानिसहरुले बुझ्दैनन्।)) कुर्आन\३४:२८

- इस्लाम धर्म अँगाल्न सजिलो र सरल छ। सबै जे गर्नु पर्छ त्यो यो मात्र हो कि: अल्लाहको एकता र उनको पैगम्बर मुहम्मदको ईश्दुत्वको गवाही उनीमाथि ईमान (विश्वास) राख्ने गरि प्रसिद्ध वाक्य र वचनवद्ध हुनु पर्छ र त्यो वचन यो हो: ((<u>अश्हदु अल्लाइलाहा इल्लल्लाहु वह्दहू ला-शरीका लहु, व अश्हदु अन्ना</u>

मुहम्मदन अब्दुहू व रसूलुहू, व अश्हदु अन्ना रुसुलल्लाहि हक्कुन व अश्हदु अन्नल-जन्नता हक्कुन वन्नारि हक्कुन।))

अर्थ: म गवाही दिन्छु कि एक मात्र अल्लाह बाहेक कोही सत्य पूजनीय छैन उनको कोही साझेदार पनि छैन, र यो पनि गवाही दिन्छु कि मुहम्मद अल्लाहको भक्त र रसूल (संदेष्टा) हुन्। र गवाही दिन्छु कि अल्लाहका सम्पूर्ण संदेष्टाहरु सत्य हुन् र यो पनि गवाही दिन्छु कि स्वर्ग सत्य र नरक सत्य हो।